बूढीगण्डकी अगाडि बढ्यो, अब रोकिँदैन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ५९ • २०७९ साल साउन २ गते सोमबार (18 July, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## १२ वर्षदेखि यातायातमा यादवको रजाई

**टुडे समाचारदाता**

जनकपुरधाम ।यातायात व्यवस्था कार्यालय जनकपुरधाममा १२ वर्षदेखि एकजना कर्मचारी हल्लिएको छैन् ।यातायात कार्यालयमा सवारी साधनको मूल्यांकन गर्ने कामको जिम्मेवारी पाए पनि राकेश यादवले सबै फाँटको ठेक्का लिने गरेको बताइन्छ।

*यातायात कार्यालयमा राकेश यादवले नचाहेको काम हुन कठिन नै हुन्छ। यादवले गर्ने कामको 'लेनदेन' को विषय नटुंग्याइ अनेकौं लफडा खडा गर्ने आरोप सेवाग्राहीहरुको छ ।सेवाग्राहीले यादवको विषयमा कार्यालय प्रमुखलाई समेत शिकायतगर्दा यादवले कुनै फरक नपर्ने भन्दै धम्की दिने गरेको बताउँछन्।*

यातायात कार्यालयमा अवैध कार्य गराउन सक्रिय रहेका यादवले पछिल्लो समयमा प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रीलाई समेत प्रभावित पारेको बताइन्छ । नियमित रुपमा मन्त्रीजीको सेवा नगरी यातायातमा बस्न नपाइने उनी सगर्व बताउने गर्छन् ।

मधेश प्रदेश सरकारमा हाल नेपाली कांग्रेसका नेता रामसरोज यादव भौतिक पूर्वाधार तथा यातायात मन्त्री छन् ।यस अघि लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)का नेता जितेन्द्र सोनल भौतिक पूर्वाधार तथा यातायात मन्त्री रहेका थिए ।तर राकेश यादव दुबै दलका नेता मन्त्री भएको बेला उतिकै 'फिट' देखिएका छन् ।

यातायात कार्यालयबाट झण्डै पाँच सय स्मार्ट लाइसेन्स खेतमा फालिएको थियो ।त्यो प्रकरणमा पनि यादवको संलग्नता रहेको बताइए पनि छानबिनको रिर्पोट भने सार्वजनिक गरिएन् ।

किसानहरुले धान काट्न गएको बेला खेतमा स्मार्ट कार्ड लाइसेन्स फेला पारेका थिए । यातायात मन्त्रालय र कार्यालयले त्यसको छानबिन गराउने भनेका थिए ।यादवले मोटो रकम लेनदेन नगरी छानबिनको प्रक्रियालाई नै बन्द गराएका थिए ।

'खाउ र खुवाउ' भन्ने मूलमन्त्र जपेको बताउने यादवले मन्त्रीलाई समेत कमाउ मान्छे चाहिएको खुल्ले आम बताउने गरेका छन् ।एकजना सेवाग्राहीले भने, 'यातायातमा राकेश सरको दादागिरी छ।'उनले दाबी गरे अनुसार जनकपुरधामबाट आफैले नचाहे सम्म सरुवा गने हैसियत कसैकोमा छैन् ।

यादवको कारण यातायात कार्यालय कुख्यात भएको कर्मचारीहरुले महसुस गरे पनि कार्यालय प्रमुख भन्दा शक्तिशाली रहेकाले कसैले छुन नसकेको बताउँछन् ।यादवले कयौं पटक सेवाग्राहीहरुसित कुटाकुट समेत गरेका छन् ।

यादवको कारण कार्यालयमा दिनहुँ विवाद हुने गरेको कर्मचारीहरु बताउँछन् ।हुने काममा पनि सेवाग्राहीहरुलाई अनावश्यक दुख दिएर अवैध रुपमा रकम लिने गरेको उनीमाथिको आरोप पुरानै छ ।तर उनले कार्यालयमा केही लेखन्दासको माध्यमबाट रकम लिने गरेको बताइन्छ ।

यादव कर्मचारी युनियनको उपाध्यक्ष र धर्मराज पौडेल अध्यक्ष रहेका छन् ।दुवै जनाले लेनदेनको आधारमा राजनीतिक तालमेल मिलाउने गरेको बताइएको छ।

### बजेट कार्यान्वयन सुरु

## साउन देखि बोलपत्र आह्वान, कात्तिक देखि काम

**टुडे समाचारदाता**

काठमाण्डु । चालु आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन आइतबारदेखि सुरु भएको छ। गत आर्थिक वर्ष २०७८/७९ मा बजेट कार्यान्वयनमा कमजोर देखिएको सरकारले आगामी आवका लागि मार्गदर्शन जारी गरेको छ।

अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनीले बजेट कार्यान्वयन गर्ने निकायहरुका लागि मार्गदर्शन जारी गरेका छन् । मार्गदर्शन अनुसार स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरण पुरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजनसहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आह्वान गरिसक्नु पर्ने भएको छ । २०७९ असोज मसान्तभित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौता गर्नु पर्ने छ।

ठेक्का सम्झौता भएको १५ दिन (१५ कात्तिक) भित्रै काम सुरु गरिसक्नु पर्ने भएको छ। मन्त्रालय/निकाय मातहत पूँजीगत खर्च गर्ने कार्ययोजना (जिम्मेवार पदाधिकारीको नाम सहित) समेत असोज मसान्तभित्र तयार पारी त्यसको मासिक अनुगमन सरोकारवाला निकायले गर्नुपर्ने मार्गदर्शनमा उल्लेख छ।

विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजना कार्यान्वयनमा लैजान पाइने छैन । त्यस्तो आयोजना अगाडि बढाएमा स्वयम् अधिकारी नै जिम्मेवार हुने अर्थसचिव मरासिनीद्वारा जारी मार्गदर्शनमा उल्लेख छ। विनियोजित कार्यक्रम/आयोजनामा नपरेका आयोजना र कार्यक्रमलाई बजेट, निकासा, रकमान्तर तथा कार्यक्रम संशोधनको माग समेत गर्न पाइने छैन । त्यसरी माग भई आएमा समेत निकासा नदिने मार्गदर्शनमा उल्लेख छ।

निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायत अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति, प्रचलित कानून अनुसार गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृतलगायत आयोजना पूर्वतयारीका काम पूरा गरेर मात्र खरिद प्रक्रिया सुरु गर्नुपर्ने मागदर्शनमा उल्लेख छ।

मार्गदर्शन अनुसार बजेट कार्यान्वयन गने निकायले निर्माण व्यवसायीमाथि पुरस्कार र दण्डको नीति लिनु पर्ने भएको छ।

तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमा भित्र निर्माणको काम सम्पन्न गने व्यवसायीलाई वित्तीय तथा गैरवित्तीय प्रोत्साहन दिनु पर्नेछ। काम नगर्ने कर्मचारीमाथि कानून अनुसार कारबाहीको प्रक्रिया अगाडि बढाएर सम्झौता रद्द गर्नुपर्ने भएको छ।

आयोजना प्रमुखसहित अन्य कर्मचारीको समेत स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचक, अधिकार र उत्तरदायित्वसहित आयोजनामा खटाउनु पने भएको छ। कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमानदारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धिको अभिलेखलाई आधार मान्नु पर्ने समेत मार्गदर्शनमा उल्लेख छ।

यसै मार्गदर्शनमार्फत अर्थ मन्त्रालयले वैदेशिक सहायतातर्फ बजेटरी सहायताको पहिलो त्रैमासिक बजेट फुकुवा गरेको छ।

कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजना र आईडीए/डीपीसी, आईएमएफ/ईसीएफ, एडीबीएल/पीबीएल, युरोपियन युनियनलगायत बजेटरी सहायतातर्फको पहिलो त्रैमासिक बजेट फुकुवा गरिएको सचिव अधिकारीले जनाएका छन्।

बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गराउनु पर्ने भएको छ । सडक, पुल, बाँध, सिंच्चाइ नहरजस्ता लामो समयसम्म सञ्चालनमा रहने ५ करोड भन्दा माथिका पूर्वाधार आयोजनाको मर्मत ५ वर्षसम्म निर्माण कम्पनीबाटै हुनुपर्ने व्यवस्था मिलाउन समेत अर्थले मागदर्शन गरेको छ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने निर्देशिका २०७१ अनुसार मालसामान तथा वस्तु खरीद गर्ने व्यवस्था मिलाउन समेत भनिएको छ।

सडक निर्माणको ठेक्का आह्वान गर्दा खाने पानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एकै प्याकेजमा समावेश गरी बोलपत्र आह्वान गरी कार्यान्वयन गराउनु पर्ने छ । आयोजना कार्यान्वयन शीघ्र बनाउन निर्माण व्यवसायीले काम दुई सिफ्टमा गर्नुपर्ने व्यवस्था मिलाउनु पर्छ।

अर्थ मन्त्रालयले दोस्रो चौमासिकसम्म थप निकासा नदिने भएको छ । तर, विपद, मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा भने थप निकासा रोकिने छैन। राष्ट्रिय गौरवको आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्काका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाका लागि विनियोजन भएको रकमबाट अन्यत्र रकमान्तर गर्न पाइँदैन।

अर्थ मन्त्रालयको सहमतिविना अनिवार्य दायित्व (तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडालगायत) बाट खर्च शीर्षकमा अन्यत्र रकमान्तर गर्न नपाइने समेत अर्थले स्पष्ट पारेको छ।

अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेका कारण सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा समेत नहुने अर्थको भनाइ छ। पूँजीगत र वित्तीय वयवस्थातर्फको विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइदैन।

**गाडी नकिन्ने**

मार्गदर्शन अनुसार सरकारी कार्यालयले यस आवमा चार पांग्रे सवारी साधन खरिद गर्ने छैनन् । मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन अनिवार्य रुपमा लिलामी गर्ने व्यवस्था मिलाउनु पर्ने भएको छ।

सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि खाली भएको भवनलाई प्राथमिकता दिनु पर्ने र भाडामा लिँदा न्यूनतम आवश्यकता र सुविधा भएको घर भाडामा लिनु पर्ने समेत मार्गदर्शनमा उल्लेख छ।

परामर्शदाता नियुक्त गरी कार्य सम्पादन गराउनुको साटो आफ्नै जनशक्तिको उपयोगमा जोड दिन समेत अर्थले भनेको छ। वैदेशिक भ्रमणमा अर्थको सहमति अनिवार्य गरिएको छ।

## नयाँ पार्टी गठन गर्दै डा. भट्टराई

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालको पुनर्गठनका लागि आह्वान गरेका संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराईले अन्ततः आफ्नै नेतृत्वमा नयाँ पार्टी गठन गर्ने गृहकार्य सुरु गरेका छन्।



जसपाको वीरगञ्जमा बसेको केन्द्रीय समितिको बैठकले अध्यक्ष भट्टराईसहित नौजनालाई पार्टीबाट कारबाही गरेको छ। सो कारबाहीलाई खारेज गर्दै अध्यक्ष भट्टराईले असार ३० गते एक विज्ञप्ति जारी गरी जसपा पुनर्गठन गर्न आह्वान गरेका थिए। जसपालाई नै पुनर्गठन गर्ने आह्वान गरे पनि उनले भित्रैभित्रै नयाँ पार्टी गठनको तयारी सुरु गरिसकेको स्रोतले जनाएको छ।

बाबुराम पक्षका एक नेताले भने, 'शनिबारको बैठकले नयाँ पार्टी नै बनाएर अगाडि बढ्ने निर्णय भइसकेको छ। कस्तो पार्टी बनाउने त्यसको बारेमा कुरा टुंग्याउन बाँकी छ । बाबुरामजी आज गोरखा जानु भएको कारणले बैठक बसेन, सोमबार बस्ने बैठकले सायद सबै कुराको टुङ्गो लगाउने छ।'

पार्टीको नामदेखि विधानबारेमा भोलि बस्ने बैठकले तय गर्ने उनको भनाइ थियो । 'हाम्रै पक्षमा रहनुभएका एकजना नेताले निर्वाचन आयोगमा पार्टी दर्ता गरेर राख्नुभएको छ । आवश्यकता परेमा त्यसलाई पनि प्रयोग गर्न सकिन्छ,' ती नेताले भने । निर्वाचनको मुखमा नयाँ पार्टी दर्ता गराउन आयोगले नमाने यसअघि निर्वाचन आयोगमा दर्ता भएको पार्टीलाई नै प्रयोगमा ल्याउने बाबुरामको तयारी छ।

नयाँ पार्टीका लागि विभिन्न नामहरू प्रस्ताव भएका छन् । त्यसमाथि पनि छलफल भइरहेको छ । संघ र प्रदेशको चुनावमा भाग लिने गरी पार्टी दर्ता गराउने सोच डा. भट्टराईको छ। 'जसपा नेपाललाई नै पुनर्गठन गर्नेतिर लाग्यो भने त्यहाँ कानूनी झन्झट हुन्छ। अनेक लफडा आइलाग्छ। त्यतिबेलासम्म आफूसँग चुनाव लड्ने पार्टी नहुनसक्छ,' ती नेताले भने । त्यसैलाई मध्यनजर गर्दै बाबुराम पक्षले जसपालाई पुनर्गठन गर्ने झन्झट छाडेर नयाँ पार्टी गठनकै गृहकार्यमा जुटेको छ।

अहिले पार्टीमा एकजना संयोजक र आयोगको आवश्यकता अनुसार अन्य पदाधिकारीहरू राखेर पार्टी दर्ता गराउने बाबुराम भट्टराई पक्षको सोच रहेको छ । पार्टी गठन भइसकेपछि थप छलफल गरेर पार्टीको संरचना निर्माण गर्ने बाबुराम पक्षको तयारी छ।

पार्टीमा महिन्द्रराय यादवलाई उचित स्थान दिइनेछ । पार्टीको संरचनाबारे दुईजनाको बीचमा छलफल भएपछि मात्र संरचना तयार हुने एक नेताले बताए । पार्टीको संयोजक बाबुराम भट्टराई नै रहने निश्चित छ। महेन्द्र राय यादवलाई वरिष्ठ नेता, संघीय परिषद्का अध्यक्ष वा उनकै सल्लाहमा कुनै पद दिन सकिने गृहकार्य भइरहेको बताइएको छ।

जसपा बाबुराम पक्षका कार्यकारिणी सदस्य प्रशान्त सिंहले भने, 'अहिले कुनै कुराको टुङ्गो लागेको छैन । नेताहरूको बीचमा आन्तरिक छलफल चलिरहेको छ केही दिनमा सबै कुराको टुङ्गो लागि हाल्छ।' भट्टराईले जसपा पुनर्गठनका लागि आह्वान गरेका कारण पहिलो प्रयास त्यसकै लागि हुने उनको भनाइ छ। 'त्यो नभएपछि मात्र अर्को विकल्पमा जाने सोच्न सकिन्छ,' उनले भने।

बाबुराम पक्षका नेताहरूले अझै पनि आफूहरूसँग ४० प्रतिशत बहुमत रहेको दाबी गर्दै आएका छन् । पार्टी विभाजन वा अर्को नयाँ पार्टी गठन गर्नेबेलासम्म यो संख्या सार्वजनिक गर्ने गरी नै आउने सो पक्षका नेताहरूले दाबी गरेका छन्।

वीरगञ्ज बैठकपछि थप केही नेताहरू बाबुराम भट्टराईको सम्पर्कमा आएका छन् । ८-१० सांसदहरू पनि सम्पर्कमा छन् तर कारवाहीको डरले खुलेका छैनन्। चुनावको मिति घोषणापछि अन्य नेता तथा सांसद खुलेर आउने बताइएको छ।

## साना हतियार सहित १ सय २८ जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशका ८ जिल्लामा दुई आर्थिक वर्षमा ६८ वटा साना हतियार सहित १ सय २८ जनालाई पक्राउ गरिएको छ।

आर्थिक वर्ष २०७७/७८ मा ३६ वटा साना हतियार, त्यसमा लाग्ने ३४ वटा गोली र ८ वटा म्याग्जिन तथा चालु आर्थिक वर्षको जेठसम्म ३२ वटा साना हतियार, त्यसमा लाग्ने ४८ वटा गोली र ५ वटा म्याग्जिन बरामद भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा १६ वटा ठूला हतियार र त्यसमा लाग्ने ५१ वटा गोली बरामद भएको छ। चालु आर्थिक वर्षको जेठसम्म ९ वटा ठूला हतियार र त्यसमा प्रयोग हुने ५ वटा गोली बरामद भएको छ।

यी हतियारसहित दुई वर्षमा १ सय २८ जना पक्राउ परेका छन्। आर्थिक वर्ष २०७७/७८ मा ७५ जना पक्राउ पर्दा चालु आर्थिक वर्षको जेठसम्म ५३ जना पक्राउ परेको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जानकारी दिएको छ।

जिल्लागत हेर्ने हो भने आर्थिक वर्ष २०७७/७८ मा सप्तरीबाट दुई साना हतियार त्यसमा प्रयोग हुने दुई गोली र दुई ठूला हतियारसहित पाँच जना, सिरहाबाट १० साना हतियार र नौ राउण्ड गोलीसहित १६ जना, धनुषाबाट ६ साना हतियार त्यसको एक राउण्ड गोली र दुई ठूला हतियारसहित ११ जना, महोत्तरीबाट ४ साना हतियार त्यसमा लाग्ने ८ राउण्ड गोली, एउटा ठूलो हतियार र त्यसमा लाग्ने ४ राउण्ड गोलीसहित ८ जना पक्राउ परेका छन्।

यस्तै, सर्लाहीबाट तीन साना हतियार, त्यसमा लाग्ने दुई राउण्ड गोली, ठूला हतियारका तीन राउण्ड गोलीसहित आठ जना, रौतहटबाट तीन साना हतियार, त्यसमा लाग्ने एक राउण्ड गोलीसहित तीन जना, बाराबाट तीन वटा साना हतियार र त्यसमा लाग्ने चार राउण्ड गोली, सात ठूला हतियार र त्यसमा लाग्ने ४३ राउण्ड गोलीसहित आठ जना तथा पर्साबाट पाँच थान साना हतियार, त्यसमा लाग्ने चार राउण्ड गोली, एउटा ठूला हतियार र त्यसमा प्रयोग हुने चार राउण्ड गोलीसहित १६ जना पक्राउ परेका छन्।

चालु आर्थिक वर्षको जेठसम्म सप्तरीबाट दुई साना हतियार, त्यसमा प्रयोग हुने १६ राउण्ड गोलीसहित दुई जना, सिरहाबाट एक थान ठूलो र एक थान सानो हतियारसहित दुई जना, धनुषाबाट ६ वटा साना हतियार, त्यसमा प्रयोग हुने ६ राउण्ड गोली, ठूला हतियारका एक राउण्ड गोलीसहित सात जना, महोत्तरीबाट दुई साना हतियारसहित दुई जना पक्राउ परेका छन्।

सर्लाहीबाट सात वटा साना हतियार, त्यसमा प्रयोग हुने आठ राउण्ड गोलीसहित ६ जना, रौतहटबाट तीन थान साना हतियार, त्यसमा प्रयोग हुने दुई राउण्ड गोली, दुई वटा ठूला हतियार र त्यसमा प्रयोग हुने तीन राउण्ड गोलीसहित नौ जना, बाराबाट ६ वटा साना हतियार, त्यसमा प्रयोग हुने चार राउण्ड गोली, चार वटा ठूला हतियार र त्यसमा प्रयोग हुने एक राउण्ड गोलीसहित १३ जना तथा पर्साबाट पाँच वटा साना हतियार, त्यसमा प्रयोग हुने १२ राउण्ड गोली, दुई वटा ठूला हतियारसहित एक जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी प्रमुख डीआइजी मसऊद आलम खाँ खुल्ला सीमाना भएका कारण साना हतियार भारतबाटै बढी आइरहेको बताए।



# प्रादेशिक अस्पतालले १ सय ३२ कर्मचारी हटाए

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरधामले १ सय ३२ जना करारका कर्मचारी हटाएका छन् । आइतबारदेखि मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान अन्तरर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरधामका १ सय ३२ कर्मचारीलाई हटाइएको छ ।

प्रतिष्ठानले ०७७ कार्तिक २५ गते पछि नियुक्ति भएकाहरु मध्ये तत्कालीन अस्पताल व्यवस्थापन तथा संचालन समितिबाट अनुमोदन नभएका सम्पूर्ण करारका कर्मचारीको म्याद थप नभए सम्मको लागि हाजिरी नगर्न सूचना प्रकाशित गरेका छन् । सो अवधिमा भर्ना भएका करारका कर्मचारीलाई आइबारदेखि हाजिरी तथा कामकाज नगर्न नगराउने प्रतिष्ठानले सूचनामार्फत जानकारी गराएको छ ।

'प्रस्तुत विषयमा यस प्रादेशिक अस्पताल, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा मिति २०७७।०७।२५ गते पछिका नियुक्तिहरु मध्ये तत्कालीन अस्पताल व्यवस्थापन तथा संचालन समितिबाट अनुमोदन नभएका सम्पूर्ण कर्मचारीहरुलाई आगामी आ.व. २०७९।०८० को श्रावण १ गते देखि म्याद थप नहुँदासम्म कार्यालयमा हाजिर नगर्न/नगराउन साथै कामकाज नगर्न/नगराउन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ,' अस्पताल प्रशासन प्रमुख कृष्णदेव दासले निकालेको सूचनामा उल्लेख छ ।

यसैबीच, निकालिएको कर्मचारीहरुले आपत्ति जनाएका छन् । उनीहरुले २४ घण्टाभित्र पुनः नियुक्त गर्न माग गरेका छन् । कर्मचारीलाई कुनै जानकारी र छलफल नगरी हटाएको विज्ञप्ति मार्फत जनाएका छन् । पुनः नियुक्ति नभए कडा आन्दोलन गर्ने कर्मचारी संघर्ष समितिले चेतावनी दिएको छ ।

उनीहरुले प्रदेश सरकार, प्रहरी प्रशासन र राजनीतिक दललाई हटाइएको प्रति ध्यानाकर्षण गराएका छन् । 'अस्पतालको दोहोरो चरित्र देखिएको छ । एकतर्फ आइतबारदेखि १ सय ३२ जना करारका कर्मचारीलाई हटाएको छ । अर्को तर्फ आइतबार नै फेरि सोही संख्यामा सोही पदका कर्मचारी माग गरेका छन् । हटाउनु नै छ भने फेरि कर्मचारी भर्नाको सूचना किन निकाल्नु पर्‍यो,' संघर्ष समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# कार्यविधि संशोधन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले संसदीय क्षेत्र विकास कार्यक्रमको कार्यविधि संशोधन गर्ने भएको छ ।

चालु आर्थिक वर्षमै प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन हुने भएकोले त्यसलाई मध्यनजर गर्दै मधेश प्रदेश सरकारले उक्त कार्यक्रमको कार्याविधि संसोधन गर्न लागेको हो ।

मधेश प्रदेश सरकारका प्रवक्ता तथा अर्थ मन्त्री शैलेन्द्रप्रसाद साहका अनुसार संसदीय क्षेत्र विकास कार्यक्रमको कार्यविधिलाई संशोधन गर्न साउन मसान्त भित्रमा सांसदहरुले योजना छनोट गरी सम्बन्धित निकायमा बुझाउने प्रावधान राखिने छ भने सांसदहरुलाई ठूल ठूला योजना राख्ने प्रावधान राखिने छ ।

अहिले प्रदेश सांसदहरुले पुस मसान्त सम्म योजना छनोट गरेर मात्रै सम्बन्धित निकायमा बुझाउने गरेका थिए । मन्त्री साहले अव बस्ने मन्त्रिपरिषद्को वैठकमा संसदीय क्षेत्र विकास कार्यक्रमको कार्यविधि संशोधन सम्बन्धी प्रस्तावमा निर्णय हुने बताए ।

यो वर्षमै प्रदेश सभाको निर्वाचन हुने भएकोले चुनाव अघि नै योजनाहरु सम्पन्न गर्न सक्ने उद्देश्यले सांसदहरुले कार्यविधि संशोधनमा जोड दिएका छन् । यसै वर्षमा प्रतिनिधि र प्रदेश सभाको निर्वाचन हुने भएकोले संघीय सरकारसहित अधिकांश प्रदेश सरकारले संसदीय क्षेत्र विकास कार्यक्रम चालु आर्थिक वर्षमा हटाएको छ । तर मधेश प्रदेश सरकारले आलोचना पछि पनि चालु आर्थिक वर्षमा यो कार्यक्रमलाई निरन्तरता दिएको छ ।

# छानबिन समितिले प्रमाण जुटाउन सकेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम । महिला बालबालिका तथा सामाजिक न्याय समितिले बिरामीको उपचारमा लापरवाही गर्ने चिकित्सक बारे प्रमाण जुटाउन सकेका छैनन् ।

महोत्तरी,जलेश्वरनगरपालिका-२ की विभा चौधरी गर्भवती हुँदा पनि पथरीको शल्यक्रिया गरी लापरवाही गर्ने चिकित्सक बारे समितिले प्रमाण जुटाउन सकेका छैनन् ।

असार २१ गते प्रदेशसभा बैठकमा सांसदहरुले चिकित्सकको लापरवाहीले चौधरीको ज्यान थप जोखिममा परेको भन्दै छानबिन समिति गठन गरी दोषी चिकित्सकलाई कारवाही गर्न माग गरेका थिए ।

त्यसपछि सभामुख सरोजकुमार यादवले उक्त समितिलाई छानबिन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिएका थिए । निर्देशन दिएका १२ दिन बितिसक्दासमेत समितिले चिकित्सकको लापरवाही बारे आवश्यक कागजात जुटाउन नसकेको समितिका सभापति जयनुल राइनले बताए ।

बिरामी चौधरी अहिले काठमाण्डुस्थित मेडिसिटी अस्पतालमा उपचाररत छिन् । समितिका सदस्यहरु असार २८ गते उक्त अस्पतालमा गइ बिरामी र चिकित्सकसँग भेटघाट गरेका थिए ।

सो क्रममा समितिले अस्पतालसँग प्रमाण स्वरुप कागजात माग गरेका थिए । 'हामी उपचार भइरहेको अस्पतालमै पुगेर बिरामी र उपचार गरिरहेका चिकित्सकहरुसँग भेटघाट गरेका थियौं,' उनले भने,'हामीले बिरामीको स्वास्थ्य कुन कारणले थप बिग्रिएको विषयमा प्रमाण स्वरुप कागजातहरु माग गरेका थियौं । तर उनीहरु दिन मानेन ।'

बिरामीको उपचार सकेपछि मात्रै अस्पतालले उक्त कागजात दिने सभापति राइनले जानकारी दिए । अस्पतालले समतिलाई अहिले सम्म कुन कुन उपचार गरेको कुन मेडिसन दिइएको बारेमा मात्रै जानकारी गराएका छन् ।

उनका अनुसार समितिले मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहसँग पनि स्पष्टीकरण र कागजात लिएका छन् । तर एकै पक्षको कागजातले दोषी छुट्याउन नसकिएको उनले बताए । 'उपकुलपतिसँग पनि हामीले भेट्यौं । उनीहरुले दिएको काजगात र स्पष्टीकरणको आधारमा दोषी छुट्याउन सक्ने अवस्था छैन,' उनले भने,'स्पष्टीरकणमा आंशिक त्रुटि देखाइएपनि बचाउ गरिएको छ ।' उपकुलपति साहले दिएको स्पष्टीरकरणमा गर्भवती भएको ३/४ महिना सम्म शल्यक्रिया गर्दा खासै असर नपर्ने उल्लेख गरिएको छ ।

समितिलाई दिइएको समयमा प्रतिवेदन पूर्ण हुन नसक्ने उनले बताए । समय थपको लागि समितिले माग गर्ने तयारी गरेको उनले जनाए । उपचार पुराभएपछि प्रमाण आउन सक्ने देखिएको हुनाले सभामुखसँग समय माग गरिने उनको भनाइ छ ।

प्रादेशिक अस्पताल जनकपुरधामका चिकित्सक डा. राजेश साह र डा.आश्विनी यादवले चौधरी गर्भवती भएपनि पत्थरीको शल्यक्रिया गरेको आरोप छ । उनीहरुले असार १२ गते विभा चौधरी गर्भवती भएपनि पित्तथैलीको पथरी हटाउन शल्यक्रिया गरेका थिए । फागुनमै गरेको भिडियो एक्सरेको रिपोर्टको आधारमा असार दोस्रो साता उनीहरुले शल्यक्रिया गरेका थिए । सरकारले विभिन्न घटनाको विषयमा छानबिन समिति बनाएपनि प्रभावकारी देखिएको छैन् ।

# २४ घण्टे अस्पतालको शुभारम्भ




**टुडे समाचारदाता**

जलेश्वर । आइतबार महोत्तरीको पिपरा गाउँपालिकामा २४ घण्टे जनता आकस्मिक (इमरजेन्सी) सेवा शुभारम्भ भएको छ । पूर्व कृषि मन्त्री हरिनारायण यादवले अस्पतालको उद्घाटन गरेका थिए ।

सो अवसरमा उनले गाउँवासीको लागि खुसीको खबर रहेको कारण अब आफ्नै ठाउँमा २४ घण्टे आकस्मिक (इमरजेन्सी) सेवा संचालनमा आएकाले बाहिर जानुपर्ने बाध्यता हटेको बताए ।

पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शम्भु ठाकुरले २४ घण्टे आकस्मिक (इमरजेन्सी) सेवा पहिलाको भन्दा अहिले योजनाबद्धरुपमा संचालनमा भएको र यो नगरवासीको लागि एकदमै लाभदायक सिद्ध हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा अस्पतालका डा.आशिस साहले आउने दिनमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको समन्वयमा विज्ञ डाक्टरहरुलाई यस अस्पतालमा निरीक्षण गराउने जानकारी दिए

यस अस्पतालमा ओपिडी, इमर्जेन्सी, ब्लड चेक जाँच, प्रसूती सेवा सहित सयौं वेडहरुको सुविधा सहित इमर्जेन्सी सेवा संचालनमा ल्याइएको डा.साहले बताए ।

# कोभिडका कारण हुन नसकेको बोलबम मेला यसवर्ष हुने

चितवन, कोभिड-१९ का कारण विगत दुई वर्षदेखि हुन नसकेको बोलबम मेला यसवर्ष हुने भएको छ । देवघाट धाममा बोलबम मेलाको तयारी अन्तिम चरणमा पुऱ्याइएको छ । चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थल देवघाटमा साउनको सोमबार उत्सवका रुपमा मनाइने बोलबम मेलाका लागि आवश्यक तयारी पूरा भएको जनाइएको छ ।

देवघाट क्षेत्र विकास समितिका अध्यक्ष बद्री अधिकारीले देवघाट क्षेत्रलाई उज्यालो पारिएको बताउनुभयो । "भक्तजन धेरै आउने भएकाले स्नान क्षेत्र तथा भक्तजन बस्ने ठाउँलाई उज्यालो बनाउन बत्ती जडान गरेका छौँ", उहाँले भन्नुभयो । बोलबम मेला अवधिमा करिब एक लाख ५० हजार भक्तजन आउने अनुमान गरिएको छ । मेला भर्न अन्य सोमबार २० हजार हाराहारी र अन्तिम सोमबार ५० हजारभन्दा बढी भक्तजन आउने कार्यकारी निर्देशक धीरणबाबु घिमिरेले जानकारी दिनुभयो ।

घिमिरेले भक्तजनको सुरक्षाका लागि चितवन र तनहुँ प्रशासन तथा प्रहरीसँग समन्वय गरिएको बताउनुभयो । स्नान क्षेत्रमा उद्वारका लागि बोटे समाज, शसस्त्र र नेपाली सेनाका उद्वारक टोली परिचालन गरिने छ । स्नान गर्ने ठाउँमा डुङ्गा र तालिम प्राप्त सुरक्षाकर्मी तैनाथ गरिने छ ।

देवघाट क्षेत्र विकास समितिले चितवन र तनहुँतर्फ राखेका सचिवालयबाट जनचेतनामूलक जानकारी तथा सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ । सोमबार बिहानै स्नान गर्नका लागि आइतबार साँझ देवघाट जाने भक्तजनलाई गलेश्वर, हरिहर, महेश आश्रमलगायतका आश्रम तथा मन्दिरले निःशुल्क खाना तथा बसोबासको व्यवस्था मिलाएको छ ।

सोमबार हुनसक्ने भीडलाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले जाने-आउने रुट निर्धारण गरेको छ । आँपटारी हुँदै देवघाट जाने सडकमा स्नान गरेका भक्तजनलाई मात्रै फर्किन मिल्ने गरी रुट निर्धारण गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख धर्मबहादुर अधिकारीले जानकारी दिनुभयो ।

मेलामा सहभागी हुन रामनगर र ठिमुराहुँदै देवघाट पुग्ने सडक प्रयोग गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । काठमाडौँ, पोखरा हुँदै आउने भक्तजन दासढुङ्गा पुल प्रयोग गरेर तनहुँतर्फको देवघाट पुग्न सक्नेछन् । देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष टङ्कनाथ पौडेलले सीताराम माविको खेलमैदान र नजिकैको सतनचुली सामुदायिक वन क्षेत्रको चौरमा पार्कीङस्थल निर्धारण गरिएको बताउनुभयो ।

क्षेत्र विकास समितिले सडकको दायाँबायाँ फुटपाथ पसल नराख्न आग्रह गरेको छ । चितवन र तनहुँ जोड्ने झोलुङ्गे पुलमा एक पटकमा एक सय बढी भक्तजन ओहरदोहर नगर्न सुझाइएको छ । साउने सोमबार देवघाटको पवित्र जल र बेलपत्रले शिवको पूजाआराधना गरे मनोकामना पूरा हुने धार्मिक विश्वास छ । साउनको हरेक सोमबार निराहार व्रत बसी बिहान सबेरै स्नान गर्ने धार्मिक मान्यता छ । यसवर्ष साउनमा पाँच सोमबार परेकाले धेरै भक्तजन आउने अनुमान गरिएको छ ।रासस

# ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा शर्मा निर्वाचित

काठमाण्डु । सङ्घीय राजधानी काठमाडौँको प्रमुख पर्यटकीय गन्तव्य ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा भविश्वर शर्मा निर्वाचित हुनुभएको छ ।

परिषद्को शनिबार भएको निर्वाचनको आज बिहान सम्पन्न मतगणनामा शर्मा अर्का अध्यक्षका उम्मेदवार धुव्र अधिकारीलाई पराजित गर्दै अध्यक्ष बन्नुभएको हो । अध्यक्ष शर्माले ७७२ मत प्राप्त गर्नुभयो भने अधिकारीले ५६८ मत प्राप्त गर्नुभयो ।

यस्तै उपाध्यक्षमा प्रश्रय राजभण्डारी (६९६), गीता गुरुङ (५७८) र सहदेव धमला (६८३), महासचिवमा राजीव पाण्डे (६८१), सचिवमा रामचन्द्र गिरी (६५३) र कोषाध्यक्षमा पुण्यराम लगेजु (६३४) मत प्राप्त गरी विजयी हुनुभएको निर्वाचन अधिकृत पुष्पराम पौडेलले राससलाई जानकारी दिनुभयो ।

यस्तै आठ सदस्यमा प्रकाश थपलिया, श्रीकृष्ण थपलिया, रोशन अधिकारी, कोपिला शिङ्खडा, चेतनाथ पुडासैनी, पूर्णिमा मालाकार, तेञ्जिन लामा र लालबाबु चौधरी विजयी हुनुभएको छ । कूल १५ सदस्यका लागि भएको निर्वाचनमा एक हजार ५९८ मतदातामध्ये झण्डै एक हजार ४०० मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नुभएको थियो । मतगणना सम्पन्न भएसँगै सञ्चारकर्मीसँग कुरा गर्दै नवनिर्वाचित अध्यक्ष शर्माले समग्र ठमेल क्षेत्रको विकासका लागि सबैसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले हाम्रो ठमेल, राम्रो ठमेल निर्माणका लागि आफू कटिवद्ध भएर लाग्ने बताउनुभयो ।

एक कार्यकाल आमन्त्रित केन्द्रीय सदस्य, एक कार्यकाल महासचिव र एक कार्यकाल उपाध्यक्ष भइसक्नुभएका शर्माको स्थायी घर बाग्लुङ हो । उहाँ लामो समयदेखि ठमेलमा स्पा, होटललगायत पर्यटकीय गतिविधिमा सङ्लग्न हुनुहुन्छ ।रासस

# 'कोभिड सङ्क्रमितको उपचारका लागि स्वास्थ्य संस्था तयारी अवस्थामा

मोरङ । प्रदेश नं १ का स्वास्थ्यमन्त्री जयराम यादवले प्रदेशमा बढ्दो कोभिड-१९ को रोकथाम एवं उपचारका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्था राखिएको बताउनुभएको छ ।

जिल्ला कारागारमा रहेका ५४ कैदीबन्दीमा कोभिड-१९ पोजेटिभ देखिपछि मन्त्री यादवसहित प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, मन्त्रालयका सचिव डा अनुज भट्टचन, कोसी अस्पतालका मेडिकल सुपरिडेण्टेन्ट यज्ञराज खरेल लगायतले आज कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रको निरीक्षणका तथा अवलोकनका क्रममा उहाँले सरकार जनताको स्वास्थ्य सुरक्षाप्रति चिन्तित रहेकाले कोभिड उपचारमा कुनै किसिमको कमि हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी दाहालले सङ्घ र प्रदेशको संयुक्त पहलमा कोभिडको नियन्त्रण र उपचारमा क्रियाशील रहेको बताउनुभयो । उहाँले कोभिडको रोकथामका लागि सीमा नाकाबाट आउने यात्रुको आवश्यक एन्टिजेन परीक्षण तथा रोकथामका लागि प्रचार गर्नु स्थानीय पालिकाले सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

कारागारमा रहेका सङ्क्रमित कैदीबन्दीमध्ये १९ जनालाई उपचारका लागि केन्द्रमा राखिएको र अन्यलाई आज ल्याउने जानकारी दिइयो । निजहरुको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।रासस

# राससको सेवा थप प्रभावकारी बनाउन श्रव्य दृश्य सेवा : अध्यक्ष झा

काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससका सेवालाई थप प्रभावकारी बनाई सेवामा विविधिकरण गर्ने सन्दर्भमा श्रव्य दृश्य (भिडियो) सेवा सुरु गरिएको बताउनुभएको छ ।

राससले आजदेखि सुरु गर्न लागेको श्रव्य दृश्य (भिडियो) सेवाका लागि शुभकामना सन्देशमा अध्यक्ष झाले भन्नुभयो, "हाम्रा सेवाहरू देशभित्र र देश बाहिरका सञ्चारमाध्यमले समेत उपयोग गर्दै आइरहेका छन्, समय र प्रविधिको विकासँगै हामीले हाम्रा सेवाहरूलाई पनि परिस्कृत गर्दै लैजानुपर्छ, राससको स्थापनाको छ दशकपछि भिडियो सेवा सुरु गर्दैछौं, सबैको सुझाव र सहयोगको अपेक्षा राखेका छौं ।"

उहाँले विश्वका समाचार एजेन्सीहरूसँग राससले पनि सँगसँगै हिँड्नुपर्ने आजको आवश्यकता रहेको बताउँदै रासस नेपालको मात्रै नभई विश्वका समाचार संस्थासँग पनि सहकार्य गर्दै आएको जानकारी दिनुभयो । "राससलाई जनताको सूचनाको संवाहक बनाउन आम दर्शक, स्रोताको महत्वपूर्ण भूमिका हुनेछ भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु", अध्यक्ष झाले भन्नुभयो । रासस

# १ सय ३५ सङ्क्रमित फेला, एकको मृत्यु

काठमाण्डु । पछिल्लो २४ घण्टामा १ सय ३५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । एक हजार ४ सय ७३ नमूनाको पिसीआर परीक्षण गर्दा ११४ र एक हजार ५६८ नमूनाको एन्टिजेन परीक्षण गर्दा २१ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । आज ५९ कोरोना सङ्क्रमणमुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ४३९ छ ।

सङ्क्रमितमध्ये एक हजार ३७० होम आइसोलेशन, ६९ संस्थागत आइसोलेशन, १८ आइसियू र एक जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । आज कोरोना सङ्क्रमणबाट थप एकको ज्यान गएको छ । नेपालमा हालसम्म कोरोना सङ्क्रमणबाट ११ हजार ९५३ को मृत्यु भएको छ ।

आइतबार ३२ हजार ५ सय १५ ले कोरोना विरुद्धको खोप लगाएका छन् । नेपालमा हालसम्म दुई करोड पाँच लाख १८ हजार ७६२ ले खोपको पहिलो मात्रा, दुई करोड चार लाख ४७ हजार ७६ ले दोस्रो मात्रा र ६८ लाख ७३ हजार १६ ले अतिरिक्त मात्रा खोप लगाएका छन् ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : वाद विवादबाट बच्नु । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# योगदानकर्ता सापटी निर्देशिका स्वीकृत, अब योगदानकर्ताले कोषबाट कर्जा लिन सक्ने

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सामाजिक सुरक्षाकोषका योगदानकर्ता लक्षित 'योगदानकर्ता सापटी निर्देशिका २०७९' स्वीकृत गरेको छ । श्रममन्त्री शेरबहादुर कुँवरले आज सो निर्देशिका स्वीकृत गर्नुभएको हो ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ३२ को उपदफा (१) को खण्ड (ट) तथा नेपाल सरकारले स्वीकृत गरेको सामाजिक सुरक्षाकोष लगानी कार्यविधि, २०७७ को व्यवस्थाबमोजिम उक्त निर्देशिका तयार पारिएको मन्त्रालयले जनाएको छ ।

निर्देशिकामा 'योगदानकर्ता घर सापटी' अन्तर्गत नयाँ घर निर्माण, आफ्नो स्वामित्वमा रहेको घरको तला थप्न, मर्मत गर्न, संयुक्त आवासमा युनिट खरिद गर्न र घर खरिद गर्न योगदानकर्ताले कर्जा पाउने छन् । कम्तीमा ३६ महिना योगदान रकम जम्मा गरेका, उमेर र सेवा अवधिको आधारमा अवकास हुन कम्तिमा दुई वर्ष बाँकी रहेका योगदानकर्तालाई सापटी प्रदान गरिनेछ ।

घर सापटी स्वीकृत गर्दा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी रकम स्वीकृत हुनेछ । धितोका आधारमा रु ७५ लाख वा योगदानकर्ताको १५ वर्षको तलब वा योगदानकर्ता ६० वर्ष उमेर पुग्न बाँकी अवधिको तलब कर्जा पाउने निर्देशिकामा उल्लेख छ । योगदानकर्ता शैक्षिक सापटीको व्यवस्था उक्त निर्देशिकाले गरेको छ ।

***घर सापटी स्वीकृत गर्दा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी रकम स्वीकृत हुनेछ । धितोका आधारमा रु ७५ लाख वा योगदानकर्ताको १५ वर्षको तलब वा योगदानकर्ता ६० वर्ष उमेर पुग्न बाँकी अवधिको तलब कर्जा पाउने निर्देशिकामा उल्लेख छ। योगदानकर्ता शैक्षिक सापटीको व्यवस्था उक्त निर्देशिकाले गरेको छ।***

कोषमा कम्तीमा ३६ महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिको आधारमा अनिवार्य अवकास हुन कम्तीमा दुई वर्ष बाँकी रहेका योगदानकर्ताको हकमा शैक्षिक सापटीको व्यवस्था गरिएको छ । त्यस्तो सापटी योगदानकर्ता वा निजका पति, पत्नी, छोरा, छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि सापटी प्रदान गर्न सकिने उल्लेख छ ।

त्यस्तो रकम रु ३५ लाख वा सम्बन्धित शिक्षण संस्थामा लाग्ने वास्तविक खर्चमध्ये कम हुने रकम दिइने छ । विद्यार्थीको भर्ना शुल्क, मासिक, परीक्षा, होस्टेल वा आवास खर्च, सम्बन्धित शिक्षण संस्थाले तोकेको अन्य शुल्क, शैक्षिक सामग्री खर्च, ट्राभल तथा बीमा खर्च उक्त सापटीमा रहने छ। योगदानकर्ताले लिएको शैक्षिक सापटी चुक्ता गरेमा पुनः प्रदान गर्न सकिनेछ।

कोषले यसै महिनादेखि सामाजिक सुरक्षा कोषमा ३६ महिना नियमित योगदान गरेका योगदानकर्तालाई अनलाइन विधिबाट सेवा प्रवाह प्रारम्भ गरिने सामाजिक सुरक्षाकोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले बताउनुभयो ।रासस

# साउन लागेसँगै पशुपति क्षेत्रमा भक्तजनको चहलपहल

काठमाण्डु । साउन लागेसँगै पशुपतिनाथ मन्दिर परिसरमा भक्तजनको चहलपहल बढेको छ। साउन महिना भगवान शिवको महिना भएकाले यस बेलामा शुद्ध जल अर्पण मात्र गर्दा पनि खुसी हुने धार्मिक विश्वास छ।

पशुपति क्षेत्रमा चहलपहलसँगै देवादिदेव महादेवलाई शुद्ध जल अर्पण गर्ने बोल बम यात्रीको पनि आजैदेखि भीड लागेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो ।

विसं २०७७ र २०७८ मा कोरोना महामारीका कारण पशुपतिनाथ मन्दिरमा नित्य पूजा बाहेकका गतिविधिमा रोक लगाइएको थियो । दुई वर्ष साउन महिनामा पशुपतिनाथ मन्दिर दर्शन गर्न नपाएका भक्तजन यसवर्ष भने चान्द्रमासअनुसार साउन लागेदेखि नै पशुपति क्षेत्रमा धाउन थालेका थिए । चान्द्रमास अनुसार यसवर्ष असार ३० गतेदेखि श्रावण शुक्ल प्रतिपदा सुरु भएको हो ।

साउन महिनामा तीजमा जत्तिकै भक्तजन आउन भएकाले सहज रुपमा दर्शनको व्यवस्था मिलाइएको पनि प्रवक्ता अधिकारीले बताउनुभयो । कोष सञ्चालक परिषद् सदस्य पूर्णबहादुर जेठाराको संयोजकत्वमा साउने मेला व्यवस्थापन समिति बनाइएको छ।

यसैगरी कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाको संयोजकत्वमा कार्यान्वयन समिति पनि गठन गरिएको छ । कार्यान्वयन समितिमा कोषका विभागीय प्रमुखलाई सदस्य राखिएको छ । पशुपति क्षेत्रमा जुत्ताचप्पल व्यवस्थापन, स्वयंसेवा, सुरक्षा व्यवस्था, चन्दन वितरणलगायत सेवा दिइने कोषले जनाएको छ।

पशुपति क्षेत्रमा साउन महिनाको पनि सोमबार विशेष भीड लाग्ने गर्छ। यसवर्ष साउनमा पाँच सोमबार परेका छन् । पाँच सोमबार पर्नुलाई राम्रो भन्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको धेरै भीड लाग्ने गर्छ।

धार्मिक संस्थाको आयोजनामा यसवर्ष साउन महिनाको अवसर पारेर अतिरुद्राभिषेक महायज्ञसमेत आयोजना गरिएको कोषले जनाएको छ । भगवान् शिवलाई छिटो खुसी पार्न सकिने भएकाले आशुतोष नामले पनि पुकारिन्छ। भगवान् शिवलाई खुसी पार्न शुद्ध जलमात्र चढाए पनि हुन्छ भन्ने धार्मिक मान्यता छ।

यसै मान्यताअनुसार वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष साउनमा एकपटक अनिवार्य रुपमा रुद्राभिषेक गर्ने गरेका छन् ।रासस

# स्वास्थ्य शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनुपर्छ : राष्ट्रपति भण्डारी

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले जनताको चाहना बमोजिम स्वास्थ्य शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनुपने बताउनुभएको छ । चिकित्सा शास्त्र अध्ययन संस्थानको स्वर्ण महोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले स्वास्थ्य सेवा जनताको जीवनसँग प्रत्यक्ष रुपमा जोडिएकाले यसमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु जाति भएको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले विज्ञान प्रविधिबाट स्वास्थ्य सेवाले लाभ लिनुपर्ने विचार व्यक्त गर्नुभयो । "स्वास्थ्य र शिक्षाकै लागि गाउँबाट सहरमा जानेको सङ्ख्या बढ्न थालेकाले यसतर्फ सरोकार भएका निकायको ध्यान जानुपर्छ, स्तरीय स्वास्थ्य सेवा सबैले पाउने हक संविधानले सुनिश्चित् गरेको छ, संस्थानले पनि दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्न योगदान गरेर गुन लगाएको छ", राष्ट्रपति भण्डारीले भन्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले ग्रामीण भेगमा स्वास्थ्य सेवा पुऱ्याउन कठिन भएको उल्लेख गर्दै संविधानमा मौलिक हकका रुपमा स्थापित गरिएको आधारभूत स्वास्थ्यसम्बन्धी हक कार्यान्वयनमा चुनौती थपिएको बताउनुभयो।

"कोरोनाविरुद्धको खोपमा नेपालले सफलता हासिल गरेको छ, अहिले फेरि कोरोना बढ्न थाले पनि पहिले जस्तो समस्या नहुने गरी स्वास्थ्य पूर्वाधार स्थापना भएको छ, सबै जिल्लामा अक्सिजन प्लान्ट स्थापना भएको छ, हालसम्म कोरोनाबाट ११ हजार ९५२ नेपालीको ज्यान गएको छ"-उहाँले भन्नुभयो। मुटुको सर्जरी, कलेजो र मिर्गौला प्रत्यारोपण नेपालमै हुन थालेकाले स्वास्थ्य क्षेत्रमा पनि उल्लेखनीय काम भएको मन्त्री खापुङको भनाइ थियो।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बाँस्कोटाले संस्थानअन्तर्गत प्रतिदिन बहिरङ्ग सेवामा दुई हजार ३०० र अन्तरङ्ग सेवामा ७०० जनाले उपचार लिइरहेको जानकारी दिनुभयो । संस्थानका डीन प्रा डा दिव्यसिंह साहले ३०१ शय्याबाट सुरु भएको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा हाल एक हजार शय्या पुगेको जानकारी गराउनुभयो । संस्थानमा हाल स्नातक तहदेखि विद्यावारीधिसम्म अध्ययन गर्ने व्यवस्था गरिएको छ।

सन् १९७२ मा जापान सरकारको सहयोगमा त्रिवि शिक्षण अस्पताल स्थापना भएको हो । संस्थानअन्तर्गत हाल देशभर सात आङ्गिक, एक केन्द्रीय क्याम्पस र १५ सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनमा छन् । विश्वविद्यालयले हाल कीर्तिपुरमा संस्थानलाई ३०० रोपनी जग्गा उपलब्ध गराएको छ । उक्त जग्गामा स्वास्थ्य र शिक्षाको विशिष्ट सेवा दिने लक्ष्य राखिएको छ।

संस्थानअन्तर्गत हाल चिकित्सा क्षेत्रका करिब ५० विधाको अध्ययन, अध्यापन एवं अनुसन्धानको काम भइरहेको छ । कार्यक्रममा संस्थानका पूर्व डीन प्रा डा मोहिन साह, प्रा डा हेमाङ्ग दीक्षित, प्रा डा गोपालप्रसाद आचार्य, प्रा डा मदनप्रसाद उपाध्याय, प्रा डा भीष्मराज प्रसाइँ, प्रा डा हरिगोविन्द श्रेष्ठ, प्रा डा अरुण सायमी, प्रा डा धर्मकान्त बाँस्कोटा, प्रा डा राकेशप्रसाद श्रीवास्तव, प्रा डा केशवप्रसाद सिंह र प्रा डा जगदीशप्रसाद अग्रवाललाई सम्मानसमेत गरिएको थियो ।रासस

# उपत्यकाको फोहर स्रोतमै वर्गीकरण अन्तिम समाधान हो त ?



काठमाण्डु । पेचिलो सवाल बन्दै आएको सङ्घीय राजधानी काठमाण्डु उपत्यकाको फोहर व्यवस्थापन वर्ष बित्दै जाँदा थप चुनौतीपूर्ण बन्दै गएको छ। उपत्यकाका सडकमा थुपारिने फोहर हप्तौँसम्म नउठ्ने र त्यसबाट दुर्गन्ध फैलिने समस्या उपत्यकावासीका लागि काँडो झैं बिझेको छ। कहिले आन्दोलन त कहिले वर्षालगायत विविध कारणले उपत्यकाका चोक गल्लीमा दुर्गन्धित फोहरका डङ्गुर भेटिँदै आएको छ । यसले वातारवरण र मानव स्वास्थ्यलाई नै नराम्ररी प्रभावित पारेको छ।

विकसित मुलुकले शहरबाट निस्कने फोहरलाई व्यवस्थित रुपमा विसर्जन गरी आन्दानीको स्रोतका रुपमा उपयोग गरिरहेका छन् । तर काठमाडौँको फोहर व्यवस्थापनको विकराल समस्याले मुलुकलाई नै गिज्याइरहेको छ । त्यसो हुनुमा दीर्घकालीन योजनाको अभाव देखिएको छ । काठमाण्डु महानगरपालिकाले प्रमुख बालेन्द्र शाहको योजना मुताविक साउन १ गते (आज आइतबार) देखि उपत्यकाको फोहर स्रोत (घरघर) बाटै कुहिने र नकुहिने छुट्याएर व्यवस्थापन कार्यको शुरुआत गरेको छ।

कुहिने फोहर सङ्कलन गर्ने दिन आइतबार र बुधबार तय गरिएको छ भने नकुहिने फोहरका लागि सोमबार र शुक्रबारलाई तोकिएको छ । व्यक्तिले घरमै फोहर नछुट्याए प्रयेकपटक रु ५०० जरिवाना लगाइने नीति महानगरले लिएको छ। त्यसरी उठेको फोहर, कहाँ/कसरी व्यवस्थापन गर्ने, कुहिनेलाई कहाँ राख्ने ? नकुहिनेलाई कहाँ राख्ने ? त्यस विषयका अन्योलताहरु कायमै छ।

फोहरमैलाविज्ञ तथा इन्जिनियर सुनिल लम्साल नागरिकबाट वर्गीकरण गरेर सङ्कलन गरिएको फोहरलाई बञ्चरेडाँडामा पनि केही समयका लागि छुट्टाछुट्टै स्थानमा राख्ने गरी तयारी गरिएको बताउनुहुन्छ । बन्चरेडाँडाका स्थानीयवासीले विकल्प खोजिरहेको र फोहरलाई स्रोतबाटै व्यवस्थापन गरी उपयोग गर्नुपर्ने माग आइरहेका बेला दुबै प्रकृतिका फोहर वर्गीकरण गरेर फेरि त्यही ठाउँमा विसर्जन गर्दा समस्या ज्यूँका त्यूँ रहने महानगरबासीको भनाइ छ।

महानगरले फोहर व्यवस्थापनका लागि उपत्यकाको पाँच स्थानमा जग्गा पहिचान गरेको जनाएको छ। तीन महिनापछि हानिकारक फोहर बन्चरेडाँडामा नलगिने गरी कार्य अघि बढाइएको दाबी कामपाको छ। कुहिने फोहरलाई जैविक मल बनाउने सोच महानगरको हो । यसको भरपर्दो योजनाको अभाव देखिएकाले स्रोतमै फोहर वर्गीकरण अन्योलमा पर्ने हो की भन्ने आशङ्का पनि गरिएको छ।

विज्ञका अनुसार फोहरको स्रोतमै वर्गीकरणका साथै उत्पादनमा समेत कमी ल्याउने, प्लाष्टिकको विकल्पमा झोलाको प्रयोग बढाउने, शून्य फोहोर (जिरो वेस्ट) अवधारणाको प्रवर्द्धन गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्न सके केही व्यवस्थापन गरी उपत्यकाभित्रको फोहर व्यवस्थापनका एकै किसिमका आधुनिक विधि अपनाउनु जरुरी छ।

काठमाण्डु कुल ३२ वडामध्ये मुख्य नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ। फोहर वर्गीकरण योजना भने ३२ सै वडामा लागू गरिएको छ। स्रोतदेखि नै व्यवस्थापनको समस्या देखिएको उपत्यकाको फोहर विसर्जनस्थलमा झन् विकराल समस्या बन्दै गएको छ। केही समयअघि स्थानीय तहको निर्वाचनको मुखमा सिसडोलका बासिन्दाले फोहर उठाउन रोकेका कारण काठमाडौँ दुर्गन्धित बन्न पुगेको थियो । नगरप्रमुख बालेन्द्र साहले सपथ खाएकै दिन सिसडोल र बन्चरेडाँडा भ्रमण गर्दा स्थानीयहरुले आन्दोलनसहित कडा प्रतिवाद गर्दै फोहर ल्याउन नदिने चेतावनी दिए।

त्यसपछि महानगर र स्थानीयबीच सिसडोल, बञ्चरेडाँडा कुँडुले ल्याण्डफिल साइडमा फोहोर व्यवस्थापनको समस्या समाधान गर्न १८ बुँदे सहमति भयो। सहमतीपत्रमा रातिको समयमा फोहर व्यवस्थापन गर्ने, वैज्ञानिक अध्ययन गरी प्रभावित क्षेत्र छुट्याउने, त्यहाँको दुर्गन्ध हटाउनुपर्ने, फोहर बोक्ने गाडीबाट लिच्चड नचुहिने व्यवस्था मिलाउनुपर्नेलगायतका विषय समावेश छ।

उपत्यकामा क्षेत्र छुट्याएर महानगर र निजी क्षेत्रले फोहर उठाउँदै आएको छ। फोहर उठाउन नागरिकबाट पैसा समेत असुल गर्ने गरिएको छ। निजी क्षेत्र पैसा असुल गने धन्दामा मात्र लागेको र नागरिकप्रति जिम्मेवार नभएका कारण सबै स्थानमा नियमित रुपमा फोहर व्यवस्थापन हुन नसकेको आरोप छ । आफूले लिएको जिम्मेवारी पुरा नगरेको भन्दै नियमित फोहर व्यवस्थापन नगर्ने निजी कम्पनीलाई कामपाले कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ। त्यसैले महानगर प्रमुख बालेन्द्र शाह प्रत्येक दिन सडकको अनुगमन गर्न थाल्नुभएको छ।

कामपाले एकलौटी रुपमा फोहर उठाइएका स्थानमा गुनासो नआएको भन्दै जुनजुन स्थानमा निजी कम्पनी सामेल भएका छन् ती स्थानमा मात्रै नियमित फोहर व्यवस्थापनमा समस्या रहेको कामपा वातावरण विभाग प्रमुख सरिता राईको भनाइ छ।

काठमाण्डु महानगरपालिको कल सेनटरमा पनि नियमित रुपमा फोहर उठ्न नसकेको गुनासो आउने गरेको बताइएको छ। कल सेनटरमा आउने गरेको गुनासामध्ये ८० प्रतिशत फोहर उठ्न नसकेको विषयमा छ। हाल कामपामा ३२ वटा कम्पनीले फोहर व्यवस्थापनमा सहजीकरण गर्दै आएको छ। यसरी सहजीकरण गरेको कुनै पनि कम्पनीले कामपासँग लिखित सम्झौता नगर्नुले पनि महानगरको योजना कति फितलो छ भन्ने कुराको पुष्टि हुन्छ।

**के स्रोतमै फोहर वर्गीकरण अन्तिम समाधान हो त ?**

स्रोतमा नै फोहर वर्गीकरण गर्ने कार्य व्यवस्थापनको हिसाबले अन्तिम समाधान हो त ? अहिलेको टड्कारो प्रश्न हो । वातावरण विज्ञहरु यो विधि अन्तिम समाधान नभएको तर यसले कुहिने फोहर कम गर्न सघाउन पुऱ्याउने बताउँछन् । वातावरण विशेषज्ञ प्रकाश अमात्य नागरिकलाई मात्रै फोहर वर्गीकरण गर्ने जिम्मा सही नहुने हुँदा सोही अनुरुप फोहरको अन्तिम व्यवस्थापन पनि फरकफरक किसिमले हुनु पर्नेमा सुझाव दिनुहुन्छ।

उपत्यकाको फोहर उपत्यकामा नै व्यवस्थापन गर्न नयाँ बाटो खोज्नुपर्ने धारणा उहाँको छ । "त्यसका लागि सम्बन्धित स्थानीय तहले नै आफ्नो फोहर व्यवस्थापनका लागि विकल्प खोज्नुपर्छ। पुनः प्रयोग गर्न सक्ने फोहरलाई प्रयोग गर्नेतर्फ स्थानीय तहले चासो दिनुपर्छ", अमात्यले भन्नुभयो। काठमाण्डु उपत्यकामा उत्पादन हुने फोहरमध्ये ४० प्रतिशत व्यवस्थापन गर्न सकिन्छ। त्यसको लागि प्रत्येक वडाले पुनः प्रयोग गर्न सक्ने वस्तुको खरिद गर्ने वातावण मिलाउनुपर्छ। हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ। त्यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिक टन फोहर जान्छ। निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा २०० गाडीले फोहर ओसार्छ।

**कहिलेसम्म छोपेर राख्ने फोहर ?**

विसर्जनस्थलको समस्याका कारण स्थानीयको आन्दोलन फोहर नउठ्नुको एउटा कारण हो । यसका साथै वर्षात्का समयमा हुने फोहर व्यवस्थापनको समस्या महानगरका लागि अर्को टाउको दुखाइको विषय हो। जसले अहिले टेकुमा फोहर छोपेर राख्नुपर्ने बाध्यता छ। शनिबार टेकुमा पुग्दा फोहरको दुर्गन्धले बस्न सकिने अवस्था थिएन। स्थानीयबासीहरु त्यही गन्ध सुँगेर दिन बिताउन बाध्य छन्।

सडक राम्ररी सञ्चालन नहुँदा साविकको जति फोहर उठ्न सकेको छैन। बाटोमर्मतका कारण हाल दैनिक १०० मात्रै फोहरका गाडी बञ्चरेडाँडा पुग्ने गरेका छन्। सामान्य समयमा निजी र कामपाको गरी २५० गाडीले फोहर विसर्जन गर्थे । सबै गाडी जान नपाएकाले टेकुस्थित ट्रान्सफर स्टेसनमा फोहरलाई सेतो प्लाष्टिकले छोपेर राखिएको टाढैबाट देख्न सकिन्छ। दुर्गन्ध कम गर्ने उपायस्वरुप यसरी फोहर छोपिएको महानगरको दाबी छ।

मनसुनको समय सुरु भएसँगै बाटो बिग्रिने हुँदा उपत्यकाका १८ स्थानीय तहको फोहर काठमाडौँमा थुप्रिनु नौलो होइन। बाटाकै कारण गाडी सिसडोल जान नसक्दा ठाउँठाउँमा फोहर थुप्रिने र टेकुमा छोपेर राख्नुपर्ने अवस्थाको अन्त्य गर्न महानगर सफल होला ? अर्को गम्भीर प्रश्न खडा छ।

**यस्तो छ महानगरको फोहर वर्गीकरण योजना**

प्रारम्भिक चरणमा स्रोतमै फोहर वर्गीकरण गरी व्यवस्थापनको काम थालिएको छ । वर्गीकृत फोहर व्यवस्थापनका लागि उपत्यकाको अन्य स्थानीय तहले जग्गा उपलब्ध गराउने र कामपाले उक्त स्थानमा आवश्यक लगानी गर्ने गरी छलफल चलेको त छ तर ठोस निष्कर्ष आइसकेको छैन। यसले छुट्टयाइएका फोहर पनि सिसडोललै लैजानुको विकल्प नभएको देखाउँछ।

महानगरसँग काठमाण्डु उपत्यकामा नै जग्गाको खोजी कार्य भइरहेको र जग्गा प्राप्त हुने वित्तिकै जैविक फोहर उपत्यकामा नै व्यवस्थापन गर्ने योजना रहेको महानगरको भनाइ छ । फोहोरमैला व्यवस्थापन सङ्घ, नेपाल (स्वमान) का महासचिव मित्र घिमिरे र वातावरण संरक्षण गैसस महासङ्घका अध्यक्ष टीकाराम दाहालले पनि फोहोर वर्गीकरण गर्ने महानगरको योजना, नीति र कार्यक्रमअनुसार दायित्व पूरा गर्ने प्रतिबद्धता जनाउनुभएको छ । उपत्यकाको फोहरमध्ये ५५ देखि ६० प्रतिशत घरमै व्यवस्थापन गर्न सकिने विभिन्न अध्ययनले देखाएको छ। त्यस्ता फोहरलाई करेसाबारीमै व्यवस्थापन गर्न सके पनि धेरै हदसम्म समस्या कम हुने फोहर व्यवस्थापन विज्ञको भनाइ छ।

**ग्यास वा विद्युत् निकाल्न बढी खर्च**

फोहोरमैला व्यवस्थापनका लागि काठमाडौँ महानगर र उपत्यकाका अन्य १७ वटा नगरबीच गहन छलफल भइरहेको छ । उपत्यकाका साझा समस्या पहिचान र समाधानका उपाय निकाल्ने योजनाका साथै छलफल भएको हो। अन्य पालिकासँग काठमाडौँ महानगर प्रमुख साहले फोहोरमैलाका साथै ट्राफिक व्यवस्थापन, खानेपानी वितरणजस्ता साझा समस्याका रुपमा रहेका विषयलाई संयुक्त प्रयासबाट समाधान गर्ने प्रस्ताव गर्नुभएको छ । त्यसमा मुख्य विषय फोहर व्यवस्थापन नै हो।

उहाँको योजनानुसार घरघरबाट उत्पादन भएको फोहोर स्रोतमै वर्गीकरण गरिने छ । जैविक फोहोरलाई मल बनाउने विधि सबैभन्दा उपयुक्त छ । फोहोरलाई ग्यासका रुपमा रुपान्तरण गर्दा ३० देखि ३५ प्रतिशत मात्र प्रभावकारी देखिएकाले त्यो घाटा हुने देखिएको छ। रु १०० लगानी गर्दा रु ३० देखि ३५ मात्र फिर्ता आउने अध्ययनले देखिएको बताइएको छ।

बिजुली निकाल्दा २० देखि २५ प्रतिशतसम्म मात्र उत्पादन आउने देखिएकाले जैविक फोहोरलाई मल बनाउने भरपर्दो उपाय हो। त्यसका लागि करिब २०० देखि २५० रोपनी जग्गा आवश्यक पर्ने भएकाले उहाँले नगरप्रमुखहरुसँग सहकार्यको हात अघि बढाउनुभएको छ। नगरप्रमुखहरुले उपत्यकाको एकीकृत र दिगो फोहोर व्यवस्थापनका लागि कामपाले अगुवाई गर्ने र सबै नगरले आआफ्नो ठाउँबाट जिम्मेवारी पूरा गर्ने बाँचा गर्नुभएको छ। उहाँहरुले उपत्यका नगरपालिका फोरमलाई जीवित गराउँदै उपत्यकालाई कस्तो बनाउने भनेर एकीकृत विकासको गुरुयोजना आवश्यक भएको औंल्याउनुभएको छ। पानी पुनःभरण, नागरिक सचेतना, नदी किनारामा करिडोर बनाउने, नदीको सरसफाइ गर्ने, सडक सञ्जाल र ट्राफिक व्यवस्थापनजस्ता विषयमा साझा सङ्कल्प आवश्यक छ। महानगरकी उपप्रमुख सुनिता डङ्गोल भन्नुहुन्छ, "फोहर व्यवस्थापनमा पालिकाबाट खर्च भएको छ, तर नतिजा मापन गर्न सकिने खालको भएन, त्यसतर्फ ध्यान दिनु आवश्यक छ।"

**यसरी शुरु भएको थियो फोहर विसर्जन**

जाइकाको सहयोगमा दुई वर्षका लागि भनेर २०६२ सालमा काठमाण्डु उपत्यकाको फोहर नुवाकोटको ककनी गाउँपालिका-२ सिसडोलमा फ्याँक्न सुरु गरिएको थियो। आज १७ वर्ष हुँदा पनि त्यहाँ फोहर फ्याँक्ने काम जारी छ। सिसडोलमा ४३२ रोपनी जग्गामा फोहर फालिँदै आएको थियो । बन्चरेडाँडामा फोहर व्यवस्थापनका लागि भने एक हजार ७९२ रोपनी क्षेत्र छुट्याइएको छ।

सिसडोलमा दैनिक एक हजारदेखि एक हजार २०० मेट्रिक टनसम्म फोहर जाने गरेको छ। विकल्प नहुँदा यो जनाविहीन रूपमा त्यहाँ फोहर विसर्जन गरिँदै आइएको छ। गाउँ नै दुर्गन्धित हुँदा पटक-पटक स्थानीयवासीले आन्दोलन गरी फोहर रोके। सत्र वर्षसम्म आन्दोलन, सम्झौता, फेरि आन्दोलन अनि फेरि सम्झौताबाहेक दीर्घकालीन समाधानका उपायको खोजी भएन। नजिकै रहेको नुवाकोट र धादिङको सिमानामा पर्ने बन्चरेडाँडामा विकल्पका रूपमा तयार पारिए पनि समस्याको दिगो समाधान आउन सकेन।

यतीबेला कामठमाण्डु महानगरको प्रमुख परिवर्तन भएको र फिल्डमै खटिएर कामपाका प्रमुख साहले फोहरको उचित व्यवस्थापन गर्ने आश्वासन दिएकाले स्थानीयको आन्दोलत तत्कालका लागि मत्थर भएको छ तर रोकिएको छैन। उनीहरु हेर र पर्खको स्थितिमा छन्। यता बन्चरेडाँडाका स्थानीयबासीको आक्रोस पनि कायमै छ।

नगरप्रमुख साहले फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर व्यवस्थापन गर्ने र कुहिने फोहरलाई मलका रुपमा प्रयोग गरी आम्दानी गर्ने योजना अघि सारिएको योजनालाई सर्वत्र प्रशंसा भएको छ तर त्यो फोहर मोहर बनेर परिणत कहिले होला भन्ने प्रश्न खडा भएको छ । काठमाण्डु उपत्यकाको १८ पालिकाको फोहर दैनिकरूपमा सिसडोलमा पुग्छ। सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बन्चरेडाँडामा फोहर व्यवस्थापनका गरिएको छ। दुई वर्षअघि नै बन्चरेडाँडामा फोहर विसर्जनको काम सुरु हुनुपर्नेमा अहिलेसम्म राम्ररी सञ्चालन हुन सकिरहेको छैन। रासस

"मानवताको सेवा नै मनुष्यको सर्वोत्तम कार्य हो"

श्री राम युवा कमिटी
जनकपुरधाम

सूचना सहितको आमन्त्रण

श्री राम युवा कमिटीको नव निर्वाचित पदाधिकारीहरुको
शपथ ग्रहण एवं पदस्थापन समारोह

निम्न, मिति समय र स्थानमा हुने भएको हुंदा उक्त अवसरमा सम्पूर्ण भू.पू. अध्यक्ष ज्यूहरु भू.पू. वरिष्ठ निर्देशक ज्यूहरु, पूर्व पदाधिकारी ज्यूहरु तथा सम्पूर्ण आदरणीय सदस्य महानुभावको उपस्थितिकालागि सूचना सहित हार्दिक आमन्त्रण गर्दछौं ।
यसै सूचनालाई आधारमानी उपस्थित भई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

कार्यक्रम
मिति : २०७९/०४/७ गते शनिवार
समय : बेलुका ४:३० बजे
स्थान : कमिटीको प्रांगणमा
राम चौक, जनकपुरधाम-४

प्रमोद कुमार चौधरी
संयोजक
तथा
संरक्षक समिति परिवार



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# वित्तीय अनुशासनमा बस

आर्थिक वर्ष २०७८/०७९ मा भुक्तानी गर्न बाँकी रहेका रकम भुक्तानी गर्नका लागि प्रदेश सरकारलाई हम्मे हम्मे परेको छ । प्रदेश तथा स्थानीय सरकारहरुलाई असार २५ गते सम्म मात्र भुक्तानी हुने महालेखा नियन्त्रण कार्यालयले परिपत्र गरे पनि असार २५ कटाएर मधेश प्रदेशका मन्त्री प्रधानमन्त्री लगायत संग भेटेर समय सीमा बढाउन माग गरेका थिए । प्रदेश सरकारवाट वा कुनै स्थानीय सरकारवाट असार २५ गते सम्म भुक्तानी हुन नसक्ने अवस्था थियो भने २५ गते भन्दा पहिलानै जानकारी गराउनुपर्ने थियो तर, २५ गते सम्म काम गरेर बाँकी रकमको भुक्तानी हुन नसकेपछि यसरी दौडधुप गर्नुको कुनै तुक छैन् । यस बिषयमा अहिले प्रदेश सरकारका मन्त्री तथा सांसदहरु ठूला ठूला गफ दिई रहेका छन् । तर, समयमा भने काम किन गरिएन त्यस बिषयमा कसैले एक शव्द पनि बोलेका छैनन् । असार मसान्तको अन्तिममा गरिने भुक्तानीको प्रणाली बदल्नु पर्ने बारेमा कसैले एक शव्द बोलेका छैनन् । सवैकुरामा बहानाबाजी गर्ने केही बर्ष यता जन्मेको परिपाटीले वित्तीय अनुशासन विपरीतका कुरा गरेर आफू चोखो बन्नुमा मात्रै व्यस्त छन् । प्रदेश सरकारले आफ्नो कार्यकालको पहिलो वर्षमा पनि निर्माण कम्पनी तथा उपभोक्ता समितिहरुको करोडौं रुपैयाँ भुक्तानी गरेका थिएन् भने गरिएपनि कसैलाई पुरा भुक्तानी गरेका थिएन् । समयमा काम गरेकाहरुको भुक्तानी नदिनु र सरकारले गरेको निर्देशन समेत नमान्दा वित्तीय अनुशासन विपरीतको कार्य हुने भएकाले अनुशासनमा बस्नु उचित होला ।

# नेपालका वामपन्थीदलहरू विदेशी कम्युनिस्टका शाखा हुन् ?



श्रीमन नारायण

चरित्रको सय्ट, विश्वासको सय्ट र नेतृत्वको सय्ट (राजनीतिका त्रिदोष) नै नेपालको वर्तमान सम्पूर्ण समस्याको जननी हो । वैचारिक विचलन भएपछि व्यक्ति अथवा सङ्गठन कमजोर एवं निस्सहाय हुन पुग्दछ । यस्तो अवस्थामा वैदेशिक हस्तक्षेपको सम्भावना बढ्दै जान्छ । गुरु पूर्णिमाको साइत पारेर चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण यसको ज्वलन्त उदाहरण हो । आलो पालो गरी नेपालका वामपन्थी दलका नेताहरूसित उनको भेटघाटको निहितार्थ प्रस्ट नै छ, आउँदो सङ्घीय र प्रादेशिकसभा निर्वाचनमा कम्युनिस्टहरू एकजुट भएर चुनावमा भाग लिनु । सम्भव भए पुनः नेपाल कम्युनिस्ट पार्टीलाई ब्युँताउने तर त्यो सम्भव नभए कम्तीमा पनि वाम गठबन्धनको निर्माण गर्नु नै चीनको चाहना रहेको देखिन्छ । चुनावभन्दा ठीक अघि सत्ताधारी चिनियाँ कम्युनिस्ट पार्टीका नेताको यसरी नेपाल भ्रमण हुनुलाई संयोग मान्न सकिँदैन । यो सुनियोचित रूपमा भएको छ । नेपालका कम्युनिस्ट पार्टीबीच एकता सहकार्य गराउने हिसाबले भएको उनको यस भ्रमणको निन्दा मात्रै गर्न सकिन्छ । यो एक किसिमले हस्तक्षेप नै हो । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचेनको नेपाल भ्रमणको अर्को उद्देश्य बिआरआई परियोजनाको कार्यान्वयनलाई बल दिनु हो । बिआरआईका परियोजनाहरू बढोस् भन्ने चाहना नेपालको उत्तरी छिमेकीको रहेको देखिन्छ ।

आखिर पटक-पटक नेपालका वामपन्थीलाई शिक्षा-दीक्षा दिन किन उत्तरी छिमेकीको दूतलाई नेपाल आइराख्नुपर्छ ? चीनले लामो समयसम्म डेंग जियाओ जिंगको लो प्रोफाइल कायम गर्ने नीति अवलम्बन गऱ्यो । मौन बसेर शक्ति आर्जन गरिरहने र आफ्नो स्वार्थमा मात्र चासो देखाउने चिनियाँ शैलीको युगको अन्त्य भइसकेको छ । कम्युनिस्ट पार्टी स्थापनाको एक सय वर्ष पुगेको चीन, बिआरआई, एशियाली पूर्वाधार विकास बैंक, सङ्घाई सहयोग सङ्गठन आदिमार्फत मुखर भइरहेको छ र आर्थिक र सामरिक दुवै दृष्टिले वुल्फ-वारियर डिप्लोमेसी भनिने आक्रामक कूटनीतिको प्रभाव नेपालसम्म आइपुगेको छ । एक हदसम्म चिनियाँ अन्तर्राष्ट्रिय सम्बन्धको निर्माण आफ्ना स्वार्थ नमिल्ने विश्वलाई घृणा गर्ने राष्ट्रवादमा आधारित छ । नेपाली नेताहरूले सहज स्पेस दिएकै कारण नेपालमा चीनको अति सक्रियता बढेको हो । एमाले र माओवादीको एकीकरण र विवाद साम्य पार्न चीनको भूमिका देखिने गरी सतहमा आयो ।

**तत्कालीन नेपाल कम्युनिस्ट पार्टी**

(एमाले) र माओवादी केन्द्रबीच ७ फागुन २०७४ मा सात बुँदे समझदारी हुने बित्तिकै चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) का नेता कुअ या यचौ चिनियाँ दूत बनेर नेपाल आएका थिए । उनै यचौ नेकपा विवाद उत्कर्षमा पुगेको बेला १२ पुसमा पनि बेइजिङको विशेष दूतको रूपमा विवाद मिलाउन काठमाडौं ओर्लिए, तर उनको प्रयास सफल हुन सकेन ।

कन्फुसियसकालीन मान्यताले समाजसम्मै जरो गाडेको चीनमा राष्ट्रवाद र संस्कृतिप्रति एक किसिमको अभिमान पनि छ । त्यसैको प्रभाव हुन सक्दछ, चीन जहिल्यै आफूप्रति वफादारिताको सुनिश्चितता खोजिरहन्छ । त्यसैले एक चीन नीतिको नारा सधैं दोहोऱ्याउनुपर्छ । एकचोटी आश्वासन दिएर पुग्दैन । आफ्नो आलोचना सुन्न अनिच्छुक चिनियाँ सत्ताको शैलीको प्रतिविम्ब समय-समयमा देखा पर्ने गर्दछ । नेपालका कुनै लेखक अथवा पत्रकारले चीनको विरोधमा समाचार लेखेलगत्तै पश्चिमा समर्थकको आरोप लगाई आलोचना गर्ने गर्दछ । नेपाली काङ्ग्रेसका नेता तथा कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले गत वर्ष नेपाल-चीन सीमा विवादका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन बुझाएपछि चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्सले भारतीय र अमेरिकी स्वार्थमा उनले विवाद झिकेको भन्ने तिखो आलोचना गऱ्यो जबकि उपरोक्त दुईवटै देशलाई यससित कुनै वास्ता नै थिएन, किनभने यो त नेपालको सिमानाको विषय थियो र स्थलगतरूपमा देखेको कुरा लेख्ने काम भएको थियो । काठमाडौंस्थित चिनियाँ दूतावासले पनि नेपाली काङ्ग्रेसलाई खेदसहित पत्र पठाएको थियो । आफूलाई अप्ठ्यारो पर्ने कुरालाई कार्पेटमुनि नै राख्न चाहने शैली भएकोले हुन सक्छ, नेपालसँगको सीमा विवादको विषयमा सुन्न र छलफल गर्नै चाहँदैन, चीन ।

छिमेकीप्रति सद्भावसहित तटस्थ हुनुपर्नेमा यहाँको ठूलो जनमत प्रो-चिनियाँ नै बन्न पुगेको छ । परिणामस्वरूप चीनप्रति आलोचनात्मक दृष्टिकोण सीधै पश्चिमाद्वारा पोषित तथा स्वतन्त्र तिब्बतको पक्षधर घुसपैठियाका रूपमा कलङ्कित गर्ने गर्दछ । चीनलाई गुण-दोष दुवै भएको छिमेकी भन्ठान्नुसट्टा तख्तामा नै राखेर अति सम्मान गरेका कारण उत्तरतिरको सम्बन्धमा हाम्रो स्वाभिमान र आत्मसम्मान घुँडा टेक्ने तहमा पुगेको छ । चीनका लागि नेपाल प्राथमिकताको देश होइनस आर्थिक, राजनीतिक र सामरिक कुनै पनि दृष्टिकोणले ऐतिहासिक कालदेखि नै नेपालमा चीनको उपस्थिति उसको वास्तविक प्रभावभन्दा ठूलो देखिने गरी चित्रण हुँदै आएको छ । चीनको सदाशयतालाई अतिरञ्जित रूपमा पस्किने काम हुँदै आएको छ । ठूला दुई महाशक्तिबीच अवस्थित नेपालले सन्तुलन कायम राख्नु आवश्यक छ तर नेपालमा चीनको चाहिनेभन्दा बढी देवत्वकरण गर्ने काम हुँदै आएको छ । अब यो नागरिकस्तरसम्म पुगेको छ ।

चीनको सत्तारूढ चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को सिद्धान्तलाई आयात गरेका नेपाली राजनीतिक दलहरू

(वामपन्थी)ले निर्माण गरेको तिलस्मी भाष्यले धेरैलाई भूलभुलैयामा पारिदियो । त्यसैले नेपालको प्रत्येक राजनीतिक परिवर्तन र आर्थिक विकासमा सहयोगी रहेको भारतको छवि खराब छिमेकी बने पनि नेपाली समाजमा चीनप्रतिको अनुराग असामान्य बन्न पुग्यो । नेपालको राष्ट्रियता भारतविरोधी मानसिकतामा आधारित रहेकोले यस्तो भएको हो । नेपाली राष्ट्रवादको चासो चिनियाँ स्वार्थको रक्षँसँग जोडिने गरेको छ । एमसिसी परियोजना कार्यान्वयन नहोस् भन्ने चाहना चीनको थियो । शुरूमा नेपालका वाामपन्थी दलहरूले यसको चर्को विरोध गर्दागर्दै सार्वजनिकरूपमैं भन्न पनि पुगे कि एमसिसी चीनविरुद्ध लक्षित भएकोले यसलाई स्वीकार गर्नुहुँदैन । एमसिसी सम्झौताबाट नेपाललाई केकति घाटा छ ? यसबारे तिनलाई चिन्ता थिएन, नेपालका वामपन्थी राष्ट्रवादीहरू चीनको चिन्ताबाट बढी चिन्तित थिए । अर्थात् देशको स्वार्थको जगेर्ना हुन्छ कि हुँदैन हेर्नुको सट्टा नेपालमा चीनको स्वार्थ रक्षँ हुन्छ कि हुँदैन हेर्ने जनमत तयार पार्ने काम भयो ।

दुई देशको सीमा नाकामा त चिनियाँकै दबदबा रहँदै आएको छ । २०७२ सालमा आएको भूकम्पका कारण बन्द उत्तरी नाका आजसम्म चालू हुन सकेको छैन । चीनमा अध्ययनरत छात्रहरू कोभिड-१९ का कारण नेपाल आएपछि अब चीन तिनलाई बाँकी पढाइ गर्ने अनुमति दिइरहेको छैन । उत्तरी नाका बन्द भएका कारण नेपालको निर्यात व्यापार सात वर्षदेखि ठप्प छ । चीनले आफ्नो इच्छा अनुसार मात्रै आयात गर्ने गर्दछ । काठमाडौंसँग नियमित हवाई उडान पनि सहज भएको छैन तर पनि नेपालका वामपन्थीहरूका निम्ति चीन दोषरहित नै मुलुक हो । नेपालका वामपन्थी दलका नेता-कार्यकर्ताहरू वर्षमा एकपटक चिनियाँ कम्क्युनिस्ट पार्टीका नेताहरूसित प्रशिक्षँण लिँदै आएका छन् । चिनियाँ राष्ट्रपति सी जिनपिङको विचारधाराका पुस्तकहरू नेपालका वामपन्थी दलका कार्यालयहरूमा पनि पाउन सकिन्छ । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण नेपालका वामपन्थी दलबीच एकता र सहकार्य गराउने उद्देश्यले नै भएको हो । लाग्दछ नेपालका वामपन्थी दलहरू चिनियाँ कम्युनिस्ट पार्टीका विदेशमा सञ्चालित भातृ सङ्गठन मात्रै हुन् । होइन भने पटक-पटक निर्देशन, सुझाव र सल्लाह दिन किन नेपाल दगुर्ने काम हुन्छ ।

# साक्षात्त महादेव कुपेश्वर नाथ, कुवा



प्रफुल्ल घिमिरे

**कपिलेश्वर शिवनाथःशिवलिंगःपूर्वे स्थित :।**
**अग्नि कोणे च कूपेश्वर कल्याणेश्वर च दक्षिणे॥**
**जलेश्वर पश्चिमे भागे क्षिरेश्वर चोत्तरे दिशी।**
**इशाने च मिथिलेश्वर भैरबनाथःशिव द्वयम॥**
**-श्री मिथिला अवध शतकम**

पौराणिक ग्रन्थहरुमा समेत उल्लेख रहेका अग्नि कोण जनकपुरधामको वार्ड न.- १२ कुवामा सर्वपाप नाशक कुपेश्वर नाथ महादेव बिराजमान रहेका छन ।

यी महादेव गोलाकार कुवा (इनार) जस्तो खाल्डोमा बिराजमान रहेका हुनाले यिनलाई कुपेश्वरनाथ महादेव भनिएको हो र यहाँको गाउँलाई कुवा ।

अहिले पनि कुपेश्वरनाथ अर्थात कुवाको महादेव मन्दिरमा गएर हेर्न सकिन्छ ।त्यहाँ दुइवटा शिवलिङ्ग छ्न। जुन शिवलिंङ्ग पुर्व दिशामा बिराजमान छन उसको तल कुप (कुवा) छ। जुन हमेसा पानीले भरिएको हुन्छ। शिवलिङ्ग हमेसा उक्त कुवाको पानीले सटेको हुन्छ। कुनै पनि महिना कुनै पनि समयमा गएर शिवलिङ्ग उठाएर हेर्दा उसको तल पानी भरिएको पाइन्छ। यस कुराले यो प्रमाणित गर्दछ कि बाबा हमेसा कुपमा रहदछन। यसै कारण यिनको नाउँ कुपेश्वर नाथ महादेव पर्यो। र यो गाउँको नाम कुआ यानी कुवा परेको हो। उक्त शिवलिङ्गको माथिल्लो भागमा खाल्डो बनेको छ जुन त्यस समयमा लोहोरो सिलौटो कुटनेको हाथद्वारा फुटेको हो भनिन्छ ।यस सन्दर्भमा बढी रोचक जनश्रुतिहरु रहेको छ ।

धार्मिक ग्रन्थहरुमा समेत उल्लेख्य रहेका प्रख्यात यी महादेवका वारेमा अनेकौं रोचक कथाहरु श्रुतिका रुपमा गाउँलेहरुले सुनाउने गर्छन । आज भन्दा हजारौं वर्ष पुर्व राजर्षी सिरध्वज जनकले आफ्नो दरवारको सुरक्षाकालागि चारै दिशामा रक्षक रुपमा चारवटा महादेवको स्थापना गरेका हुन । उक्त स्थापित महादेवहरु पुर्वमा कपिलेश्वरनाथ ( महेश्वरनाथ) , पश्चिममा जलेश्वरनाथ , उत्तरमा क्षिरेश्वरनाथ र दक्षिणमा कलाणेश्वर नाथ महादेवको रुपमा बिराजमान रहेका छन। र आफ्नो राज्य कोषको रेखदेख गर्न स्थापना गरेको श्रीकुपेश्वरनाथ महादेव जनकपुरधाम उप महानगर पालिका वाड न. १२को कुवा गाउँमा अवस्थित रहेको छ। भनिन्छ कि यो कुपेश्वरनाथ मन्दिरको बारेमा अहिलेसम्म गुठी संस्थान जनकपुर एंव केन्द्रिय गुठी कार्यालय काठमाडौमा पनि कुनै लेख उपलब्ध छैन। यो मन्दिरको बारेमा बुढापाखाहरुले पनि बताउन असमर्थ रहेका छ्न। तर बिष्णु पुराणमा यस मन्दिरको बारेमा चर्चा पाइन्छ ।

यस मन्दिरमा मसला पिस्नका लागी जुन आकारको पत्थरको प्रयोग गरिन्छ ठिक उस्तै प्रकारको लोहोरोको रुपमा यो शिवलिङ्ग बिराजमान रहेका छन । यस शिवलिङ्गको माथिल्लो भागमा एउटा खाल्डो परेको छ। यस सन्दर्भमा रोचक कथा सुन्न पाइन्छ । यी महादेव बारम्बार मन्दिर बाट बाहिर घुम्न जाने भएकोले यी बिराजमान रहेका ठाउँको ठिक पश्चिम तर्फ चौमुखी महादेव स्थापित गर्नु परेको प्रसंग पनि कथामा जोडिएको छ।

भनिन्छ कि धेरै वर्ष पहिले यो लोहोरो आकारको शिवलिङ्ग आँप से आँप मन्दिरबाट बाहिर घुम्न निस्कने गर्दथ्यो। हाट बजार यही मन्दिरको आसपास लाग्ने गर्दथ्यो । घुम्न निस्केका शिवलिङ्गलाई बाटोमा बजार गर्न आएकाहरुले भेट्टाउने गर्दथे। भेट्टाउनेहरु यसलाई कसैले आँचलमा त कसैले आफ्नो टाउकोमा राखेको टोकरीमा राखेर घर लैजान खोज्दथे। कसैले मसला पिस्न लोहोरो त कसैले जोख्नकालागि ढकको रुपमा प्रयोग गरुला भनेर । तर जब ती ब्यक्तिले पत्थर रुपि (शिवलिङ)लाई लिएर मन्दिरको सिमाबाट बाहिर जान लाग्दथ्यो यो भन्दा पहिले नै शिवलिङ्ग आप से आँप भारी हुदै जान्थ्यो । जब जब मन्दिरको सिमा भन्दा बाहिर पुग्न लाग्दा यो अत्यन्तै नै धेरै भारी हुन पुग्दथ्यो। बोकेर लैजाने ब्यक्ति बोक्न असमर्थ हुन पुग्दथे। तब ती ब्यक्तिले त्यो पत्थरलाई त्यही ठाउँमा फालेर जान्थे । यो घटना बारम्बार हुने गरि रहन्थ्यो । एकदिन कुरा हो । मन्दिरको दक्षिण तर्फ धेरै ठूलो बगैचा थियो। हाल यो बगैंचा पर्तिको रुपमा रहेको छ। यसै बगैंचामा शिबलिङ्ग घुम्न निस्केछन। यसै गाउँको चमार परिवारका केटी पत्ता दाउरा चुन्न यसै बगैंचामा गएकी थिइन् ।दाउरा चुन्ने क्रममा शिवलिङ्गका रूपमा रहेका पत्थर यी केटिले भेट्टाइन। उनले चुनेका दाउरा पातहरु र उक्त पत्थरलाई आफ्नो टोकरीमा राखेर टाउकोमा उठाएर घर लगिन। दाउरा टोकरीबाट झिकेर तल राखिन । र उक्त पत्थर आफ्नो आमाको हातमा दिइन। र भनिन आमा मसला पिस्न धेरै गाह्रो हुन्थ्यो अब गाऱ्हो हुदैन । मैले दाउरा चुन्दै गर्दा बगैंचामा मैले भेटाएको हो। त्यो पत्थर देखेर ती केटिका आमा असाध्यै नै खुशी भइन। अर्को दिन लोहोरो सिलौटो कुटने ब्यक्ति- लोहोरो सिलौटो कुटने हो ? सोध्दै उनको घरमा पुग्यो । ती ब्यक्तिलाई महिलाले भनिन् यस पत्थरलाई कुटिदेउ। यसबाट म मसला पिस्नेछु। त्यो मसला कुटनेले भन्यो - ल्याउ पत्थर म कुटिदिन्छु। ती महिलाले पत्थर दिइन। लोहोरो सिलौटो कुटनेले त्यो पत्थरलाई हेर्दै रहिगयो। धेरै बेर सम्म नियालेर हेरिसके पछी भन्यो - कि मैले आज सम्म यस्तो पत्थर कहिले पनि देखेको थिइन । यति राम्रो सेम आकारको। फेरि उसले आफ्नो झोलाबाट छेनी हथौड़ा निकालेर आफ्नो खुट्टाका पैतालाको बिचमा पत्थरलाई पक्रेर राख्न कोसिस गयो । तर लाखौं कोसिसको बाबजुद पनि आफ्नो खुट्टाको दुबै पैतालाको बीचमा उक्त पत्थरलाई सम्माउन सफल हुन सकेन । उ बारम्बार खुट्टाले समातेर छेनिले कुट्न चाहन्थ्यो तर नसके पछि ती केटिलाई बोलाएर भन्यो - तिमी आफ्नो दुबै हातले पत्थर समाएर राख। म कुटदछु । तब गएर ती केटिले आफ्नो दुबै हातले समाएर राखिन। र त्यो ब्यक्तिले लाग्यो कुट्न। कुटदा कुट्दै उक्त पत्थरको माथिल्लो भागमा अलि धेरै नै फुट्न पुग्यो। लोहोरो कुटि सकेपछि उसले आफ्नो पारिश्रमिक लिएर हिड्यो। यसपछि महिलाले पत्थरलाई धोएर सिलौटोमा खुर्सानी राखेर पिस्न लागिन। पिसि सकेपछि सिलौटोमा रगत जस्तो रातो देखियो। त्यो पिसेको खुर्सानी हटाएर धनिया पिस्न लागिन। धनिया पनि रगत जस्तै रातो देखियो । महिला धेरै आश्चर्यचकित भइन। उनले पुनः सिलौटो र लोहोरोलाई पखालेर लसुन पिस्न थालिन। लसुन पनि रगत जस्तै देखियो । यो देखेर ती महिला अतालिन । अति नै डराएर मानिसहरूलाई कराउन थालिन। मानिसहरू उनको घरमा जम्मा भए । र उनले सारा घटना वृतान्त सुनाइन् । त्यहाँ जम्मा भएका मानिसहरूले उनको कुरामा बिश्वास गरेनन् । यसपछि त्यहाँ जम्मा भएका ब्यक्तिहरु मध्येबाट एकजनाले धनियाको पात सिलौटोमा राखेर पिस्न थाल्यो । त्यो पनि सिलौटोमा रगत जस्तै देखियो। तब गएर त्यहाँ जम्मा भएका मानिसहरू समेत डराए। ती महिलाले पत्थर उठाएर ल्याएकी आफ्नी छोरीलाई









लागिन गाली गर्न। उक्त पत्थर तीन दिन सम्म त्यही रह्यो । यस समयमा यो चमत्कारी घटनाको सन्दर्भमा सारा गाउँले थाहा पाइसकेका थिए। त्यहाँ जो पनि आउथे त्यो पत्थरबाट केहि न केहि पिसेर हेर्दथे। उता मन्दिरका पुजारी यस शिवलिङ्ग पत्थरलाई खोजी गरिरहेका थिए। यसै बिचमा कसैले गएर पुजारीलाई भन्यो कि बाबा चमार टोलमा एकजनाको घरमा एउटा पत्थर छ। जुन धेरै बिचित्रको छ। जे पनि पिस्दा त्यो रगत जस्तो देखिन्छ । त्यो सबै कुरा थाहा पाएपछि बाबा ती महिलाको घर पुगे । उक्त पत्थरलाई देख्दैमा आगबबुला भए। क्रोधित्त हुदै भने- बाप रे बाप ! ठुलो अनर्थ भइगयो। कसले यो शिवलिङ्गलाई बर्बाद गऱ्यो । पुजारीलाई क्रोधित भएर कराउँदै गरेको देखेर धेरै मानिसहरु जम्मा भए। र भने - हे ! पुरोहित महाराज ! यसमा यो बेचारिको के दोष ? उसको छोरिले बगैंचाबाट यो पत्थर उठाएर ल्याएकी हुन । त्यसपछि ती केटीकि आमाले हात जोरेर ती सारा घटना पुजारीलाई सुनाइन् । अनि भनिन मलाई थाहा थिएन यो बाबा कुपेश्वर नाथको शिवलिङ्ग हो । मैले कहिले पनि दर्शन गरेको थिइन । किनकि सानो जातलाई यस मन्दिरमा प्रवेश निषेध गरिएको छ भन्दै पुजारीसंग माफी मागिन। त्यसपछि पुजारी शान्त भएर आफ्नो हातबाट उक्त पत्थरलाई उठाएर टाउकोले ढोग्दै भने - हे ! भोले बाबा कुपेश्वरनाथ! यी महिला र मलाई माफ गरिदेउ। यी महिलालाई थाहा थिएन यो हजुरको शिवलिङ्ग हो । यिनलाई माफ गरिदेउ। पुजारीले ती शिवलिङ्ग लाई लिएर मन्दिरमा फर्के । गंगा जलवाट स्नान गराएर गाइको घिउको लेप लगायत अन्य बिधि अनुसार पवित्र पारेर त्यही स्थानमा शिवलिङ्ग लाई बिराजमान गराए। यस घटना घटेको एक डेढ महिना पछि उक्त शिवलिङ्ग पुनः मन्दिर बाट घुम्न बाहिर निस्क्यो । त्यसदिन जब पुजारी मन्दिरमा पुजा गर्न गए उक्त पत्थरको शिवलिङ्ग मन्दिरबाट बाहिर घुम्न निस्किसकेको रहेछ। तब उनी यताउता खोज्न लागे । खोज्दा खोज्दै मन्दिरको पुर्व तर्फ एक किलोमीटर टाढा उक्त पत्थर रूपी शिवलिङ्ग पुजारीले बाटोमा फेला पारे । र ती शिवलिङ्ग लाई बिधि बिधान अनुसार पवित्र पारेर पुजापाठ गरे ।

यसको भोलिपल्ट गाउँको सभा बोलाए ।सारा गाउँवासिलाई भेला गरेर महन्त दैताल गिरि समेतको उपस्थितिमा भएका सारा घटनाको वृतान्त सुनाउदै भने कि ! हे महाराज ! अब म यस मन्दिरमा रहन चाहदिन। किनकि यो शिवलिङ्ग बारम्बार आँप से आँप मन्दिरबाट बाहिर निस्कन्छन् । प्रायः दुइ चार दिनमा यसलाई मैले खोज्नुपर्छ । यस कारण अर्को पुजारी राख्नुहोस र मलाई बिदा गर्नुहोस् । यो कुरा सुनेर त्यहाँ उपस्तिथि सारा भरभलादमिहरुले आ-आफ्नो बिचार दिए। सबैको कुरा सुनिसकेपछी महन्त वाल गिरिले आफ्नो शिष्य दैताल गिरिलाई बोलाएर भने कि यस प्रकार पुजारी हाम्रो यहाँबाट जानु राम्रो हुदैन । हामी गाउँवासी यस समस्याको समाधान गर्छौ। र पुजारीलाई पनि निवेदन गरे कि यो मन्दिर छोडेर न जानुस् । हामी उपाय गर्दछौ। र अर्को दिन नै उनले ती पुजारिलाई भने कि आफुसंग यो पत्र लिएर बनारस जानुस् । र त्यहाँ तान्त्रिक सिद्धी धनजी महाराजलाई भेटेर यो पत्र दि दिनु। यि पुजारी बनारस गए । पत्र सिद्धी तान्त्रिक महाराजलाई दिए। पत्र पढे पछि ती तान्त्रिक यिनको साथ कुवा मठ आए। र सारा कुरा महन्त वाल गिरिसंग जानकारी लिए। जानकारी लिइसके पछी तान्त्रिकले भने कि हे महाराज आज म आराम गर्छु । भोलि बिहान गएर शिवलिङ्गको दर्शन गर्छु । यति भनेर यिनि खाना खाएर सुते। सुतेको केहि क्षणपछि नै ती तान्त्रिकले सपना देखे । हे तान्त्रिक महाराज ! म एक्लै रहदछु। यस कारण मेरो छेउमा चौमुखी महादेवको शिव स्थापना गरिदिनुहोस । भोलि बिहान उठेर ती तान्त्रिक महन्तसंग मन्दिर गए। र महन्तलाई भने- यस शिवलिङ्ग जुन अहिले पुर्व दिशामा छ । यिनलाई सिकडिले बाँधी दिनुहोस् । यिनको पश्चिम छेउमा चौमुखी महादेवको स्थापना गर्नुहोस् । तिनै तान्त्रिकको भनाइ अनुसार महन्त बाल गिरिले बिधि बिधान अनुसार तिनै तान्त्रिकको हातबाट पश्चिम दिशामा चौमुखी महादेवको स्थापना भयो। जो आज हामी दर्शन गरिरहेका छौ। पश्चिम दिशामा स्थापना भएको जुन चौमुखी शिवलिङ्ग छ यस शिवलिङ्गमा चारैतर्फ चार मुर्तिहरु छन । पुर्व दिशामा श्रीमहेश्वर नाथ, पश्चिम् दिशामा श्रीजलेश्वर नाथ, उत्तर दिशामा श्रीक्षिरेश्वर नाथ र उत्तर दिशामा श्रीकलाणेश्वर नाथ महादेव हुन।

जानकारी भए अनुसार यस मन्दिरका धेरै महन्तहरु भएका थिए । जसमा मुख्यत बाल गिरि, दैताल गिरि, जल्लाव गिरि, समसेर गिरि, रुद्र गिरि, द्रोण गिरि , गोकुल गिरि र रामेश्वर गिरि रहेका थिए। रामेश्वर गिरिले मन्दिर छाडेर गए।

यो मन्दिरमा प्रत्येक वर्ष महा शिवरात्रि र श्रावण महिनाको प्रत्येक सोमबारका दिन भव्य मेला लाग्ने गर्दछ। प्रत्येक वर्ष पहिलो सोमवारिका दिन मन्दिरबाट कलश यात्रा निकाल्ने गरिन्छ । यस यात्रामा सम्पुर्ण गाउँबासी एकजुट भएर सहभागी जनाउने गर्दछ्न। कलश यात्रामा सम्पुर्ण गाउँवासी बडो हर्षोल्लासका साथ बाजा गाजा ध्वजा पताकाका साथ नगर परिक्रमा गरेर दुधमति नदिबाट जल भरेर बाबा श्रीकुपेश्वर नाथलाई चढाउने गर्दछन । कतिपय भक्तजनहरु श्रावणका प्रत्येक सोमबारका दिन उत्तराहिनि नदि जुन चिसापानी बन्दिपुरमा पर्दछ उक्त नदि , दुध मति नदि र सिमरिया घाट (भारत ) बाट पनि हजारौं हजारका संख्यामा जल ल्याएर चढाउने गर्दछ्न र साँझमा आ-आफ्नो घरमा दिपावली मनाउने गर्छन। यस दरम्यान श्रावण महिना भरि प्रत्येक घरमा माछामासु मदिरा निषेध हुने गर्दछ भनेर श्रीकुपेश्वरनाथ मन्दिरका महन्तले बताउदछन ।

हुनत पुर्वका दिनमा यो मठ सम्पन्नता ले भरिभराउ अति सुन्दर र रमणीय अवस्थामा रहेको थियो । यी महादेव सधैं घुमि रहने भएकोले पुजा आजा गर्न गाह्रो भएपछि तत्कालीन महन्त गोकुल गिरिले अको शिवलिगंको स्थापना गरेपछि दुइटै शिवलिंग त्यही बिराजमान भए ।

तत्कालीन महन्त गोकुल गिरिले सरकारवाट मन्दिर सञ्चालनका लागि बिर्ता पाएका थिए।यस मन्दिरका लगभग सत्ताईस अठाइस बिघा जमिनमा- १० बिघाको राजदेबी मन्दिरको उत्तर पट्टी फलफुलको बगैंचा , तिनवटा पोखरी र अन्य अन्वालीहरु उब्जनी हुने जग्गाहरु थिए। राजदेवी मन्दिरका पुर्वपट्टी रहेका भवनवाट महन्तले अन्नवालिहरु तहसिल गर्ने गर्थे । महादेव मन्दिरका उत्तर पट्टीका भवनमा बेदशाला थियो। जहाँ ६ जना मैथिली भाषी र ६ जना नेपाली भाषीलाई प्राचर्य पं. राम भद्र झा एंव वहाँका एकजना सहायकले पढाउनुहुन्थ्यो। बिद्यार्थीहरु राजदेवी मन्दिरका भवनमा वस्दथे।पछि यी बेदशाला उठेर राम मन्दिरमा सरेको कुवा वासी जिवछ यादवले बताए।

धार्मिक आस्था संग जुटेको एंव धार्मिक पर्यटनको लागी अती महत्वपूर्ण रुपमा रहेको पौराणिक ,पवित्र तिर्थस्थल कुपेश्वर महादेव तथा राजदेबी मन्दिरको पुर्वको अवस्था अनुसार नै सरक्षंण सम्बर्द्धन गर्न गाउँवासी लगायत सम्बन्धित सबैले ध्यान पुर्याउनु जरुरी छ । (गाउँले एंव उक्त मन्दिरका महन्तको भाषामा लिपिबद्ध)

# बूढीगण्डकी अगाडि बढ्यो, अब रोकिँदैन : ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री भुसाल

काठमाण्डु । पाँचदलीय गठबन्धन सरकार गठन भएको एक वर्ष पूरा भएको छ । सरकारले संविधानलाई 'ट्र्याक'मा ल्याएको छ । यही बीचमा स्थानीय निकायको निर्वाचन पनि सम्पन्न भयो । वर्तमान सरकार गठन भएपछि नै नेपालले बिजुली व्यापारमा गुणात्मक फड्को मारेको छ । दैनिक ३६४ मेगावाट बिजुली भारत निर्यात भइरहेको छ । झण्डै २५ लाख घरधुरीले २० युनिट बिजुली निःशुल्क पाएका छन् । सिँचाइमा प्रयोग हुने बिजुलीको महसुल झण्डै ५० प्रतिशतले घटेको छ । केन्द्रीय प्रसारण लाइनको विस्तारको काम पनि धमाधम अगाडि बढेको छ । मानिसहरू क्रमशः विदेशी ग्यास छाडेर स्वदेशी बिजुली प्रयोग गर्न थालेका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको नेतृत्वमा विगतको निरन्तरताकै रूपमा नेकपा (माओवादी केन्द्र)का वरिष्ठ नेतृत्वका रूपमा स्थापित व्यक्तित्व पम्फा भुसाल हुनुहुन्छ । उहाँकै जोडबलमा सरकारले बूढीगण्डकी जलाशयुक्त आयोजना स्वदेशी लगानीमा नै निर्माण गर्ने निर्णय गरेको छ । यस्तै माथिल्लो अरुण र दूधकोसीजस्ता आयोजना पनि क्रमशः अगाडि बढ्न लागेका छन् । गठबन्धन सरकारमा माओवादीका तर्फबाट सरकारको नेतृत्वसमेत उहाँले नै गर्नुभएको छ ।

यसै सन्दर्भमा वर्तमान सरकार गठन भएपछि मुलुकको ऊर्जा क्षेत्रमा भएको प्रगति र एक वर्षमा सरकारको तर्फबाट भए/गरेका काम कारबाहीका बारेमा राष्ट्रिय समाचार समितिका समाचारदाता रमेश लम्सालले ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश :

**वर्तमान सरकारको एउटा महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेको हिसाबले एक वर्षभित्र तपाईंले आफूले गरेको कामको मूल्यांन कसरी गर्नुहुन्छ ?**

मैले यो मन्त्रालय सम्हालेको एक वर्ष भएको छ । यसमा जिम्मेवारी सम्हाल्न आउने भन्ने कुनै चर्चा थिएन । तर यहाँ आउने भन्ने कुरा एक घण्टा पहिलेमात्रै थाहा भएको थियो । मैले सम्हालेको मन्त्रालयमा एउटा ऊर्जा र अर्को सिँचाइ छ । नेपालमा गरिबीको रेखामुनि रहेको १८ प्रतिशत जनसङ्ख्या छ । कोभिडले सामान्यरूपमा त्यसमा केही प्रतिशत बढाएको पनि होला । आफूले सम्हालेको मन्त्रालयबाट त्यो जनसङ्ख्याले सुविधा पाउनुपर्छ भन्नेमा मेरो ध्यान थियो । मैले जिम्मेवारी सम्हालेको एक महिनाको बीचमा विद्युत्को क्षेत्रमा अध्ययन गराउँदा २० युनिटसम्म निःशुल्क दिन सकिन्छ भन्ने देखियो । त्यसबाट बत्ती जोडेको आधाभन्दा बढी उपभोक्ताले राहत पाउँछन् भन्ने देखियो । त्यतिबेला अध्यादेशबाट बजेट आएको थियो ।

प्रतिस्थापन विधेयकको तयारी थियो । त्यसलाई ध्यान नदिइकन मैले मन्त्रालयकै स्रोत तथा साधनबाट नागरिकलाई राहत दिने निर्णय गराए । कूल २० युनिटबाट बत्ती, टिभी हेर्न, मोबाइल चार्ज गर्न सुविधा पुग्छ । त्यो लागू हुन भने मङ्सिरसम्म लाग्यो । किनकि विद्युत् नियमन आयोगले निर्णय गर्न केही समय लाग्यो । यस आधारमा हेर्दा यस मन्त्रालयबाट नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको विषयमा सम्बोधन गर्न सकियो भन्ने लाग्छ । घरेलु महसुलमा पनि केही न केही घटाइएको छ ।

खाना पकाउने एलपी ग्यासको आयात केही मात्रामा भए पनि घटाउनका लागि हामीले स्वदेशी बिजुली प्रयोग गरौँ, विदेशी ग्यास छाडौँ भन्ने नाराका साथ अभियान चलायौँ । त्यसको केही न केही प्रभाव परेको छ । पेट्रोलियम पदार्थको आयात घटाउनका लागि पनि हामीले केही प्रयास गर्‍यौँ । यसले तत्काल प्रभाव नपरे पनि दीर्घकालमा यसको सकारात्मक प्रभाव पर्छ । विद्युतीय चुल्होको प्रयोग बढाउनका लागि ट्रान्सफर्मरको क्षमता वृद्धिलगायतका काम पनि अभियानका रूपमा अगाडि बढाएका छौँ ।

सय केभी क्षमतासम्मका ट्रान्सफर्मर निःशुल्करूपमा प्रतिस्थापन गर्न सकिने व्यवस्था गरेका छौँ । मैले मन्त्रालय सम्हाल्न आउँदा बिजुली खेर गइरहेको थियो । त्यो देख्दा धेरै नै चित्त दुख्यो । प्रयास गर्दा अलिक ढिलै भए पनि भारतले ३९ मेगावाट बिजुली खरिद गर्‍यो । हजार माइलको यात्रा पहिलो पाइलाबाट नै सुरु हुन्छ भनेजस्तै त्यो पनि नेपालको ऊर्जा निर्यातका लागि महत्वपूर्ण कोशेढुङ्गाका रूपमा स्थापित भयो । व्यापारलगायत विद्युत्को भरपूर उपयोग गर्ने विषयमा पनि महत्वपूर्ण काम भए । पछिल्लोपटक प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा ऊर्जा क्षेत्रमा महत्वपूर्ण सहमति भयो । विद्युत् उत्पादन, प्रसारण र वितरणमा त्यसले विशेष हिस्सा राखेको छ ।

**कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ सिँचाइमा बिजुलीको महसुल छुट दिइएको छ, त्यसबाट के कस्तो प्रभाव परेको छ ?**

हो, नेपालमा वार्षिक तीन खर्ब बढीको कृषि उपजको आयात भइरहेको छ । त्यसलाई रोक्नका लागि केही न केही पहल गर्नैपर्छ । त्यसका धेरै कारण छन् । कृषि उत्पादन बढाउने र उत्पादकत्वमा वृद्धि गर्ने कुरा धेरै छन् । आकाशे पानीको भरमा खेती गर्ने ठाउँमा सिँचाइ सुविधा पुर्‍याउने विषयलाई ध्यान दिइएको छ । कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउन सकेको खण्डमा उत्पादन बढाउन सकिन्छ भन्ने ध्येयका साथ मैले महसुल घटाए । उत्पादन बढाउने र व्यापारघाटा घटाउनका लागि पनि केही न केही उत्पादन बढाउनै पर्छ ।

सिँचाइमा राष्ट्रिय गौरवका आयोजनामा केही विलम्ब भएका थिए । त्यसलाई कसरी छिटो गराउन सकिन्छ भन्ने बारेमा विशेष ध्यान दियौँ । लामो प्रयासपछि महाकाली सिँचाइ आयोजनामा पनि पानी आएको छ । यस्तै डिपबोरिङमा पनि हामीले प्रयास गर्‍यौँ । झापामा १० हजार हेक्टर क्षेत्रफलमा सिँचाइ गर्ने लक्ष्यका साथ योजना सुरु भएको छ । भैरहवा तथा नवलपरासी क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने प्रयास भएको छ । सतह सिँचाइका योजना नपुगेका कैलाली पश्चिममा पनि काम सुरु भएको छ । राष्ट्रिय गौरवका आयोजनाले नभ्याउने अन्य क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउनका लागि असाध्यै ठूलो मेहेनत गरिएको छ ।

निर्माणाधीन आयोजनालाई शीघ्र सम्पन्न गराउन तथा सञ्चालनमा रहेका आयोजनाको मर्मतसम्भारमा पनि उत्तिकै ध्यान दिइएको छ । डिपबोरिङमा पनि त्यस्तै काम भएको छ । कपिलवस्तुमा सिँचाइ पुर्‍याउनका लागि नौमुरे आयोजनालाई जोड दिइएको छ । अहिलेको लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ मन्त्रालयले काम गरिरहेको छ । पहाडी क्षेत्रका टार तथा समथल क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याउनका लागि सरकारले महत्वका साथ काम गरिरहेको छ ।

मध्यपहाड र हिमाली क्षेत्रमा समेत सिँचाइ सुविधा पुर्‍याउनका लागि हामीले जहाँ खेतीयोग्य जमिन, त्यहाँ सिँचाइ भन्ने नाराका साथ काम गरिरहेका छौँ । कृषि उत्पादनको आयात रोक्ने उद्देश्यका साथ सिँचाइलाई केन्द्रमा राखेर नै काम भइरहेको छ । अरु धेरै विषय यसमा जोडिएका छन् । तर हामीसँग जोडिएको सिँचाइलाई विस्तार गर्ने लक्ष्यका साथ काम भएका छन् ।

**एक वर्षमा सम्पन्न भएका कामका आधारमा तपाईं कति सन्तुष्ट हुनुहुन्छ ?**

जे-जति काम एक वर्षको बीचमा अगाडि बढाइयो त्यस आधारमा म सन्तुस्ट नै छु । तर यो भन्दा अझै धेरै काम सकिन्थ्यो भन्ने पनि लाग्छ । अध्यादेशबाट बजेट आएको बेला नै मैले मन्त्रालयको जिम्मेवारी सम्हालेको हो । नयाँ ढङ्गले काम गर्न सकिएन । प्रतिस्थापन विधेयक पनि हतार-हतारमै ल्याइयो । हाम्रो लामो प्रशासनिक प्रक्रिया छन्, त्यसको पनि प्रभाव पर्‍यो नै । हामी पनि राजनीतिक मानिस भएकाले राजनीतिक काममा पनि केही समय दिइयो होला । स्थानीय निर्वाचनले पनि केही समय काम प्रभावित भयो ।

**तपाईंले अगाडि सार्नुभएको स्वदेशी बिजुली प्रयोग गरौँ, विदेशी ग्यास छाडौँ भन्ने नारालाई देशले नै आत्मसात् त गर्‍यो, तर त्यसको व्यवहारिकरूपमा कार्यान्वयन हुन सकेन भन्ने टिप्पणी भइरहेको छ ? यसलाई तपाईंले कसरी लिनुभएको छ ?**

यो टिप्पणी आङ्शिकरूपमा सही छ । हामीले हिजो सिएफएल बल्व बालेर लोडसेडिङको अन्त्य गरायौँ । त्यो बेला बिजुली बाल्ने कुरा नै महत्वपूर्ण थियो । अहिलेसम्मको ऊर्जा उज्यालोका लागि, अबको ऊर्जा उज्जवल भविष्यका लागि भनेर हामीले थप नयाँ व्यवहारिक कार्यक्रम अगाडि सारेका छौँ । मैले यो कुरा संसद्मा नै राखेको छु । अहिले इन्डक्सन बाल्नुस्भन्दा विद्यमान संरचनाले पुग्दैन । त्यसका लागि ट्रान्सफर्मरको क्षमता वृद्धि गर्नुपर्छ । घरको वाइरिङ पनि त्यस खालको छैन होला । त्यो पूर्वाधारको विकास पनि सँगसँगै लगेका छौँ । कोही कसैले थ्रिफेजको लाइन विस्तार गरिदेओस् भनेर माग गरेको खण्डमा सात दिनभित्र उपलब्ध गराउने व्यवस्था गरेका छौँ । ट्रान्सफर्मरको क्षमता बढाउनु माग आएको खण्डमा पनि हामीले सात दिनमै गर्ने व्यवस्था गरेका छौँ । सबै क्षेत्रमा त तत्काल सुविधा पुर्‍याउन नसकिएला । तर महानगर, उपमहानगर तथा नागरपालिका एवं सहज क्षेत्रमा गुणस्तरको वृद्धि गर्न सकिन्छ । पाँच प्रतिशत स्थानमा त केन्द्रीय प्रणाली नै जोड्न बाँकी छ ।

दुई वर्षभित्र सबैलाई बिजुली उपलब्ध गराउने लक्ष्यका साथ काम पनि भइरहेको छ । नब्बे हजार घरधुरीमा वैकल्पिक ऊर्जाको स्रोतमार्फत बिजुली उपलब्ध गराउने योजना पनि अगाडि बढेको छ । ग्रामीण विद्युतीकरणका लागि पनि प्रक्रिया अगाडि बढाइएको छ । जहाँ सुविधा पुगेको छ त्यहाँ थप क्षमता पुर्‍याउने, नपुगेका स्थानमा पुर्‍याउने लक्ष्य राखिएको छ । काठमाडौँ उपत्यकाको आगामी ५० वर्षमा के-कति बिजुली चाहिन्छ भनेर अध्ययन पनि भएको छ । वितरण, प्रसारण कसरी गर्ने भनेर त्यसको योजना पनि बनेको छ । सातै प्रदेशमा पनि के-कसरी अगाडि बढाउने भनेर काम भएको छ । गुणस्तरीय पूर्वाधार निर्माण गर्ने विषय पनि चुनौतीपूर्ण छ । त्यसको साथसाथै जनताले माग गरेअनुसारको बिजुली उपलब्ध गराउन हामी सक्षम छौँ ।

**विद्युतीय सवारीसाधनको प्रयोग बढाउने विषयलाई पनि यहाँले महत्वका साथ सार्वजनिक मञ्चमा धारणा राख्दै आउनुभएको थियो, तर नतिजा भने देखिएको छैन ?**

विद्युतीय सवारीसाधनको प्रयोगमा केही वृद्धि त भएको छ । तर अपेक्षितरूपमा भने अगाडि बढेको छैन । विद्युतीय सवारीसाधनको प्रयोगका लागि चार्जिङ स्टेशन निर्माण, क्षमता विस्तारका लागि सुन्दर यातायातलाई भर्खर मात्रै सहजीकरण गरिएको छ । सार्वजनिक यातायातमा प्रयोग हुने बिजुलीको डिमाण्ड शुल्क नलिने भनेर निर्णय गरेका छौँ । हामीले यस क्षेत्रलाई विशेषरूपमा प्रोत्साहन गरेका छौँ । हाम्रोमा नपाउने भन्ने नै छैन । अहिले श्रीलङ्काले लिन्छु भनेर पनि पाएको छैन ।

**जलाशयुक्त आयोजनाका सन्दर्भमा पनि यहाँले महत्वका साथ धारणा सार्वजनिक गर्नुभएको थियो, त्यसमा चाहि तपाईंले के गर्नुभयो ?**

जलाशययुक्त आयोजनाका बारेमा धेरै कुरा भएको तर, काम भने हुनसकेको थिएन । केही तयारीमा पनि छन् । त्यसमध्ये केही आयोजना अगाडि बढेका छन् । हिउँदमा कम हुने, वर्षामा बढी हुने अवास्थाको अन्त्यका लागि पनि र सन्तुलन मिलाउन पनि जलाशययुक्त आयोजना आवश्यक पर्छ । भरपर्दो नै त्यही हुन्छ । हामीसँग मात्रै नदी प्रवाही आयोजना छन् । अर्धजलाशयुक्त आयोजनामा निजी क्षेत्रले पनि चासो देखाएको छ । हाम्रो जोड भनेकै अर्धजलाशयुक्त र जलाशययुक्त आयोजना हो । निजी क्षेत्र पनि क्रमशः अर्धजलाशयुक्त आयोजनामा आकर्षित भएका छन् । एक हजार ५०० मेगावाटदेखि दुई हजार मेगावाट क्षमता बराबरका आयोजना निजी क्षेत्रले अगाडि बढाउने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाएका छन् ।

हामी माथिल्लो अरुणको वित्तीय व्यवस्थापन गर्न लागिपरेका छौँ । यो अन्तिम चरणमा छ । सुरुङसहितको बाटो बनाउनुपर्ने छ । परामर्शदाताको छनोट तथा अन्य काम पनि सँगसँगै अगाडि बढेका छन् । दूधकोसीको जग्गा अधिग्रहणको काम अगाडि बढेको छ । सो आयोजना हामी छिटो बनाउँदैछौँ । नलगाडको विस्तृत परियोजना प्रतिवेदन बनाउने कामलाई पनि म आएदेखि नै जोड दिएको छु । तर अन्तिम नतिजा भने आएको छैन । यो देशमा भनेको समयमा काम नहुने प्रवृत्ति छ । हाम्रा निर्माण व्यवसायी, परामर्शदाताका पनि कारण छ । उनीहरूका कारण पनि आयोजनाको समय र लागत दुवै बढेको छ । हामीले सोचेको र सस्तो मूल्यमा काम नहुने अवस्था छ ।

**सहरी क्षेत्रका नागरिकलाई विद्युतीय चुल्हो प्रयोग गर भन्दै गर्दा संरचनागत सुधारका लागि ठोस रूपमा के काम भए ?**

हामीले ट्रान्सफर्मरको क्षमता वृद्धिको काम अभियानका रूपमा अगाडि बढाएका छौँ । सय केभीएसम्मको ट्रान्सफर्मर नेपाल विद्युत् प्राधिकरणले निःशुल्करूपमा बदलिदिन्छ । मागेअनुसारको बिजुली उपलब्ध गराउँछौँ । थ्रीफेज लाइन सात दिनमा नै दिने व्यवस्था गरिएको छ । आधारभूत संरचना छ । त्यसमा सुधार गरिएकै छ । माग भएको ठाउँमा थप गर्दै जान्छौँ । भइरहेका संरचनाको गुणस्तर वृद्धिका लागि एकाध दिनमा नै काम गर्न सकिन्छ । पिकआवरमा समस्या हुनसक्छ । त्यसमा पनि व्यवस्थापन गरिएको छ । नियमावलीमा नै परिवर्तन गरिएको छ ।



**विशेषरूपमा काठमाडौँ उपत्यका र सहरी क्षेत्रमा कोठा भाडामा बस्नेले बढी शुल्क तिर्नु परेको भन्ने गुनासो व्यापकरूपमा उठ्ने गरेको छ, यसलाई सम्बोधन गर्ने केही प्रयास गर्नुभयो ?**

हो, यस खालको गुनासो आउने गरेको छ । मेरो सामाजिक सञ्जालमा पनि यस्ता गुनासा आउने गरेका छन् । हामीले के व्यवस्था गरेका छौँ भने घरधनीको सहमतिमा भाडामा बस्नेले पनि मिटर राख्न पाउने व्यवस्था गरेका छौँ । डेरामा बस्नेले बढी तिर्नु पर्दैन । हाम्रो अधिकतम मूल्य प्रतियुनिट ११ मात्रै छ । त्यो भन्दा बढी तिर्नु पर्दैन । बढी लिन पाइँदैन । बढी महसुल लिएको भए उजुरी गर्नुपर्छ । त्यो पनि एक प्रकारको ठगी नै हो । ठगी गर्न कानुनले नै बर्जित गरेको छ । सबैले मिटर राख्नुपर्छ ।

**सहरी क्षेत्रमा नै विद्युतीय सामग्रीको प्रयोग गर्नका लागि घरमा नैं यूजको क्षमता वृद्धि, वाइरिङ सिस्टममा परिवर्तन गर्नु पर्ने लगायतका धेरै काम गर्नुपर्ने हुन्छ । त्यसका लागि पनि सरकारको केही दायित्व हुन्छ होला नि ? आमरूपमा यस खालको जिज्ञासा उठ्ने गरेको छ । तपाई के भन्नुहुन्छ ?**

घरधनीले मैले अब यति क्षमताको बिजुली प्रयोग गर्छु भनेर प्राधिकरणका सम्बन्धित शाखामा गएर आवेदन दिनुपर्छ । तपाईँको घरमा यसरी जोड्नुस् भनेर जान के-कति सम्भव होला ? म अब इन्डक्सन बाल्छु, मेरो घरमा क्षमता बढाइदिनुस् भनेर माग गरेको खण्डमा तत्कालै त्यो भइहाल्छ । सहरमा मानिसका तला-तला भान्छा हुन्छ ? मैले कतिको राख्नुपर्ला भनेर सोध्नु पनि पर्‍यो । उपभोक्ता पनि आफैँ जागरुक हुनुपर्छ । खाना पकाउनका लागि ग्यासभन्दा बिजुली आधा सस्तो छ । हिजोसम्म ग्यास छ, चलेको छ भन्ने छ । हरेकपटक ग्यासको मूल्यवृद्धि भइरहेको छ । बिजुलीको मूल्य त क्रमशः घटिरहेको छ । संरचना तयार छ । सहरी तथा सहरोन्मुख क्षेत्रमा हामी मागअनुसारकै बिजुली दिन सक्ने अवस्थामा पुगेका छौँ । केही काममा भने उपभोक्ता पनि आफैँ जागरुक हुनुपर्छ । त्यसको हिसाब किताब गर्नुपर्छ ।

**भनेपछि संरचनाका कारण कोही कसैले पनि माग गर्दा पाएन भन्ने अवस्था छैन, भन्ने हो तपाईंको भनाइ ?**

हो, भौतिक संरचनाको स्तरोन्नति क्रमशः भइरहेको छ । उपभोक्ता आफैँले पनि यसमा चासो राख्नुपर्छ । प्राधिकरणका तर्फबाट भने क्रमशः काम भइरहेको छ । माग गरेको सात दिनभित्रै काम हुन्छ ।

**सबै तयारी भइसकेको एकदमै कम क्षमताको बुढीगङ्गा जलविद्युत् आयोजनासमेत अगाडि बढ्न नसकेको अवस्थामा मेगा परियोजनाको रूपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजना अगाडि बढाउने निर्णय गर्नुभएको छ, हाल उपलब्ध साधन र स्रोतले सो आयोजना निर्माणमा जान सक्छ ?**

ऊर्जाको हिसाबले लोड सेन्टर नजिक रहेको बूढीगण्डकी आयोजना निर्माणका लागि हामीले कम्पनी स्थापना गर्ने निर्णय गरेका छौँ । केही दिनभित्रै कम्पनी दर्ता हुँदैछ । यो आयोजना एकदमै जरुरी छ । हामीले उपभोक्तालाई बिजुली खपत बढाउनुस् भनेका छौँ । २४सै घण्टा सहजरूपमा बिजुली उपलब्ध गराउनका लागि पनि जलाशयुक्त आयोजना आवश्यक पर्दछ । सो आयोजना बनाउन ढिलो भएको छ । अब ढिला गर्नु हुँदैन भनेर प्रक्रिया सुरु गरिएको छ ।

प्रक्रियामा रहेका अरु आयोजना पनि निर्माण सुरु हुन्छन् । मैले त हरेक प्रदेशमा एक जलाशयुक्त आयोजना भनेको छु । त्यसमध्ये पनि अब बूढीगण्डकी जलविद्युत् आयोजना अगाडि बढ्छ । पहिला त्यो आयोजनाको अनुमतिपत्रको झमेला थियो । केहीले त तपाईँले सक्नुहुन्छ र भनेका थिए । चुनौती दिएका थिए । मलाई के लाग्यो भन्यो, मेरो देश पहिला हो । त्यसपछि मात्रै अरु हो । जोसँग आयोजना थियो, ऊ सँग स्रोत पनि थिएन । इपिसीएफको कानून पनि छैन हामीसँग । एक वर्ष ढिला हुनु भनेको पनि ठूलो मात्रामा बिजुली खेर जानु हो भन्ने ठानेर प्रक्रिया अगाडि बढाइएको छ । म लगातार यसमा लागेँ । मन्त्रिपरिषद्मा लगेर निर्णय भएको छ । अन्तरमन्त्रालयको सहमतिलगायतका अन्य कारणले गर्दा पनि केही समय ढिला त भयो । तर अब भने सो आयोजनाले गति लिने चरणमा पुगेको छ । त्यसको सबै प्रक्रिया अगाडि बढाइएको छ ।

केही सामान्य प्राविधिक समस्याका कारणले कम्पनी दर्ता हुनसकेको छैन । केही दिनभित्रै कम्पनी दर्ता हुन्छ । कम्पनी दर्ता भएपछि परामर्शदाता छनोटको काम पनि सुरु भइहाल्छ, जनशक्तिको व्यवस्थापन हुन्छ । त्यसपछि आयोजनाको बोलपत्रको काम सुरु हुन्छ । नेपाल सरकारले नै निर्माण गर्ने भनेर नीति कार्यक्रम र बजेटमा समावेश गरिएको छ । अरु साना आयोजना बनाउँदा त हामीले विदेशी ऋण लिएका छौँ । यो आयोजनाका लागि पनि केही ऋण लिने प्रक्रिया पनि अगाडि बढाइन्छ ।

सरकारको नीतिअनुसार नै आयोजनाका लागि नै भनेर ऋण लिइन्छ । आयोजना निर्माण अवधि नै छदेखि आठ वर्ष लाग्छ । एकैपटक धेरै पैसा चाहिँदैन । आवधिक हिसाबले नेपाल सरकारले उपलब्ध गराउने बजेट, केही ऋण तथा अनुदान गरेर पनि आयोजना अगाडि जान्छ । स्थानीयवासी पनि लगानी गर्न इच्छुक हुनुहुन्छ । आयोजना आफैँमा बहुउद्देश्यीय हो । आयोजनास्थल पर्यटकीय गन्तव्य बन्छ, कृषि र सिँचाइमा पनि योगदान दिन्छ । नेपालको अर्थतन्त्रमा पनि एउटा गेमचेञ्जर परियोजनाजस्तो बन्न जान्छ । अब बूढीगण्डकी आयोजना अगाडि बढ्यो । अब रोकिँदैन ।

**आयोजनाको लागतको हिसाबले विगतमा भनिएभन्दा झण्डै दोब्बर हुने अवस्था सिर्जना भयो भनिन्छ, लागतका हिसाबले यति महागो परियोजना निर्माण गर्न सक्छ नेपालले ?**

विगतमा विस्तृत परियोजना प्रतिवेदन बुझाएको समयबाट हेर्दा आठ वर्ष पूरा भएको छ । यसबीचमा हरेक क्षेत्रमा मूल्यवृद्धि भएको छ । त्यस आधारमा लागत केही बढ्न गएको छ । तर आयोजना निर्माण गर्ने भनेको प्रतिफलका लागि हो । बूढीगण्डकी आयोजना प्रतिफलका हिसाबले धेरै महत्वपूर्ण छ । लागत केही बढे पनि राज्यले चाहँदा बनाउन सक्छ । हामी बनाउन सक्छौँ । हामीले कयौँ आयोजनामा धेरै लगानी गरेका छौँ । प्रत्यक्षरूपमा पनि यसले लाभ दिन्छ । निर्माण अवधि नै आठ वर्ष हुने भएकाले त्यस अवधिमा क्रमशः लगानी गर्दै जाने हो । वार्षिकरूपमा रु ३० देखि ३५ अर्ब खर्च गर्न नसक्ने भन्ने हुँदैन । आयोजना अगाडि बढ्यो । हामी सम्पन्न गरेरै छाड्छौँ ।

**माथिल्लो अरूणलाई पनि यहाँले प्राथमिकतामा राखेको बताउनुभएको छ, सो आयोजनाको वित्तीय व्यवस्थापन हुन लागेको पनि जानकारी दिनुभयो ? सो आयोजनाले अब गति लिन लागेको हो भनेर विश्वास दिलाउन सक्नुहुन्छ ?**

हो, सो आयोजना अगाडि बढ्ने क्रममा छ । सो आयोजनाबाट प्रत्यक्ष प्रभावित भनेका २० परिवारमात्रै छन् । स्थानीयवासीले नै छिटो बनाउनुस् भन्नुभएको छ । हामी बनाउने भन्नेबारेमा एकदमै केन्द्रित छौँ । स्थानीयरूपमा केही लगानी जुटाउनुपर्ने छ । त्यसको हामीले तयारी गरिरहेका छौँ । हामीले स्वदेशी लगानीकर्तासँग छलफल पनि गरिसकेका छौँ । स्थानीयवासी पनि यस आयोजनाप्रति असाध्यै उत्साहित हुनुहुन्छ । सो आयोजना असाध्यै कम लागतमा निर्माण हुन सक्छ । हामी सन् २०२२ को अन्त्यसम्ममा आयोजनाको प्रक्रिया अगाडि बढ्छ ।

**तपाईंले जोड दिँदै आउनु भएको नलगाड जलविद्युत् आयोजनाको पाच वर्षसम्म पनि विस्तृत परियोजना प्रतिवेदन बन्न सकेको छैन, नौमुरेको हालत पनि उस्तै छ ? परामर्शदाताकै कारण किन हरेक आयोजनामा यस खालका समस्या देखिएका होलान् ?**

कोभिडका कारण पनि केही समस्या देखिएको छ । नलगाडको परामर्शदाताकै कारण समस्या खडा भएको छ । हाम्रो काम रोकेर बस्ने मान्छेका कारण समस्या भएको छ । ठेक्का तोडौँ भन्दा झनै समस्या, नगरौँ काम नै नगर्ने अवस्था उत्पन्न भयो । म सकारात्मक नतिजासहित प्रतिक्षामा छु । तर अब त कति समय पर्खेर बस्ने भन्ने जस्तो भयो । लगानीकर्ता लगानीका लागि तयार छ, तर डिपिआर बनेको छैन । अपजस पाउँदा सरकार र विशेषगरी राजनीतिक नेतृत्वले पाउँछ । एकदमै विलम्ब गर्ने काममा ठेकेदारको प्रमुख हात देखिन्छ । निर्माण व्यवसायीले हड्ताल गर्ने भन्ने पनि छ । हामीले लडेर स्वतन्त्रता ल्याइदियौँ, तर उपयोग हो कि दुरुपयोग हो ? समस्या कम हुनुको साटो झनै बढेर गएको छ ।

**कतिपय आयोजनाको ठेक्कामा चरमरूपमा विकृति देखिएको छ । मिलेमतो पनि उत्तिकै छ । समस्या कानुनमा हो कि काम गर्ने प्रक्रियामा हो ?**

कानुनमा समस्या छैन । ठेक्का प्रक्रिया पनि विद्युतीयरूपमा हुन्छ । अलिकति निर्माण व्यवसायीको पनि समस्या छ । प्रवृत्तिगतरूपमा समस्या छ । यसलाई सबैले मिलेर समाधान गर्नुपर्छ ।

**तपाईंले महत्वका साथ अगाडि बढाएको बिजुली व्यापारको विषयले सार्थकता पाएको छ । ३६४ मेगावाट बिजुली भारत निर्यात भइरहेको छ । तर यतिबेला पनि रातको समयमा बिजुली खेर गइरहेको छ भनिन्छ ? त्यसलाई आम्दानीमा परिणत गर्न किन नसकिएको होला ?**

हामीले अझै पनि बजारलाई सुनिश्चित गर्न सकेका छैनौँ । सबैभन्दा नजिकको बजार भारत हो । उहाँहरूको बिजुली खरिद गर्ने केही नीति-नियम छन् । उहाँहरू सकारात्मक नै हुनुहुन्छ । केही दिनभित्रै संयुक्त संयन्त्रको बैठक पनि छ । बिजुली व्यापारमा वृद्धि गर्ने सोचमा छौँ । त्यसका लागि निरन्तर पहल भइरहेको छ । आशा गरौँ सकारात्मक नतिजा निस्कन्छ । हामीले बिजुली व्यापारको प्रक्रिया सुरु गरेका छौँ । व्यापारघाटा कम गने उपयुक्त माध्यम भनेकै यही हो । कृषिमा आत्मनिर्भर बन्ने हो ।

**बिजुली निर्यातको कुरा गरिरहँदा उदयपुर सिमेन्ट उद्योगलगायत अन्य उद्योगले बिजुली पाएनन् भन्ने गुनासो आइरहेको छ ? देशभित्र नदिएर बिक्री गर्नुभएको हो र ?**

उदयपुर सिमेन्टले बिजुली नपाएको हाम्रो कारणले होइन । उहाँहरूकै प्राविधिक कारणले हो । केही महिना पहिले बिजुली आयातमा नै समस्या हुँदासमेत हामीले उपलब्ध गराएका थियौँ । देशभित्र बढी भएको मात्रै हामीले निर्यात गरेका हौँ । देशभित्र पछिल्ला दिनमा केही सकारात्मक वातावरण पनि बनेको छ । जग्गा प्राप्तिमा सबैभन्दा ठूलो समस्या छ । वर्षौंदेखि रोकिएको भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको दुम्कीबास खण्डमा रोकिएको निर्माण पनि सर्वोच्च अदालतले खोलिदिएको छ । अब लुम्बिनी प्रदेशमा बिजुली उपलब्ध गराउन सकिने भएको छ ।

हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माणमा देखिएको अवरोधसमेत खुलेको छ । सो प्रसारण लाइन ४०० केभीमा निर्माण हुँदैछ । पश्चिम क्षेत्रमा केही समस्या छ । त्यहाँ आयोजना पनि नबनेको अवस्था छ । कोहलपुर-छिन्चु प्रसारण लाइन निर्माणको प्रक्रिया अगाडि बढेको छ । केही आयोजना निर्माणको क्रममा छ । ती आयोजना निर्माण सम्पन्न भएपछि केही सहज अवश्य नै हुनेछ ।

**विशेषगरी तल्लो अरूण, अरूण चार तथा पश्चिम सेतीजस्ता आयोजना भारतीय कम्पनीलाई दिइएको भनेर आलोचना पनि भएको छ । हामीसाग स्रोत नभएर हो वा अरू कुनै कारणले ती आयोजना निर्माणको जिम्मा लगाइएको हो ?**

अरुण चार आयोजना संयुक्त लगानीमा निर्माण गने भनेर हामीले प्रक्रिया अगाडि बढाएका हौँ । हामीसँग भएका कुनै पनि आयोजना एक दिन पनि ढिला नगरीकनै अगाडि बढाउनुपर्छ । एक दिन ढिला हुँदा पनि अर्बौं घाटा हुने अवस्था छ । तर हामीसँग पर्याप्त पूँजी छैन । हामीलाई पूँजी र बजार दुवै चाहिएको छ । हाम्रो सरकारी कम्पनी र छिमेकी देशको पनि सरकारी कम्पनीबीच सहकार्य हुन लागेको छ । संयुक्त लगानी गर्न लागेका छौँ । प्राविधिकरूपमा ४३ हजार मेगावाट बराबरको बिजुली उत्पादन गर्न सकिने अवस्था छ । केही वर्षपछि त जुनसुकै कम्पनीले लगानी गरे पनि ती आयोजना सरकारको नाममा आउँछ नै । त्यसबेला हामीले नेपाली जनतालाई निःशुल्क बिजुली दिन सक्छौँ । ब्याज तिरेर पैसा खोज्नुभन्दा संयुक्तरूपमा आयोजना बनाउँदा नै राम्रो हुन्छ । सुनकोसी तेस्रो आयोजना बङ्गलादेशसँग मिलेर निर्माण गर्दैछौँ । हामी श्रीलङ्कालाई पनि बिजुली बिक्री गर्न सक्छौँ ।

**बङ्गलादेशलाई बिजुली बिक्री गर्ने विषयले प्राथमिकता किन पाउन नसकेको होला ? नेपाल, भारत र बङ्गलादेशबीच त्रिपक्षीय संवाद गने भनिएको पनि लामै समय भयो, त्यसमा खासै प्रगति हुन सकेको छैन, किन त्यस्तो भएको होला ?**

हामी तीनवटै देश नेपाल, भारत र बङ्गलादेश बिबीआइएनमा छौँ । विद्युत् उत्पादन, प्रसारण र बिक्री गर्ने विषयमा हाम्रो सहमति छ । नेपाल र भारतबीच केही समय पहिले भएको संयुक्त ऊर्जा सहकार्यसम्बन्धी अवधारणामा पनि सो विषय समेटिएको छ । अहिले पनि बङ्गलादेशले भारतबाट बिजुली लगिरहेको छ । उहाँहरूलाई बिजुली आवश्यक छ । बङ्गलादेशसँग पनि केही दिनभित्रै छलफल हुँदैछ । यसलाई हामीले त्रिपक्षीय बनाउनुपर्छ । सहमति बनाएर यसमा शीघ्र नै काम हुन्छ भन्ने मेरो विश्वास छ ।

**निजी क्षेत्रलाई बिजुली बिक्रीको अनुमति दिने विषय कहाा पुग्यो ? उनीहरूले निरन्तर माग गरिरहेकै छन् ? किन रोकिएको होला ?**

निजीलाई दिन हामी स्पष्ट छौँ, खुला छौँ । हाम्रो विद्यमान ऐनमा त्यो व्यवस्था छैन । नयाँ विद्युत् ऐन राष्ट्रियसभामा छ । त्यसलाई पारित गराउन क्रियाशील छौँ । निजी क्षेत्रले देशभित्र माग गर्नुभएको छैन । मैले व्यापारमा पनि अनुमति दिन खोजेको थिएँ । सबै तयारी पनि भएको थियो । ऐनमा नभएको भन्दै कानुन मन्त्रालयको राय आएकाले त्यो रोकिएको छ । या त संसद्मा त्यो विधेयक पास गर्ने वा अन्य अरु कुनै प्रक्रियाबाट दिने भनेर हामी गृहकार्यमै छौँ । हामी निजी क्षेत्रलाई अनुमति दिन्छौँ ।

**विद्युत् खरिद सम्झौताका बारेमा पछिल्ला दिनमा केही निर्णय भएको हो र ? परस्परविरोधी धारणा सार्वजनिक भएका छन् ? स्पष्ट पारिदिनुस् न ?**

सरकारको एउटा निकायले अनुमतिपत्र दिएको छ, अर्को निकायले रोकेको छ । रोकेर राख्दा पनि समस्या हुने भएकाले केही सम्बोधन गर्ने प्रयास गरिएको छ । बजार पनि खुलेको, निजी क्षेत्रले पनि व्यापार गर्छु भनेको अवस्था छ । आयोजना बनाउन पनि समय लाग्ने भएकाले हामीले सहजीकरण गर्न खोजेका छौँ । नदी प्रवाही आयोजनाका केही आयोजना खुलाउने तयारीमा छौँ । केही दिऔँ भनेर कार्यदल बनाएर काम अगाडि बढायौँ । त्यसै आधारमा मन्त्रिपरिषद्ले निर्णय गरेको छ । हामीले प्राधिकरणलाई पठाउन बाँकी छ ।

**अन्त्यमा, एउटा राजनीतिक प्रश्न । तपाईं नेकपा (माओवादी केन्द्र) को नेतृ पनि हुनुहुन्छ । महाधिवेशन सकिएको लामो समयसम्म पनि पदाधिकारी चयन हुनसकेको छैन । बनाइएको भनिएको पोलिटब्यूरो र स्थायी समिति पनि अपुरो छ । तपाईंको विचारमा किन यस्तो भएको होला ? पदाधिकारी चयन गर्दा, तपाईंको इच्छाचाहि कुन पदमा छ ?**

समय माग भएका कारणले पनि केही विलम्ब भएको हो । पोलिटब्यूरो भएको छ । यही साउन १६ गतेभित्र बैठक बस्छ र त्यसले निर्णय गर्ला । सहमति हुने अवस्थामा मैले महासचिवमा दाबी गरेको हो ।

**पार्टी अध्यक्षले चर्चामा नआएको नेतालाई महासचिव बनाउछु भन्नुभएको छ ? यस आधारमा पनि तपाईंको सम्भावना त फेरि पनि रहने भयो नि ?**

हामी सबैले अध्यक्ष प्रचण्डलाई नै जिम्मा दिएका छौँ । उहाँले ल्याउने नाममा हाम्रो सहमति रहन्छ । अध्यक्ष प्रचण्डलाई प्रस्ताव ल्याउनुस् हामी मान्छौँ भनेका छौँ । अब टुङ्गिन्छ भन्ने लाग्छ ।

# भारत-चीन सैन्य वार्ता चुशुलमा शुरू

एएनआई

नयाँदिल्ली। भारत र चीनका सैन्य अधिकारी सम्मिलित १६औँ चरणको वार्ता चुशुलमा शुरु भएको छ। भारतीय भूमि



चुशुल-मोल्दो सीमा बिन्दुमा जारी बैठक पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखा (एलएसी)बाट सेना फर्काउनेमा केन्द्रित रहेको स्रोतले जनाएको छ।

वार्तामा भारतीय पक्षको नेतृत्व फायर एन्ड फ्युरी कोर कमाण्डर लेफ्टिनेन्ट जनरल ए सेनगुप्ताले गरेका छन्। द्विपक्षीय उच्चस्तरीय सैन्यवार्ताका निम्ति आजको बैठकले मार्गप्रशस्त गर्ने अपेक्षा गरिएको छ।

यसअघि दुवै पक्षले सीमा क्षेत्रमा सुरक्षा र स्थायित्व कायम गर्न सहमति जनाएका थिए। साथै दुवै देशले समाधान हुन बाँकी समस्या सैन्य र कूटनीतिक वार्ताका माध्यमबाट टुङ्ग्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

सन् २०२० को अप्रिल-मेमा चीन-भारत सिमानाको पश्चिमी क्षेत्रको वास्तविक नियन्त्रण रेखा (एलएसी)मा चिनियाँ पक्षले एकतर्फीरूपमा यथास्थिति परिवर्तनको धैरै पटक प्रयास गरेपछि दुई देशबीचको सम्बन्ध चिसिएको थियो। कैयौँ चरणका वार्तापछि दुवै पक्षले आफ्ना मतभेदलाई व्यवस्थापन गर्न र कुनै पनि विषयमा विवाद नगर्ने सहमति जनाएका थिए। साथै दुवै पक्षले सीमा विवादको अन्तिम टुङ्गो नलागेसम्म सीमा क्षेत्रमा शान्ति सुरक्षा कायम गर्नु द्विपक्षीय सम्बन्धको समग्र विकासका लागि आवश्यक आधार भएको स्वीकार गरेका थिए।

हालै इण्डोनेशियाको बालीमा भएको जी-२० का विदेशमन्त्रीको बैठकमा भाग लिने क्रममा आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग भएको भेटमा भारतका विदेशमन्त्री एस जयशङ्करले सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्ने दिशामा बाँकी रहेका कामलाई गति दिनुपर्नेमा जोड दिएका थिए।

दुई वर्षअघि गलवान उपत्यकामा भारत र चीनबीच भएको भिडन्तमा २० भारतीय सैनिकको मृत्यु भएपछि दुई देशबीचको सम्बन्ध सुमधुर बन्न सकेको छैन। यद्यपि द्विपक्षीय व्यापार निर्वाधरूपमा भइरहेको छ।

# खेल क्षेत्रमा महत्वपूर्ण उपलब्धि

काठमाण्डु। राष्ट्रको पहिचान मानिने खेल क्षेत्र र गहना मानिने खेलाडीका लागि गएको वर्ष उत्साहमूलक नै बन्यो। कोरोना महामारीले थिलथिलिएको नेपालको खेल क्षेत्रले खासगरी वर्तमान सरकार गठनपछिको एक वर्षको अवधिमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा विशिष्ठ पहिचान बनाउन सकेको छ।

यस अवधिमा नेपालले अन्तर्राष्ट्रियस्तरका १२ र राष्ट्रियस्तरका ८२ प्रतियोगिताको आयोजना गरी उल्लेख्य उपलब्धि हासिल गर्न सफल भएको छ। नेपालले विभिन्न ३५ अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागितासमेत जनाएको थियो।

सरकारको एकवर्षे अवधिभित्र नेपालको राष्ट्रिय खेल भलिबलमा महिला टोलीले उल्लेखनीय उपलब्धि हासिल गऱ्यो। बङ्गलादेशमा सञ्चालित एसियन सेन्ट्रल जोन भलिबल प्रतियोगितामा नेपाली महिला टोली अब्बल खेल प्रदर्शन गर्दै च्याम्पियन बन्न सफल भयो।

बङ्गलादेशको मिरपुरमा भएको फाइनल खेलमा नेपालले उज्वेकिस्तानलाई ३-२ सेटमा पराजित गर्दै उपाधिमाथि कब्जा जमाउन सफल भयो। नेपालले उपाधि जितेलगत्तै युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले नगद पुरस्कारको घोषणा गर्नुभएको थियो। सरकारले राष्ट्रिय महिला भलिबल टोलीका १२ खेलाडीलाई जनही रु पाँच लाख प्रदान गर्दा टोलीका मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्ट र प्रशिक्षक भरत यादवलाई जनही रु तीन लाख प्रदान गरेको थियो।

गत वर्ष फुटबल खेलले पनि नयाँ छलाङ माऱ्यो। दक्षिण एशियाली खेलकुद (साफ) च्याम्पियनसिप फुटबलको करिब २८ वर्षे इतिहासमा नेपालले नयाँ इतिहास रच्यो। माल्दिभ्समा भएको उक्त प्रतियोगितामा बङ्गलादेशसँग एक/एक गोलको बराबरी खेल्दै साफ च्याम्पियनसिपमा पहिलोपटक फाइनलमा पुगेर आम नेपाली फुटबल प्रेमीलाई खुसी प्रदान गऱ्यो।

नेपाली फुटबल इतिहसामा नेपाली खेलाडीले गरेको ऐतिहासिक प्रदर्शन निकै महत्वपूर्ण क्षण रहेको थियो। त्यतिबेला नेपाललाई फाइनल पुग्न जित या बराबरीको आवश्यकता थियो र नेपालले बराबरी खेल्यो। मालेको राष्टिय रङ्गशालामा भएको फाइनल खेलमा भारतसँग ३-० गोलअन्तरले पराजित भएपछि नेपाल इतिहास रच्नबाट बञ्चित हुँदै दोस्रो स्थानमा रह्यो। फुटबल खेलमा नेपाली टोलीले उल्लेखनीय प्रदर्शन गरेको भन्दै युवा तथा खेलकुमन्त्री गहतराजको पहलमा सहभागी टोलीलाई सरकारले सम्मानसमेत गऱ्यो।

प्रधानमन्त्री शेरबाहदुर देउवाले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा परिचय बनाउन सफल बनेको खेलाडीले गरेको मेहनतको कदर गर्दै सम्मान गर्नुभएको थियो। सम्मानस्वरुप राष्ट्रिय फुटबल टोलीका २३ खेलाडीले जनही रु पाँच लाख प्राप्त गर्दा प्रशिक्षकले रु तीन लाख पाउनुभएको थियो।

एक वर्षको अवधिमा नेपालले खेलेको विभिन्न अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामध्ये तेक्वान्दोमा चार स्वर्ण, तीन रजत र पाँच कास्यपदक हात पाऱ्यो। यसैगरी कराते खेलमा चार स्वर्ण र दुई कास्यपदक हासिल गऱ्यो। एथ्लेटिक्समा भने एक रजत र बक्सिङमा तीन कास्य पदक प्राप्त गऱ्यो।

युवा तथा खेलकुद मन्त्रलायले अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक प्राप्त गर्ने १९४ खेलाडीलाई मासिक जनही रु ६ हजारका दरले भत्ता दियो। यसैगरी प्रथम ओलम्पियन पाँच जनालाई मासिक रु १० हजारका दरले प्रोत्साहन भत्ता दिने व्यवस्था गर्नुका साथै ओलम्पिकमा सहभागिता जनाउने ५७ खेलाडीलाई समेत मासिक रु चार हजारका दरले सम्मान तथा प्रोत्साहन भत्ता वितरण गऱ्यो।

*एशियाली खेलकुदमा नेपालले २३ खेलमा सहभागिता जनाउनेछ। महिला फुटबल, महिला भलिबल, तेक्वान्दो, कराते, टेबल टेनिस, व्याडमिन्टन, जुडो, फेन्सिङ, बक्सिङ, एथ्लेटिक्स, साइक्लिङ, गल्फ, कुस्ती, भारत्तोलन, ट्रायथलन, उसु, आर्चरी, बास्केटबल, महिला कबडी, महिला ह्यान्डबल, पुरुष क्रिकेट, गल्फ र सुटिङमा नेपालले सहभागिता जनाउने छ।*

सरकारको यस एकवर्षे कार्यकालमा मूलपानी क्रिकट एकेडेमी आयोजनाको ३० प्रतिशत कार्य सम्पन्न भइसकेको छ। भैरहवा क्रिकेट मैदानको प्याराफिटको भित्री पार्टेसन गारो र प्लास्टर गर्ने कार्य भइरहेको र इलेक्ट्रिक वायरिङको कार्य चालु छ। उक्त आयोजना हालसम्म करिब २१ प्रतिशत काम भएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ।

युवा तथा खेलकुद मन्त्रालयका प्रवक्ता विदुर ढकालले सरकारको एकवर्षे कार्यकालमा प्रतियोगिताभन्दा पनि खेल पूर्वाधार निर्माणमा विशेष केन्द्रित भएको बताउनुभयो। उहाँका अनुसार धनगढी रङ्गशालाको प्याराफिटको ब्लक निर्माण कार्य ४२ दशमलव ७५ प्रतिशत सम्पन्न भएको छ। पोखरा रङ्गशालाको बाटो, बाँकी इन्टरलकिङ ब्लक हाल्ने र प्रि-इञ्जिनियरिङ भवनको टाइल फिनिसिङ कार्य जारी छ। पोखरा आयोजनाको पनि ८० प्रतिशत काम सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

यसैगरी नेपालगञ्ज रङ्गशाला निर्माणको ७५ प्रतिशत काम सकिएको छ। रङ्गशालामा सिन्थेटिक ट्र्याक निर्माणका लागि लागत स्रोत सुनिश्चित प्राप्त भएकाले लागत इस्टिमेट तयारी भई ठेक्का आह्वान गरिएकामा कुनै पनि बोलपत्रदाता क्वालिफाइड नभएकाले तत्कालका लागि ठेक्का रद्द गरिएको मन्त्रालयले जनाएको छ। झापाको दमकमा रहेको निर्माणाधीन कभर्डहलको २० दशमलव ७५ प्रतिशत कार्य सम्पन्न भएको छ। कभर्डहल निर्माणको पहिलो तल्लाको स्लाब ढलान सम्पन्न भएको छ।

सिमरा रङ्गशाला आयोजनाको करिब ६ प्रतिशत कार्य सम्पन्न भएको छ। सुर्खेत रङ्गशाला आयोजनाको काम ३ दशमलव ५ प्रतिशत सकिएको छ। सुर्खेत रङ्गशालामा हाल ग्रिल क्याव्रिकेशन गरी जडानका लागि साइटमा पोष्ट ठड्याउने कार्य भइरहेको छ। पाँचथरको फिदिममा अवस्थित रङ्गलाशालाको रिटेनिग स्ट्रक्चरको फाउन्डेसन कार्यसम्पन भई कूल आयोजनाको १३ दशमलव २५ प्रतिशत काम सम्पन्न भएको छ। हाल पाँचथरको मल्टिप्रपोज तीन ब्लकको सियर वाल तीन मिटर ढलान सम्पन्न भएको छ।

मनाङको तिमाङमा हाइअल्टिच्युड ट्रेनिङ सेन्टर निर्माणका लागि ग्राउण्डको तारबार तथा रिटेनिङ वाल निर्माण कार्य अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ। विभिन्न ठाउँमा खेलकुद पूर्वाधार निर्माणमा करिब ४२५ जनाले रोजगारीसमेत प्राप्त गरेको मन्त्रालयले जनाएको छ। मन्त्रालयले खेल विश्वविद्यालयलको स्थापनाको सम्भाव्यताका विषयमा अध्यन गरिरहेको जनाएको छ। एक वर्षमा मन्त्रालयले खेलकुदका ४५ राष्ट्रियस्तरका सङ्घसंस्थाको क्षमता अभिवृद्धि कार्यक्रमसमेत सञ्चालन गऱ्यो।

राष्ट्रिय खेलकुद नियमावली, २०७८ को मस्यौदालाई मन्त्रिपरिषद्मा पेश गर्ने तयारी गरिरहेको छ। ३२० खेलकर्मीलाई खेलकुदमा प्रतिवन्धित औषधि सेवनविरुद्धको सचेतना प्रदान गरिएको छ। मन्त्रलायले स्थानीयस्तरमा एक लाख ४४ हजार ५०० र राष्ट्रियस्तरमा ११ हजार ६०० खेलाडीलाई निरन्तर खेलकुद प्रशिक्षण गराइरहेको छ।

एसियाकै सबैभन्दा ठूलो प्रतियोगिता १९औँ एशियाली खेलकुद (एसियाड)को लागि २३० पुरुष र २४५ महिला गरी कूल ५१४ खेलाडीको प्रारम्भिक चरणको छनोट कार्य सम्पन्न गरेको छ। चीनको होङ्झोउमा आयोजना हुने भनिएको उक्त प्रतियोगितामा नेपालले २३ खेलमा सहभागिता जनाउने पक्का भएता पनि प्रतियोगिता कहिले हुन्छ भन्ने यकिन हुन सकेको छैन।

कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै चीनले आगामी भदौ २५ देखि असोज ९ गतेसम्म आयोजना गने भनिएको उक्त प्रतियोगिता अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरेको छ। ठूलो समूहमा जमघट हुने भएकाले आयोजक चीनले कोरोना महामारी बढ्न सक्ने भन्दै प्रतियोगिता स्थगित गरिएको जनाएको थियो। एशियाली खेलकुदमा नेपालले २३ खेलमा सहभागिता जनाउनेछ। महिला फुटबल, महिला भलिबल, तेक्वान्दो, कराते, टेबल टेनिस, व्याडमिन्टन, जुडो, फेन्सिङ, बक्सिङ, एथ्लेटिक्स, साइक्लिङ, गल्फ, कुस्ती, भारत्तोलन, ट्रायथलन, उसु, आर्चरी, बास्केटबल, महिला कबड्डी, महिला ह्यान्डबल, पुरुष क्रिकेट, गल्फ र सुटिङमा नेपालले सहभागिता जनाउने छ।

नेपालको महिला फुटबल टोली र महिला भलिबल टोलीले पहिलोपटक एशियाली खेलकुदमा सहभागिता जनाउने भएको हो। युवा तथा खेलकुदमन्त्री गहतराजले बङ्गलादेशमा सम्पन्न सेन्ट्रल जोनको उपाधि जितेर फर्केपछि नेपाली महिला टोलीलाई एशियाली खेलमा सहभागिता गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। महिला टोलीले एशियाली खेलमा सहभागिताको अवसर प्राप्त गर्न सफल भए। यसैगरी एशियन गेम्समा नेपाली पुरुष क्रिकेट टोलीले करिब आठ वर्षपछि सहभागिताको मौका पाएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङले १९औँ एशियाली खेलकुद प्रतियोगिताको तयारीमा कुनै कसर बाँकी नराख्ने बताउनुभयो।

# अफगान सवारी दुर्घटनामा आठ मृत्यु

एएनआई

काबुल। अफगानिस्तानको बाघलान प्रान्तमा भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा कम्तीमा आठ जनाको मृत्यु भएको छ। साथै अन्य ३० जना घाइते भएका स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन्।

काबुलबाट यात्रु बोकेको बस शनिबार बिहान करिब २ बजे पुल-ए-खुम्री सहरनजिकै ट्रकसँग ठोक्किएको बागलानको सूचना र संस्कृति निर्देशनालयका प्रमुख मलावी मुस्तफा हासेमीले जानकारी दिएका टोलो न्यूजले जनाएको छ। दुर्घटना हुँदा म सुतिरहेको थिएँ,' घटनामा घाइते भएका हेरात निवासी मोहम्मद नाबीले भनेका छन्।

काबुलबाट समाङ्गन जाँदै गरेको नाबीले आफ्नो छोरा र भाइ पनि घाइते भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। "यात्राको क्रममा म निदाइरहेको थिएँ र यो घटना भयो," अर्का यात्रु अली मोहम्मदले भने।

घटनामा घाइते भएका मानिसहरूलाई बाघलान र समाङ्गन प्रान्तका दुई अस्पतालमा लगिएको अधिकारीहरूले जानकारी दिएका छन्

बाघलान अस्पतालका प्रमुख मोहम्मद अनवर वर्दकले भने, "हामीले एक बालक र एक महिलासहित १५ जना घाइतेलाई भर्ना गरेका थियौं। केही घाइतेलाई अस्पतालबाट घर फर्काइएको छ। घटनामा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

बाघलानको दोशी जिल्लामा शुक्रबार साँझ एउटा गाडीले नियन्त्रण गुमाउँदा कम्तीमा चार जना घाइते भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

गत मे महिनामा बाघलान प्रान्तमा भएको सडक दुर्घटनामा तीन जनाको मृत्यु भएको सञ्चार माध्यमले ट्राफिक प्रहरीलाई उद्धृत गर्दै जानकारी दिएको छ।

# बेइजिङले भन्यो 'विकृत सूचना अभियान' निराधार

एएनआई

बेइजिङ। नेपालका लागि मनोनित अमेरिकी राजदूत डीन आर थम्पसनले गरेको टिप्पणीको बेइजिङले खण्डन गर्दै त्यसलाई निराधार भनेको छ। गत बुधवार सिनेटको विदेश सम्बन्ध समितिसमक्ष मनोनित राजदूत थम्पसनले चीनको विकृत सूचना अभियानको सामना गर्दै गत फेब्रुवरीमा नेपालको संसद्ले ५० करोड अमेरिकी डलरको अनुदान परियोजना पारित गरेको बताएका थिए। थम्पसन टिप्पणीप्रति आपत्ति जनाउँदै चीनले त्यसलाई निराधार भनेको हो।

मिलेनियम च्यालेन्ज कर्पोरेशन कम्प्याक्ट (एमसिसी)लाई लिएर भएको उक्त टिप्पणीको प्रतिवाद गर्दै काठमाडौँस्थित चिनियाँ दूतावासले शुक्रबार थम्पसनको भनाइले चीनको निन्दा मात्र नभइ नेपाल र नेपालीलाई अपमानित गरेको बताएको थियो। "यो नेपाल सरकार र जनताले आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रताको रक्षा गर्न तथा राष्ट्रिय हितको रक्षाका निम्ति गरेको काम हो। अन्तरराष्ट्रिय विकास सहयोग लिँदा पारस्परिक सम्मान र समानताको सिद्धान्तलाई कायम राख्नुपर्छ, सम्बन्धित देशको सार्वभौमसत्ता र जनताको इच्छाको पूर्णसम्मान गर्नुपर्छ भन्ने चीनको दृढ विश्वास रहेको छ," दूतावासले जारी गरेको वक्तव्यमा भनिएको छ। रासस

# नेपालले स्कटल्याण्डलाई जितका लागि दियो १ सय २९ रनको लक्ष्य


काठमाण्डु। आइसिसी विश्वकप क्रिकेट लिग दुई अन्तर्गत त्रिकोणात्मक एक दिवसीय सिरिजमा नेपालले स्कटल्याण्डलाई जितका लागि १२९ रनको लक्ष्य दिएको छ।

स्कटल्याण्डको टिटवुड ग्लासगोमा आज भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ३५ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १२८ रन मात्र बनाउन सक्यो। नेपालका लागि आसिफ शेखले सर्वाधिक ४० रनको योगदान दिए। उनले ५८ बल खेल्दै ६ चौकाको मद्दतमा ४० रन बनाएका हुन्। यसैगरी कप्तान सन्दिप लामिछानेले २२ रन जोड्दा विनोद भण्डारीले १३ तथा देव खनाल र रोहित पौडेलले समान १०/१० रन जोडे।

दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र करण केसीले समान ७/७ रनको योगदान दिए भने कुशल भुर्तेलले ३ रन जोडे। नेपाललाई सस्तैमा समेट्ने क्रममा स्कटल्याण्डका हमजा ताहिर एक्लैले चार विकेट लिए भने मार्क वार्टले तीन विकेट लिए। गाभिन मैनले दुई विकेट लिँदा क्रिस्टोफरले एक विकेट हात पारे। १२९ रनको विजयी लक्ष्य पच्छ्याएको स्कटल्याण्ड अहिले जवाफी ब्याटिङमा उत्रेको छ।

उक्त सिरिजअन्तर्गत यसअघि नेपालले स्टकल्यण्डलाई पाँच विकेटले पराजित गरेको थियो। नेपाल नामिबियासँग भने दुवै खेलमा पराजित भएको थियो। पहिलो खेलमा नेपाल नामिबियासँग ४० रन र सिरिजको तेस्रो खेलमा ६३ रनले पराजित भएको थियो। यता स्कटल्याण्डले भने नामिबियालाई दुवै खेलमा हराएको थियो।रासस

# विश्वकप क्रिकेट लिग दुईः नेपाल नामिबियासँग पराजित



काठमाण्डु। आइसिसी पुरुष विश्वकप लिग दुई त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपाल फेरि पनि नामिबियासँग पाजित भएको छ। स्कटल्याण्डको कम्बसदुन न्यू ग्राउन्ड, एयरमा गए राति सम्पन्न खेलमा नेपाल नामिबियासँग ६३ रनले पराजित भएको हो। जारी सिरिजमा यसअघि भएको पहिलो खेलमा पनि नेपाल नामिबियासँग ४० रनले पराजित भएको थियो।


नामिबियाले जितका लागि नेपाललाई २०० रनको लक्ष्य दिएको थियो। जवाफमा नेपाल ३७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १३६ रनमा समेटियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ३८ रन बनाए। त्यस्तै आसिफ शेखले ३४ रन जोड्दा आदील आलमले २० रन बनाए। रोहित पौडेलले १७ तथा पवन सर्राफ १० रनमा अविजित रहे। आरिफ शेखले चार रन तथा देव खनाल र सोमपाल कामीले एक-एक रन जोडे भने कुशल भुर्तेल, कप्तान सन्दीप लामिछाने र बसिर अहमेदले खाता खोल्न सकेनन्।

नामिबियाका बेर्नार्ड स्कोल्ट्जले पाँच विकेट लिए भने जान फ्राइलिङ्कले तीन विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नामिबियाले ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १९९ रन बनाएको थियो। नामिबियाका लागि कप्तान जेहार्ड एरास्मसले सर्वाधिक ५३ रनको योगदान दिए। यस्तै डेभिड विएसले ३४ रन जोड्दा जेजे स्मिथ र डिभान ला ककले समान २७ रन जोडे। जान निकोल र रुबेन ट्रम्पेलम्यानले समान १९ रन बनाए। नेपालका कप्तान सन्दीप लामिछानेले चार विकेट लिए भने सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले समान दुई-दुई विकेट लिए। बसिर अहमेदले एक विकेट लिए। सिरिजअन्तर्गतको अन्तिम खेल नेपालले आज स्कटल्याण्डसँग खेल्नेछ। यसअघि भएको खेलमा नेपालले स्कटल्याण्डलाई पाँच विकेटले हराएको थियो।

यसैगरी यस हारसँगै नेपाल लिग दुईको अङ्क तालिकाको छैटौँ स्थानमा झरेको छ। नेपालले १९ खेलमा १७ अङ्क जोडेको छ। नामिबिया भने १८ खेलमा १८ अङ्क जोडेर पाँचौँ स्थानमा उक्लिएको छ।रासस

# राष्ट्रपति निर्वाचनप्रति विपक्षी नेता प्रेमदासा चिन्तित

एएनआई



कोलम्बा। श्रीलङ्काका प्रमुख विपक्षी नेता तथा आगामी राष्ट्रपतिको निर्वाचनमा अग्रपङ्तिमा रहेका सजिथ प्रेमदासाले अब हुने राष्ट्रपति चुनावप्रति चिन्ता व्यक्त गर्दै वर्तमान संसद्ले बहुमत जनताको प्रतिनिधित्व नगर्ने बताएका छन्।

अहिलेको संसद्मा पूर्वराष्ट्रपति गोटाबाया राजापाक्षको बहुमत रहेकाले त्यसले तल्लो तहका बहुसङ्ख्यक जनताको विचारलाई प्रतिनिधित्व नगर्ने बताउँदै उनले चिन्ता व्यक्त गरेका हुन्।

राष्ट्रपतिको निर्वाचन प्रक्रियाबारे टिप्पणी गर्दै प्रेमदासले गोटाबाया राजपाक्षको विधानसभामा बहुमत रहेको २२५ सांसदले करिब दुई करोड २० लाख श्रीलङ्कालीको भाग्यको फैसला गर्ने अहिलेको वास्तविकता सुनाए।

देशको आर्थिक सङ्कटबारे चर्चा गर्दै उनले त्यसबाट राष्ट्रलाई उकास्ने योजना आफूसँग रहेको बताए। अतिधनीलाई करमा सहुलियत दिने आर्थिक कदम नचाल्न विगत तीन वर्षदेखि आफूले सरकारलाई जानकारी गराउँदै आएको तर त्यसलाई कहिल्यै कसैले नसुनेकाले अहिलेको विषम परिस्थिति उत्पन्न भएको उनले जनाए। विपक्षी नेता प्रेमदासले पूरै व्यवस्थालाई सच्च्याउन नयाँ निर्वाचन आवश्यक भएकामा जोड दिए।

प्रेमदासले भारत सरकारको प्रशंसा गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी, उनको सरकार र भारतका जनताले आफ्नो देशका जनताका आधारभूत मानवीय आवश्यकता पूरा गर्ने सन्दर्भमा अतुलनीय सहयोगको गरेकामा आभार व्यक्त गरे। यसअघि विपक्षी नेता प्रेमदासाले राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गने घोषणा गरेका थिए।

राष्ट्रपति राजापाक्षले पदबाट राजीनामा दिएकाले संविधानबमोजिम आगामी बुधबार संसद्ले नयाँ राष्ट्रपति चयन गर्दैछ। कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिङ्घेले पनि नयाँ राष्ट्रपतिको निर्वाचन निर्धारित समयमा हुने बताएका छन्। खाद्यान्न र इन्धन अभावका कारण टापुराष्ट्र श्रीलङ्का चरम आर्थिक सङ्कटमा फसेको छ।

# भारतमा बीस हजारभन्दा बढी कोरोना सङ्क्रमित

सिन्ह्वा

नयाँदिल्ली। भारतमा बितेका २४ घण्टामा २० हजार पाँच सय २८ सङ्क्रमित फेला परेका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ। हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ३७ लाखभन्दा बढी पुगेको छ। भारतमा हाल एक लाख ४३ हजार चार सय ४९ जना सक्रिय सङ्क्रमित छन्।

पछिल्लो एक दिनमा १७ हजार चार सय ४७ कोरोना सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३० लाख ८१ हजार चार सय ४१ पुगेको छ। बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट ४९ जनाको मृत्यु भएको छ।

कोरोना महामारीबाट हालसम्म पाँच लाख २५ हजार सात सय नौ जनाको मृत्यु भएको छ। महामारी शुरु भएयता हालसम्म ८६ करोड ८८ लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ। भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको हो।

# खाद्य असुरक्षा कम गर्न जी-२०का नेता सहमत

सिन्ह्वा

जाकाता। ग्रुप अफ २० (जी-२०) का आर्थिक नेताहरुले हाल विश्वमा निकै समस्याका रुपमा देखापरिरहेको खाद्य असुरक्षालाई कम गर्ने विषयमा सहमत भएका छन्।





जी-२० का अर्थमन्त्री र गभर्नरको इन्डोनेसियाको बालीमा सम्पन्न बैठकमा सो निर्णय गरेको हो। जी-२० का अर्थमन्त्री र गभर्नरले अहिलेको अवस्थामा विश्वमा बढ्दै गएको खाद्य असुरक्षालाई कम गर्न र खाद्य सुरक्षाको अवस्थालाई सुनिश्चित गर्न आपसमा समन्वय गरेर काम गर्ने बताएका छन्।

युक्रेन सङ्कट र अन्य कारणले हालैका दिनमा विश्वमा खाद्य असुरक्षा एक ठूलो चुनौतीका रुपमा देखिएको बताउँदै उनीहरुले खाद्य असुरक्षा र यससँग सम्बन्धित अन्य विविध चुनौतीको खोजी गर्ने त्यसलाई कम गर्नका लागिपर्ने बताएका हुन्।

बालीमा सम्पन्न सो बैठकपछि आयोजक राष्ट्र इन्डोनेसियाका अर्थमन्त्री मुल्यानी इन्द्रावतीले भन्नुभयो, हामीले यस विषयमा आवश्यक छफफल गऱ्यौँ, यो समस्या समाधानका लागि हामी सबैको एउटै आवाज हुनेछ।

उहाँले जी-२० मा आबद्ध रहेका सबै देशले खाद्यान्न आपूर्ति व्यवस्थाको सञ्जाललाई आवश्यक मात्रामा सहजीकरण गर्नुपर्ने र हरेक देशको उत्पादन र वितरणको प्रक्रियालाई सहयोग गर्न एक संयन्त्रको विकास गर्नुपर्नेमा पनि जोड दिइएको बताउनुभएको थियो।

# सरकारले आयाल निगमलाई रु. सात अर्ब ऋण दिने

काठमाण्डु । सरकारले पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज तुल्याउन नेपाल आयल निगमलाई रु सात अर्ब ऋण लगानी गर्ने भएको छ।

मन्त्रिपरिषद्को असार ३१ गते बसेको बैठकले पेट्रोलियम पदार्थको मूल्य समायोजन भएका कारण नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी दिनका लागि उक्त रकम दिने निर्णय गरेको हो।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधिमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निगमले इण्डियन आयल निगम कर्पोरेशनलाई भुक्तानी दिन रकम अपुग भएकाले अर्थमन्त्रालयले त्यसबापतको रकम उपलब्ध गराउने निर्णय गरेको जानकारी दिनुभएको हो।



बैठकले पेट्रोलियम पदार्थमा पूर्वाधार करबापत मूल्य समायोजन भएको रुकम रु ५९ करोड ८६ लाख ८० हजार अनुदानस्वरुप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत नेपाल आयल निगमलाई उपलब्ध गराउने निर्णय गरेको छ।

मन्त्रिपरिषद् बैठकले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनको म्याद मन्त्रिपरिषद्बाट निर्णय भएको मितिले दुई वर्ष पथ गने निर्णय गरेको छ। राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कुलदेव थापालाई अतिरिक्त मुख्य अनुसन्धान निदेशक पदमा बढुवा गर्ने पनि बैठकले निर्णय गरेको छ। सरकारले विभिन्न १० वस्तुको पैठारीमा लगाइएको बन्देजलाई भदौ १४ गतेसम्म निरन्तरता दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले बताउनुभयो।

मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरेको छ।

मन्त्रिपरिषदले बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत प्रदान गर्ने र सो रोग नियन्त्रणमा खटाइएकालाई प्रोत्साहन सुविधा प्रदान गर्ने मापदण्ड स्वीकृत गरिएको छ।

त्यसैगरी बैठकले मेलम्ची खानेपानी आयोजनाको सुरुङ परीक्षण गर्ने क्रममा दुर्घटनामा परी दिवङ्गत हुनुभएका इ.सतिशकुमार गोइत र सवारी चालक राधाकृष्ण थापा मगरको परिवारलाई क्षतिपूर्तिस्वरुप रु पाँच/पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ। बैठकले जुरे पहिरोपीडित समुदायका लागि जनस्तरबाट सङ्कलित रकम फुकुवा गर्न स्वीकृत दिएको छ। कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ३५ अनुसार सर्वोच्च अदालतको फैसलाबाट अन्तिम कसुरदार ठहभई भक्तपुर जिल्ला साविक कटुञ्जे गाविस-२ स्थित ४-१-३-० रोपनी जग्गा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिल खारेज गर्ने निर्णय गरिएको छ।

मन्त्रिपरिषद्ले लुम्बिनी गार्डेन फाउण्डेसनले उपलब्ध गराउने प्रस्ताव गरेको जाडेइट स्टोनको बुद्धमूर्ति उपहारस्वरुप स्वीकार गर्ने निर्णय गरेको छ। नेपाल र इटालीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गरेको सरकारले नेपाल र अरब गणतन्त्र इजिप्टबीच जुलाई १६, २००७ मा सम्पन्न भएको 'एग्रिमेन्ट अन इकोनोमी एन्ड टेक्निकल कोअपरेशन' लागू गर्नका लागि नेपालका तर्फबाट अनुमोदनको प्रक्रिया पूरा भएको जानकारी इजिप्ट सरकारलाई लेखी पठाउन परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको छ।

बैठकले प्रधानसेनापति प्रभुराम शर्मालाई यही साउन ९ देखि ११ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा सञ्चालन हुने 'एन्युअल चिफ्स अफडिफेन्स कन्फ्रेन्स-२०२२' मा भाग लिन स्वीकृति दिने निर्णय गरेको छ। श्री नं २७ नम्बर बाहिनी अड्डाका लागि आवश्यक जग्गा प्रचलित कानुनबमोजिम मुआब्जा दिनेगरी प्राप्त गर्न नेपाली सेनालाई स्वीकृति दिइएको छ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा पर्वतका प्रदीप शर्मा पौडेललाई नियुक्त गर्ने निर्णय बैठकले गरेको छ। त्यस्तै नेपालले हुलाक वस्तुको अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि विश्व हुलाका सङ्घले निर्धारण गरेको दरमा नबढ्ने गरी आवश्यकताअनुसार एक वा एकभन्दा बढी हवाई सेवा कम्पनीसँग सम्झौता गरी अन्तर्राष्ट्रिय डाँक ढुवानीको व्यवस्थापन गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अख्तियारी दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ।रासस

# पाटापुरलाई जलवायु अनुकूलताको नमूना गाउँ बनाइँदै

मङ्गलबारे। जिल्लाको रोङ गाउँपालिकालाई जलवायु अनुकूलताको नमूना गाउँ बनाउन काम सुरुआत गरिएको छ। विशेष गरी रोङ-६ को पाटापुरलाई नमूना गाउँ बनाउन विदेशी संस्थासँग सम्झौता भई काम थालनी गरिएको हो।




एक वर्षसम्म सञ्चालन हुने सो कार्यक्रमअनुसार स्थानीयवासीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ। सम्झौताको कार्ययोजनाअनुसार जलवायु अनुकूलन गाउँ निमार्ण गर्न कृषक समूह गठन र दर्ता गने तथा क्षमता अभिवृद्धिका लागि विभिन्न प्रविधि हस्तान्तरण गरिने छ।

त्यस्तै कृषिमा यान्त्रिकीकरण र उत्पादनमा वृद्धि, सिँचाइ सुविधा, बजारीकरण, स्थानीयस्तरमा खानेपानी स्रोतको संरक्षण गुणस्तर मापन तथा सचेतना अभिवृद्धि सुधारिएको चुल्हो प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बो (सुवास)ले बताउनुभयो। उहाँका अनुसार एक वर्षका लागि सञ्चालिन हुन लागेको परियोजना कार्यप्रगतिका आधारमा योजना विस्तार र थप गर्न सकिने भएको छ। रोङ-६ मा अवस्थित पाटापुर छिमेकी देश भारत र छिमेकी जिल्ला झापासँग जोडिएको एउटा विकट र पछाडि परेको गाउँका रूपमा लिइएको छ।

जलवायु परिवर्तनका कारण विश्वमा अनेकन प्रभाव परिरहेको बेलामा जलवायुको अनुकूलताको अवस्थामा स्थानीय नागरिकको आर्थिक र सामाजिक अवस्था सुधार गर्न कार्यक्रम अगाडि बढाएको हो। जसका लागि नामसालिङ सामुदायिक विकास केन्द्र (एनसिडिसी)को समन्वयमा क्यानडाको भारतीय उच्च आयोग स्थानीय विकास कोषको सहयोगमा कार्यक्रम अगाडि सञ्चालन हुने छ।

चालु आर्थिक वर्षमा वैदेशिक सहयोगमा कार्यक्रम सञ्चालन गर्न ५० हजार डलर खर्च गर्ने गरी गाउँपालिका र केन्द्रसगँ सम्झौता भएको हो। यस गाउँलाई नमूनाका रूपमा कार्यक्रम सञ्चालन गरिने छ। कार्यक्रम पूर्णरूपमा सफल भए अन्य गाउँहरूमा समेत सो कार्यक्रम विस्तार हुने जनाइएको छ। कार्यक्रम सञ्चालनपछि जलवायु परिवर्तनलाई न्यूनीकरण हुने गरी विभिन्न कार्यक्रम सञ्चालन हुने छन्। यसले स्थानीयलाई समेत प्रत्यक्ष फाइदा मिल्ने बताइएको छ। रासस

# साउन महिना लागेसँगै चुरा र मेहेन्दीको व्यापारमा वृद्धि

भादगाउ। भक्तपुर नगरपालिका-५ की हिरा श्रेष्ठले दुवै हातका पाखुराभरि हरियो चुरा, घाँटीमा रातो, पहेँलो र हरियो मिश्रित पोते लगाउनुभएको छ। उहाँले दुवै हत्केलामा बुट्टेदार मेहेन्दी पनि लगाउनुभएको छ। त्यसैगरी पहेँलो सारीमा सजिएकी हिराकी साथी सीताले दुवै हातमा हरियो चुरा, गलामा पहेँलो र हरियो मिश्रित पोते लगाउनुभएको छ भने हत्केला र खुट्टा बुट्टेदार मेहेन्दीले भरिएको छ। साउन भने हरियो चुरा र मेहेन्दी लगाउने प्रलचन भने फैलिएको छ।

साथीसँगीका हातमा चुरा र मेहेन्दी देखेपछि रहरले अरुले पनि हरियो, पहेँलो चुरा र हत्केलामा मेहेन्दी लगाउने गरेको आहा कलेक्सनका रेनु मानन्धरले बताउनुभयो। त्यसैले अन्य महिनामा भन्दा साउनमा चुरा, पोते र मेहेन्दीको व्यापार तेब्बर बढ्ने गरेको उहाँले बताउनुभयो।"अहिले त झन फेन्सी डिजाइनको रङ्गीन चुरा र पोते आएको छ, राख्न नपाउँदै विक्री भइहाल्छ', उहाँले भन्नुभयो।



महिनामा विवाहित नारीले हरियो, पहेँलो र रातो रङका पहिरन हरियो चुरा, हातमा मेहेन्दी लगाई सोमबार शिवजीको व्रत बसे श्रीमान्को आयु लामो हुने र आफू पनि सौभाग्यवती हुने भन्ने विश्वासले साउनमा हरियो, पहेँलो पहिरन, चुरा र मेहेन्दी लगाउने फेसन नै चलेको छ। खस आर्य समुदायका महिलाबाट शुरु भएको फेसन अहिले स्थानीय नेवार समुदायका महिलाहरुमा समेत फैलिएको छ। यससँगै श्रृङ्गारका सामग्रीको व्यापार गर्ने कस्मेटिक व्यवसायीको व्यापार पनि बढेको छ।

हिन्दु परम्पराअनुसार साउन १ गते सङ्क्रान्तिको दिन लुतो फालिन्छ। तर पछिल्लो समय लुतो फाल्ने परम्परा हराउँदै गएको छ

सबै देवीदेवतालाई मन पर्ने महिनाका रूपमा साउन महिनालाई लिने भएर महिलाहरुले साउन महिनाभरि हातमा हरियो चुरा र मेहेन्दी लगाउने श्रृङगार कस्मेटिक पसलकी राधा श्रेष्ठले बताउनुभयो।"साउन महिना प्राकृतिकरूपमा हरियो महिना हो। जता गए नि हरियाली नै हरियाली देखिन्छ। त्यसैकारण साउनमा हामी महिलाहरु पनि प्रकृतिसँग जोडिएको हिस्साका रूपमा हरियो चुरा लगाउने परम्परा बसालिएको हो', उहाँले भन्नुभयो,"साउन महिना धार्मिक, साँस्कृतिक र प्राकृतिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छ। हरियो रङ प्रेम र वातावरणको प्रतीक मानिन्छ।' साउनमा विशेषरूपमा मनाउने सोमबार व्रत बस्ने गरेकाले पनि रङ्गीन पहिरनसँगै बजारमा हरियो चुरा, मेहेन्दी र पोतेको व्यापार बढेको उहाँले बताउनुभयो।

पछिल्लो समय साउन महिनामा विवाहित होस् या अविवाहित महिला, सिँगारपटार गरी हातमा हरियो चुरा हत्केलामा र खुट्टामा मेहेन्दीले सजिएर हिँड्नेहरुको कमी छैन। यही कारणले पनि कस्मेटिक पसलहरुमा व्यापार व्यवसाय वृद्धि भएको देखिन्छ। भक्तपुर व्यासीको श्रृङगार कस्मेटिक पसलकी राधाले साउन महिनामा अरु महिनाभन्दा दोब्बर तेब्बरै नै व्यापार हुने बताउनुभयो।"यो महिना महिलाहरुले आफू सुन्दर बन्न कुनै पनि सामान किन्न कन्जुस्याईं नै गर्दैनन्, जति भन्यो त्यति नै तिरेर सामान लान्छन्। अझ फेन्सी प्रकारको नयाँ के समान आएको छ, त्यसको माग गर्छन', उहाँले भन्नुभयो।

उहाँका अनुसार अरुबेला दैनिक दैनिक रु आठदेखि १५ हजारको श्रृङ्गारका सामग्री बेच्ने कस्मेटिक पसलले साउनमा मेहेन्दी, पोते र चुरामात्र दैनिक २५ देखि ५० हजारसम्म व्यापार गर्दछन्।

साउन महिनाका लागि असारको पहिलो हप्तादेखि नै सामान सङ्कलन गर्नुपर्ने राधाले बताउनुभयो।"असार शुरु भएसँगै साउनका लागि सामानको जोहो गर्न सके राम्रै व्यापारसँगै कमाइ पनि हुन्छ, उहाँले भन्नुभयो। साउन महिनामा हरियो चुरा र मेहेन्दी लगाउने एउटा परम्परा जस्तै बनिसकेको छ। हिन्दू संस्कार मान्ने खस आर्य समुदायका महिलाले मात्र होइन अन्य जातजाति, समूहका महिलासमेत यस परम्परामा जोडिएका छन्। हिन्दू धर्मावलम्बीहरुले भगवान् शिवको पूजा आराधना गरी व्रत बस्ने परम्परा भएकोले पनि साउन महिनालाई धर्म र संस्कृतिको पवित्र महिनाका रूपमा लिइने संस्कृतिकर्मीहरु बताउँछन्।रासस

# कहिले आउला बागलुङमा पानी

बलेवा। कहिले आउँछ नगर क्षेत्रमा शुद्ध पानी ? जनताले धमिलो पानी कहिलेसम्म खाने ? नागरिकको स्वास्थ्यप्रति नगरपालिका कहिले संवेदनशील बन्छ ? यस्ता धेरै प्रश्न नगरवासीले पटकपटक उठाउँछन्। नगरका विकास निर्माणमा भन्दा खानेपानी, शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकतामा प्रश्न उठ्ने गरेका छन्।

शनिबार बागलुङ नगरपालिकाले नयाँ जनप्रतिनिधि आएपछि गरेको पहिलो सार्वजनिक सुनुवाइमा पनि यस्तै प्रश्न उठे। बजेट किताब सार्वजनिक र श्वेतपत्र जारी गरे लगत्तै नगरपालिकाले सार्वजनिक सुनुवाइ गर्दा आधारभूत आवश्यकतामा बढी प्रश्न उठेका हुन्। नगर प्रमुख वसन्तकुमार श्रेष्ठले पनि अधिकांश जिज्ञासा र चिन्ता मौलिक हक पालना नभएको पाएकाले नगरपालिका सचेत बनेको बताउनुभयो।

सुनुवाइमा नयाँ जनप्रतिनिधिका थोरै चुनौती र सबैभन्दा बढी बागलुङको खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा प्रश्न उठेका थिए। सुनुवाइमा सहभागी अधिकांशले नगरको खानेपानीमा भएको समस्या तत्काल समाधान गर्न माग गरेका छन्। उनीहरुले नगरपालिकाले खानेपानीको अभिभावकत्व लिनुपर्नेसमेत सुझाए। धौलागिरि अस्पतालमा स्वास्थ्य सेवा प्रभावकारी नभएको, सयौं सेवाग्राहीलाई सामान्य जानकारी दिने काम नभएको, खानेपानीको व्यवस्थापन नभएको र आवश्यक दक्ष चिकित्सक घटेकोसमेत बताए।

नगरपालिकाले सञ्चालन गरेका पूर्वाधार गुणस्तरहीन भएको टिप्पणी सहभागीले गरेका थिए। सदरमुकामदेखि वडा तहमा जोड्ने सडक जीर्ण बन्दै गएकाले पर्यटन, कृषि तथा अन्य क्षेत्रमा पनि प्रभाव परेको गुनासो थियो। "भकुण्डे पर्यटनको आकर्षण केन्द्र हो, यहाँ पुग्न सयौँको मन छ, तर जाने सडक भएन", बानपा-४ का प्रकाश जिसीले भन्नुभयो, "उक्त सडकस्तरीय बन्दा नगरपालिकाले लाखौँ कमाई गर्न सक्छ।" पर्यटकको भीड लाग्दा स्थानीय बासिन्दाले रोजगारी पाउने र उत्पादनले बजार पाउने उहाँको तर्क थियो।

त्यस्तै बलेवास्थित हवाइ मैदान सञ्चालन, निर्माण सम्पन्न भएको बसपार्क व्यवस्थापन गर्नुपर्ने, अदालत चौपारीदेखि तित्याङ जाने सडकको सुरुआत खण्ड असहज भएको, खानेपानीको लिफ्ट योजना बनिरहेको भूगोलमा हुनसक्ने जोखिम घटाउन अहिलेबाटै पहल गरिनुपर्ने धारणा पनि आएका थिए। खानेपानीको मुहान भएका स्थानमा बङ्गुरपालन गरिँदा प्रदूषण बढेको, नदी दोहन रोक्न आवश्यक प्रक्रिया पूरा नभएको, काठेखोलामा जलचरको संरक्षणमा ध्यान नपुगेको जस्ता प्रश्नसमेत उठेका थिए।

सहभागीको जिज्ञासामा नगरप्रमुख श्रेष्ठले प्रश्नको जवाफ दिनुभएको थियो। उहाँले नगरवासीलाई आगामी पुस मसान्तसम्म स्वच्छ र नियमित खानेपानी खुवाउने प्रतिबद्धता जनाउनुभयो। "निर्माणाधीन काम सक्न समय लाग्ने भएकाले केही ढिला हुन्छ, तर काम सक्न चाहिने उपकरणमा नगरपालिकाले सहजीकरण गर्नेछ", उहाँले भन्नुभयो, "अप्ठ्याराहरु फुकाउने काम गर्छौं, तर ठेकेदारले काम समयमा सक्नुपर्छ।" साथै उहाँले लिफ्ट खानेपानीको विकल्पसमेत सोचिसकेको भन्दै कालीगण्डकीको पानीसमेत ल्याउन प्रारम्भिक सर्भे गर्ने बताउनुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले अब समयमा योजना सम्झौता गर्ने, समयमा फरफारक गर्ने पद्दति बसाल्ने बताउनुभयो। उहाँले समयमा काम सक्दा भुक्तानीको समस्या नहुने, अनुगमन प्रभावकारी बन्ने र बेरुजुलगायतका अप्ठ्यारा समयमा फुकाउन सकिने बताउनुभयो। "अब साउनबाटै योजना सम्झौता हुनेछन्, त्यसैले असारमै रातो किताब ल्यायौँ", उहाँले बताउनुभयो, "मङ्सिर मसान्तमा सम्झौता नभए पुसको नगर परिषद्ले रकमान्तरण गरेर अन्यत्र हाल्नसक्ने व्यवस्था छ।" उहाँले रकमान्तरण भएका योजनामा पनि फागुन मसान्तभित्र सम्झौता गरिसक्ने लक्ष्य बनाएको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख राजु खड्का, अस्पतालकी नर्स अधिकृत शान्ति खड्का र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हरिप्रसाद श्रेष्ठले जिज्ञासाको जवाफ दिनुभएको थियो।रासस


## श्री त्रिभूवन आदर्श माध्यमिक विद्यालय

बिन्धी, धनुषा (नेपाल)

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री त्रिभूवन आदर्श मा.वि. बिन्धी नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डवरा (२०७९/४/१ - २०८४ आषाढ मसान्त) ५ वर्षको लागि निम्न सर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्काको लागि फारम भर्न अनुरोध गरिन्छ।

| क्र. सं. | ठेगाना | कि.नं./क्षे.फ. | न्यून्तम वार्षिक रकम | प्रयोजन | टेन्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जि.ध. ज.उ.म.न.पा. २३ | ८२४/- १-१२-१२ | १२१५५२५।- | माछा पालन | ५००/- | २०७९/४/५ २०७९/४/१५ | २०७९/४/१६ विहान १० बजे देखि दिउँसो २:०० बजे सम्म | |
| २ | जि.ध. ज.उ.म.न.पा. २३ | ४७/- ०-१६-१५ | २०५०००।- | माछा पालन | ५००/- | | टेण्डर खुल्ने समय २०७९/४/१६ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बैंकको भौचर।

१. कबोल गरेको ५ वर्षको कूल रकमको ५% रकम विद्यालयको ने.बैगलि. हि.नं. ००८००१००४६४१६४००००१ मा जम्मा गरी सक्ने भौचर।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनु पर्छ।
३. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धनजमानतको आवश्यक कागजातसहित चलन पूर्जिको लागि निवेदन दिनु पर्नेछ। धनजमानी प्रक्रिया समाप्त भए पछि चलन पूर्जीको प्रक्रिया अगाडी बढाइनेछ। समयमा निवेदन नदिए ठेक्काको धरौटी रकम जफत गरी सो भन्दा घटी बालाको नाममा ठेक्का स्वीकृत हुने छ।
४. कवोल गरेको रकमको कम्तीमा तिन वर्ष बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ।
५. पहिलो किस्ता समाप्त हुन १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पूर्जिको लागि निवेदन दिनुपर्ने छ।
६. तीन भन्दा कम टेन्डर भरिएमा टेन्डर खोल्ने मिति सारिनेछ। थप टेन्डर भर्न समय दिइनेछ।
७. विद्यालयको रकम बाँकी र उक्त व्यक्तिसँग कारोवार गरको व्यक्तिको नाममा ठेक्का स्वीकृत हुने छैन।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**सम्पर्क नं.** : ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**


# खेतमा सिक्टाको पानी पुगेपछि किसान हर्षित

राँझा। सिक्टा सिँचाइ आयोजनाको पानी खेतबारीमा पुगेपछि बाँकेको फत्तेपुरका किसान हर्षित भएका छन्। आयोजनाले पूर्वी नहरमार्फत राप्ती सोनारी गाउँपालिका-६ फत्तेपुरस्थित पुरानो नहरमा पानी छाडेपछि रमाएका हुन्। वर्षात् नभएका कारण सहजरूपमा धान रोप्न नसकेको बेला खेतबारीमा सिक्टाको पानी पुगेपछि किसानलाई ठूलो राहत पुगेको राप्तीसोनारी गाउँपालिका-६ का वडाध्यक्ष लवराज खरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्की नभएका कारण उक्त नहर पटक-पटक बन्द हुँदै आएको थियो। किसानको मागअनुसार सिक्टा सिँचाइ आयोजनामा पहल गरेपछि आयोजना कार्यालयले पुरानो नहरमा पानी छाडिदिएको हो। उक्त नहरको पानीले वडा नं ६ र ७ किसानले खेती गर्न सक्नेछन्।

आयोजनाले अगैयास्थित मुख्य बाँधबाट राप्तीसोनारीको बैजापुर, बिनौना, फत्तेपुर हुँदै नरैनापुर गाउँपालिकासम्म राप्ती नदीको पानी पुर्‍याउने लक्ष्यका साथ नहर निर्माणकार्य गरिरहेको छ। यसअघि फत्तेपुरका स्थानीयवासीले पटक-पटक पुरानो नहरको इन्टेकमा कच्ची बाँध बनाएर राप्ती नदीको पानी सञ्चालन गर्न खोजे पनि नियमितरूपमा पानी सञ्चालन हुनसकेको थिएन। सिक्टा सिँचाइ आयोजनाले पहिलोपल्ट पूर्वी नहरमा सात क्युमेक्स पानी छाडेको छ। नहरमा पानी बगेपछि राप्तीसोनारी गाउँपालिकाको फत्तेपुर क्षेत्रका किसानले चार क्युमेक्स पानी पाएको आयोजनाका निर्देशक सन्तोष कैनीले जानकारी दिनुभयो।

उहाँका अनुसार पूर्वी मूल नहरको २४.६ किलोमिटर दूरीसम्म राप्तीको पानी पुगेको छ। यसअघि पश्चिम मूल नहर र राजकुलोबाट पानी छाडिएको थियो। वर्षा नभएका कारण रोपेको धान सुक्न थालेको र कतिपय किसानले रोपाइँ गर्न नपाएका कारण नहरमा पानी छाडिएको हो।रासस

# कृषियन्त्र उपकरण वितरण



**टुडे समाचारदाता**

राजविराज । जिल्लामा वैकल्पिकसिंचाईकोव्यवस्थासहित किसानलाई यान्त्रिक र आधुनिकीकरण गर्ने उद्देश्यका साथ कृषि ज्ञान केन्द्र सप्तरीले ठूलो परिणाममा कृषियन्त्र उपकरण तथा साना सिंचाई स्यालो बोरिङ्ग लगायतका सामग्री वितरण सुरु गरेको छ।

आइतबार कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरी केन्द्रले पावर टिलर, धान र गहुँ काट्ने रिपर मेशिन, स्यालो ट्यूवेल र समरसियल मोटर लगायतका कृषि यन्त्र र उपकरण किसानलाई अनुदानमा वितरण गरेको हो।

वैकल्पिक सिंचाईको व्यवस्था, श्रमिक समस्या समाधान, लागत घटाई उत्पादन वृद्धि र किसानहरुलाई प्रविधि मैत्री बनाउने उद्देश्यले उक्त कार्यक्रम संचालनमा ल्याइएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवले बताए।

आ.ब.०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत कृषि यन्त्र, उपकरण तथा साना सिंचाइ स्यालो बोरिङ्ग समाग्री वितरण कार्यक्रमको शुभारम्भ गरिएको उनको भनाइ छ।

वितरण गरिएका समानहरुमा १८ एचपिको पावर टिलर ४०, ९ एचपीको पावर टिलर ११, स्यालो ट्यूवेल १ सय ७०, समरसियल मोटर ३२, धान गहुँ काट्ने रिपर मेसिन ६ र पावर टिलरमा प्रयोग हुने रिपर ३ थान छन्।

कृषि ज्ञान केन्द्रले सबै स्थानीयतहका कृषकलाई निवेदनका लागि आह्वान गरी छनोटमा परेका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उक्त कृषि यन्त्र र उपकरण उपलब्ध गराएको हो। उक्त सामग्री वितरण गर्दै कार्यालय प्रमुख राजेन्द्र प्रसाद यादवले किसानलाई खेती गर्न सहज हुने बताए। कृषिमा यान्त्रिकीकरण गर्न सके लागत कम हुने र उत्पादन वृद्धि संगै किसानको मुनाफा बढ्ने यादवको भनाइ छ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले गाउँका युवा विदेसिने गरेको र खेतमा काम गर्ने मान्छेको अभावमा कृषकले समस्या भोगिरहेका वेला यस्तो सहयोगले धेरै राहत प्रदान गर्ने बताए। कृषि यन्त्र र उपकरणमा ५० प्रतिशत अनुदानमा पाएपछि किसानहरु पनि निकै खुशी भएका छन्। राजविराज-१२ का कृषक देव नारायण यादवले गाउँघरमा खेतमा काम गर्ने जनशक्ति र हलगोरुको अभावमा समस्या भइरहेका वेला प्राप्त सहयोगले ठूलो मदत गरेको सुनाए।

राष्ट्रिय कृषक समूह महासंघ मधेश प्रदेशका सचिव भुपेन्द्र प्रसाद यादवले प्राप्त कृषि यन्त्र र उपकरणले समय र पैसा दुबैको वचत हुने बताए। उनले किसानहरुमा पछिल्लो समय हाते ट्याक्टर लगायत अन्य आधुनिक कृषि यन्त्र तर्फ आकर्षण बढ्दै गएको बताउँदै यसले लागत कम भइ कृषिजन्य उत्पादन बढाउन निकै सहयोग पुऱ्याएको बताए।

जिल्लामा कुल खेतीयोग्य जग्गा ८१ हजार ६ सय ६८ हेक्टर जग्गा छ। तर श्रमिकको समस्या, मलखाद, बीउ विजनको अभाव, अत्याधुनिक कृषि यन्त्र र उपकरणको अभाव, वैकल्पिक सिचाईको समुचित व्यवस्था हुन नसक्नु लगायतका कारणले उत्पादन वृद्धि उत्साहजनक हुन नसकेको वेला कृषि ज्ञान केन्द्रले गरेको प्रयासबाट कृषि उत्पादनमा वृद्धि र कृषि पेशामा आश्रित कृषक परिवार लाभान्वित हुने विश्वास गरिएको छ।

# गर्मीका कारण जनजीवन कष्टकर

**टुडे समाचारदाता**

जलेश्वर। विगत एक सातादेखि महोत्तरीमा अचाक्ली गर्मी बढेको छ। बिहानैदेखि दिनभरि चर्को घाम लाग्ने, दिउँसो तातो हावा र रातभर घरभित्र गुम्सनुपरेकाले जिल्लावासीलाई कठिन भएको छ।

अहिले दैनिक जिल्लाको तापक्रम ३८/४० डिग्रीसम्म पुग्ने गरेको छ। अत्यधिक गर्मीका कारण विना काम मानिसहरु घर बाहिर निस्कन सकेका छैनन्। गर्मीकै कारण अहिले मजदुरहरु मजदुरी गर्न जाँदैनन् भने घर बाहिरको निर्माणसँग सम्बन्धित कामकाजमा पनि असर परेको छ।

गर्मीका कारण बिहानैदेखि जिल्लाको गाउँ टोल र सहर बजार सबै सुनसान देखिन्छ। गमीले बालबालिका र बृद्धबृद्धालाई बढी असर हुनाका साथै गर्मीका कारण ज्वरो, झाडापखाला, टाईफाईडजस्ता बिरामीको संख्या बढ्दै गइरहेको स्थानीयबासीले बताए।यसैगरी घमौरा र अन्य छालाजन्य रोगले पनि जिल्लाबासीलाई सताउन थालेको छ।

गर्मीका कारण गाउँ गाउँमा रहेका पोखरी, तलाउ, इनार र नदीहरु पनि सुकिसकेकाले मानिससहित पशुपंक्षीलाई खाने पानीको समस्या उत्पन्न भएको उनीहरुको भनाइ थियो।

महोत्तरीमा धान बालीको लागि समेत पानी नपर्दा रोपाई नभएर कतिपय खेती बाँझो रहेको छ भने बजारमा हरियो सागसब्जी पाउन पनि मुस्किल भएको छ।

# प्रदर्शनमा चार जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । विद्यालय आउने र पढाइ सकिएपछि घर फर्किन गरेका विद्यार्थीहरुलाई जिस्क्याउने र दुर्व्यवहार गर्नेहरुमाथि कारवाहीको माग गर्दै आइतबार यहाँका एक निजी विद्यालयका विद्यार्थीहरुले प्रर्दशन गरेका छन्।

राजविराज-७ स्थित नोवेल एकेडमीका विद्यार्थीहरुले यस्तो माग गर्दै प्रदर्शन गरेका हुन्। आक्रोशित विद्यार्थीहरुले जिल्ला प्रहरी कार्यालय अगाडि धर्ना समेत दिएका थिए।

प्रिन्सिपल प्रवीण कुमार ठाकुरका अनुसार लागू औषधको कुलतमा फसेका स्थानीय केही युवाहरुले दैनिक जसो विद्यालय समयमा बाटोमा जम्मा भई छात्राहरुलाई जिस्कयाउने र सोको प्रतिपाद गर्दा छात्र-छात्रामाथि हातपात र धम्की दिने काम गर्ने गरेका छन्।

पछिल्लो समय त आइतबार विद्यालय परिसर भित्रै प्रवेश गरी यस्तो विद्यार्थीमाथि दुर्व्यवहार गर्न थालेपछी शान्तिसुरक्षा माग्दै प्रर्दशन गर्न थालिएको उनले बताए।

प्रहरीले यस्ता गतिविधिमा संलग्न चार जना युवालाई आइतबार नै पक्राउ गरेको छ। डिएसपी माधव प्रसाद काफ्लेले चारै जनालाई हिरासतमा राखी घट्नाबारे अनुसन्धान थालिएको बताए।

उनले पक्राउ परेकाहरु उपर कानून बमोजिम कारवाही गरिने र विद्यालय क्षेत्रमा निगरानी बढाइने आश्वासन दिएपछि आक्रोशित विद्यार्थीहरु धर्ना समाप्त गरी फर्किएका थिए।

# क्षीरेश्वरनाथ नपाद्धारा भैसी वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका किसानलाई भैसी वितरण गरिएको छ । किसानको आयस्तरमा बृद्धि, पोषणमा सुधार र बाहिरबाट आयात हुने दुग्धजन्य पदार्थमा कमी ल्याउने उद्देश्यले नगरपालिकाको वडा नं.१० मा भैसी वितरण गरिएको नगरपालिकाको पशु सेवा शाखाका पशु विकास अधिकृत विष्णुदेव यादवले जानकारी दिए।

आ.व. २०७८/०७९ नगरपालिकामा संचालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाद्वारा संचालित भैसीको पकेट विकास कार्यक्रम अन्तर्गत उक्त भैसी वितरण गरिएको छ । परियोजनाको ५० प्रतिशत र किसानको ५० प्रतिशत लागत साझेदारी भैंसी उपलब्ध गराइएको छ।

वडा नं.१० को हारसरमा १ लाख बरारबरको भैंसी उक्त वडाका ३० जना किसानलाई वितरण गरिएको छ।

पशुपालक किसानलाई सो भैसी नगरपालिकाका नगरप्रमुख सुखदेव यादवले हस्तान्तरण गरेका थिए । नगर प्रमुख यादवले किसानलाई भैसी हस्तान्तरण गर्दै भने, 'यो कार्यक्रमलाई प्रत्येक आ.व.मा क्रमशः सबै वडामा निरन्तरता दिनेछु।' बजेटले भ्याएसम्म वास्तविक किसानको पहिचान गरी उनीहरुको आयस्तरमा वृद्धि हुने उद्देश्यले किसानहरुको लागि यस्ता किसिमको योजना तथा कार्यक्रमहरु ल्याउने समेत प्रतिबद्धता नगर प्रमुख यादवले जनाए । उनले किसानलाई भैसी वितरण मात्रै होईन उक्त भैसीबाट उत्पादन भएका दूधलाई बजारीकरणको समेत व्यवस्था मिलाउन दूध सङ्कलन केन्द्रको स्थापना गरिने बताए । आ.व.२०७८/०७९ मा परियोजनाको २५ लाख कुल बजेट मध्ये १५ लाख बराबरको भैंसी वितरण गरिएको छ। त्यसैगरी बजेटको ५ लाखबाट गोठ निर्माण र बाँकीको ५ लाखबाट कृषकको लागि दुई दिने क्षमता अभिवृद्धि गोष्ठी, घाँसको वीउ वितरण, पशुको वीमा तथा पशु स्वास्थ्य परजीवि नियन्त्रण कार्यक्रम गरिएको छ।

पशुपालक किसानले ५० प्रतिशत अनुदानमा नगरपालिकाबाट भैसी पाएपछि हर्षित भएका थिए।

# मन्दिर परिसरबाट साईकल चोरी

**टुडे समाचारदाता**

राजविराज। राजविराज-७ स्थित प्रसिद्ध हरिनन्देश्वर महादेव मन्दिर परिसरबाट शनीवार मध्यराती साईकल चोरी भएको छ।

मन्दिरका मुल पुजारी महेश्वर भारतीकी १३ वर्षिया छोरी शिक्षाले विद्यालय जान प्रयोग गर्ने गरेकी रेन्जर साईकल चोरी भएको हो। केही दिन अघि मात्र ७ हजार ५ सय रुपैयामा छोरीलाई विद्यालय जान सहज होस भनी मुल पुजारी भारतीले सो साईकल किनिदिएका थिए। खाना खाएर सुतेको वेला ४ फिट अग्लो पर्खाल नाघेर चोरले उक्त साइकल चोरी गरि लगेको उनले बताए।

उनले चोर पत्ता लगाउन आग्रह सहित आईतवार प्रहरीमा उजुरी दिएका छन्। केही दिन यता नगरमा साइकल र मोटरसाइकल चोरीको घट्ना बढेको भन्दै स्थानीयले प्रहरी गस्ती र निगरानी बढाउनु पर्ने माग गरेका छन्।

# स्वाथयकर्मीको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सवारी दुर्घटनामा परेर एक महिला स्वास्थ्यकर्मीको मृत्यु भएको छ। हुलाकी सडक अन्तर्गत सप्तरीको राजगढ गाउँपालिका-५ मलेखपुर खण्डमा शनिबार राति भएको स्कुटी दुर्घटनामा महिला स्वास्थ्यकर्मी ३० वर्षीया राजकुमारी साहको मृत्यु भएको छ।

राति उनी सवार मधेश प्रदेश ०१-००४ प३३४७ नम्बरको स्कुटी अनियन्त्रित भई सो दुर्घटना भएको प्रहरीले जनाएको छ।

डिएसपी माधव प्रसाद काफ्लेका अनुसार दुर्घटनामा गम्भीर घाइते भएकी उनको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार हुन नसकि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो।

साहको शव पोष्टमार्टमका गराई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। सप्तरीको शम्भुनाथ नगरपालिका-१० घर भएकी उनी हाल बलान बिहुल गाउँपालिका ६ स्थित स्वास्थ्य चौकीमा अहेब पदमा कार्यरत थिइन्।



उनको निधनको खबर आएपछि शोक मनाउन आइतबार गाउँपालिका मातहतका सबै स्वास्थ्य शाखाहरुमा बिदा गरिएको गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले जानकारी दिए।

# सवारी साधनको प्रतिवन्धले आम नागरिकलाई सास्ती

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको सदरमुकाम गौर संग जोडिएको नेपाल भारत सीमामा भाडाका सवारी साधनमा लगाइएको प्रतिवन्ध कायमै रहदा सर्व साधारणलाई समस्या उत्पन्न भएको छ।

गौर बैरगनिया नाकामा नीजि सवारी साधन तथा मालबाहक ट्रक निर्वाध रुपमा आवत जावत गरिरहेका भए पनि सार्वजनिक भाडाका सवारी साधनको आवागमनमा रोक लगाइएको कारण सर्व साधारणलाई ओहोर दोहोर गर्न कठिनाइको सामना गर्नु परेको हो।

कोभिड-१९ को पहिलो चरण को बढ्दै गरेको संक्रमण नियन्त्रण रोकथाम गर्ने उद्देश्यले भारत तथा नेपाल सरकारले गरेको सीमा बन्दको असर अहिले सम्म कायमै रहेको छ।

दोस्रो लहर समाप्त भए संगै भारत सरकारले पैदल तथा नीजि सवारी साधनको आवागमनमा सहजता ल्याए पनि गौर देखि बैरगनिया र बैरगनियादेखि गौरसम्म चल्ने टेम्पो, रिक्सा , इ रिक्सा , टंगा लगायतका सवारी साधनमा प्रवेश निषेध कायमै रहदा दुवै देशका नागरिकहरुलाई सीमामा आवागमन सास्ती भोग्नु परिरहेको छ भै रहेका छन्।

ठूल ठूला मालबाहक ट्रकहरु,जयन्तीका सवारी साधनहरु निर्वाध रुपमा ओहोर दोहर गर्ने र भाडा का सवारी साधन प्रति रोक लगाउने भारतीय सरकारको रबैया निन्दनीय रहेको स्थानीयहरुले बताएका छन्।

नेपाल भारत सीमा वीरगञ्जमा सवारी साधन सहज रुपमा आवागमन गर्ने गरेको र अन्य नाकामा रोक लगाएको प्रति दुवै देशका नागरिकहरु असन्तुष्ट देखिएका छन् भने सीमामा सवारी साधनको आवागमन हुनु पर्ने माग समेत गरेका छन्। विवाह , ब्रत बन्ध ,श्राद्ध तथा दैनिक उपभोग्य वस्तु खरिद गर्न जाने सर्व साधारण नागरिकलाई बैरगनियाबाट गौर नेपाल आउदा बोर्डर पारि बाट बोकेर ल्याउने अवस्था रहेको छ।

आम नागरिकले वर्षौ देखि भोग्दै आएका समस्या प्रति संघीय सरकार ,प्रदेश सरकार,स्थानीय सरकार तथा स्थानीय प्रशासन अहिले सम्म कुनै ठोस पहल गर्न सकेको छैन। भारतीय सरकार संग नेपाल सरकारले छलफल गरेर सीमामा भाडाका सवारी साधनको सहज आवागमनको वातावरण बनाउनु पर्ने स्थानीयहरुको माग रहेको छ।

# सप्तरीमा ७५ प्रतिशत रोपाँई

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा ७५ प्रतिशत जग्गामा धान रोपाँइ भएको छ। लामो समय देखि वर्षा न भएपनि जसोतसो सिंचाइ गरेर किसानले जिल्लामा ७५ प्रतिशत रोपाँइ सकाएका हुन । पर्याप्त पानी नपर्दा अहिले सम्म शत प्रतिशत रोपाँइ हुन नसकेको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ। किसानहरुले पर्याप्त पानी नपर्दा र मल खाद समयमै उपलब्ध हुन नक्दा शत प्रतिशत रोपाँइ हुन नसकेको बताएका छन्।

जिल्लामा विगतको वर्षलाई हेर्दा धान रोपाई यस वर्ष राम्रै भएपनि मनसुन ढिलो हुदाँ समस्या भएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवको भनाइ छ। यद्यपि किसानको माग अनुसार मल खाद आयातमा सन्तुलन न हुदा रोपाँइ केही प्रभावित भएको छ। सप्तरीमा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा छ। जसमध्ये ७२ हजार हेक्टर कुल क्षेत्रफल जग्गामा वर्षेधान र ३ सय हेक्टर क्षेत्रफलमा चैते धान लगाउँदै आएको छ। किसानका लागि यहाँ स्थित साल्ट ट्रेडिङ्ग करपोरेशन लि.र कृषि सामग्री कम्पनीका साथै २ सय ५० सहकारी संस्था मार्फत मल



वितरणको व्यवस्था गरिएको छ।

हाल साल्ट ट्रेडिङ्ग करपोरेशन लि.को गोदाममा डिएपी ५ सय ५० मेट्रिक टन र युरिया मल १ सय २५ मेट्रिक टन मौज्दात रहेको बताइएको छ।

यस्तै कृषि सामग्री कम्पनीमा १ सय १२ मेट्रिक टन डिएपी र १ सय ७५ मेट्रिक टन पोटास मौज्दात छन् । जिल्लामा २३ हजार मेट्रिक टन युरिया मल, ११२ हजार मेट्रिक टन डिएपी, ९ हजार २४ मेट्रिक टन पोटास र सुक्ष्मतत्व (जिंक) २ हजार १ सय ८० मेट्रिक टन आवश्यक परे पनि हाल सम्म ती सबै गरी करिब १६ सय मेट्रिक टन मात्र मल खाद उपलब्ध हुन सकेको र थप आउने क्रममै रहेको बाली संरक्षण अधिकृत दिनेश प्रसाद यादवले जानकारी दिए।

वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिंचाईको व्यवस्था मिलाएर रोपाँइ गरिरहेका छन भने कतिपय किसान अझै आकाशे पानीको प्रतीक्षामै रहेको विष्णुपुर गाउँपालिकाका किसान सत्य नारायण रामले बताए।

समयै मल खाद र सिंचाईको ब्यवस्था हुन सके उत्पादनमा वृद्धि हुने र यसमा आश्रित परिवार लाभान्वित हुने भन्दै कृषकहरुले यस तर्फ सरकारको ध्यान जानु जरुरी रहेको बताएका छन्।

# जिल्ला कार्यसमिति गठन




**टुडे समाचारदाता**

कलैया । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) बाराको जिल्ला कार्यसमिति गठन भएको छ।

अनेरास्ववियुको सिमरामा सम्पन्न २३औं अधिवेशनले सम्राट खनाल 'सरोज'को नेतृत्वमा २३ सदस्यीय जिल्ला समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा शंकर यादव, सचिव हरि लामा, सहसचिव निर्जल घिमिरे, बिनिसा अधिकारी, संगिता गौतम र कोषाध्यक्ष मुन्ना तिवारी रहेका छन् । अनेरास्ववियुकी केन्द्रीय अध्यक्ष सुनिता बरालको उपस्थितिमा जिल्ला समिति गठन भएको हो।

यसअघि अधिवेशनको उद्घाटन बरालले गरेकी थिइने। कार्यक्रममा अनेरास्ववियुका पूर्व जिल्ला अध्यक्षलाई सम्मान गरिएको थियो। अनेरास्ववियुका जिल्ला संयोजक श्यामकृष्ण घिमिरेको अध्यक्षतामा अधिवेशनको उद्घाटन सत्र सम्पन्न भएको थियो। अधिवेशनको बन्दसत्रमा संगठनको प्रतिवेदन पारित गर्दै नयाँ नेतृत्व चयन गरिएको हो।


# राजनीतिक एपको आज शुभारम्भ हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । राजनीतिक एपको सोमबार शुभारम्भ गरिने भएको छ। सोमबार एक कार्यक्रमका बीच शुभारम्भ गरिने एप निर्माता प्रवीणकुमार साहले जानकारी दिएका छन्।

नेपालमा धेरै राजनीतिक परिवर्तनहरु भए तर देश विकास हुन नसकेको तथा कुन नेताले कुन कार्यक्रममा सहभागी भए, कता रिबन काटे भन्ने मा मात्रै सीमित रहेको कुरालाई चिर्दै नयाँ प्रकारले समाजमा कसरी आफ्नो कुरा राख्न सकिन्छ तथा सम्बन्धित पक्ष समक्ष कसरी आफ्नो कुरा पुऱ्याउन सकिन्छ यो एपले मद्दत गर्ने निर्माता साहले जानकारी दिए। आफ्नो निर्वाचन क्षेत्रमा देखिएका समस्या र समाधानको उपाय सजिलै सबै सामु राख्न र छलफल गर्न साझा चौतारीको रूपमा यो राजनीतिक एप ल्याएको उनले जानकारी दिए।

राजनीति दलका उम्मेदवार, स्वतन्त्र उम्मेदवार तथा सामान्य नागरिकले समाजमा देखिएका सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका समस्या र समाधानको उपाय सेयर गर्न र छलफल गर्न सबैको साझा थलोको रूपमा यस एपलाइ ल्याएको उनले जानकारी दिए । देशको



विकास र समृद्धिका लागि योजना, नीति र कार्यक्रम पनि यस एप्स मार्फत सार्वजनिक गर्न, छलफल गर्न र अभिलेखीकरण गर्न मद्दत गर्ने उनले वताए। यो एप्स मार्फत देश बनाउने योजना, नीति र कार्यक्रम सबैसामु कुनै कार्यक्रम नगरी घरमा, अफिसमा वा यात्रारत् अवस्थाबाटै सार्वजनिक गर्न सक्ने लगायतका विशेषताहरु रहेको छ।

यो एप्स उपयोग गर्न राजनीतिक विचार र आस्थाकै कारण विभेद हुनेछैन । बरू आफ्नो विचार र आस्था मिल्नेसँग मात्रै वा नमिल्नेसँग पनि आफ्नै निर्वाचन क्षेत्रका उम्मेदवार र नागरिकसँग छलफल गर्न सकिने जनाइएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८